श्री वेंकटेश्वर (वालाजी) को
जीवन कथा



-लेखक बाबुराम आचार्य

गोरखा

माता पद्मावती



नेपाल सरकार
संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय

नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालय

.........रचना.....दर्ताको

प्रमाण-पत्र संख्या :- र.द. ३२५

प्रमाण-पत्र

प्रतिलिपि अधिकार नियमावली, २०६१ बमोजिम तपाईको नाममा देहायको विवरण भएको ... रचना ... दर्ता गरी तपाईलाई यो प्रमाण-पत्र प्रदान गरिएकोछ ।

१. रचयिताको नाम : श्री बाबुराम आचार्य
२. ठेगाना : गोरखकालि-३, गोरखा, (बालाजु-१६, गणेशमार्ग, काठमाडौ)
३. नागरिकता : नेपाली
४. जन्म मिति: २००१।६।२५ (वि.सं.)
५. रचना भए :-
   (क) नाम र पृष्ठ : श्री वेंकटेश्वर (बालाजी) को जीवन कथा, पृष्ठ १३२ (गाता सहित)
   (ख) भाषा : नेपाली
   (ग) रचना पूरा भएको मिति : २०६४।४।१५ (वि.सं.)
   (घ) रचना पहिले प्रकाशन भएको देश र मिति : नेपाल, २०६४।४।१५ (वि.सं.)
   (ङ) प्रकाशन संख्या : ५०० प्रति
   (च) अन्य कुरा :
६. ध्वनिअङ्कन, प्रस्तुति वा प्रसारण भए सो सम्बन्धी विवरण
७. अन्य विवरण :
   (क) प्रकाशक : एक डीमा प्रतिष्ठान
   (ख) मुद्रक : बागमती प्रिन्टिङ प्रेस, त्रिपुरेश्वर, काठमाडौ
   (ग) मूल्य : नेरू २००।- (भारू १३०।-)

कार्यालयको छाप

प्रमाण-पत्र दिने अधिकारीको
सही :
नाम : जनाजय रेग्मी
पद : रजिष्ट्रार
मिति : २०६४।५।२

पुस्तकालय

पु.पु. ३८४६

Government of Nepal

Ministry Of Culture, Tourism & Civil Aviation

NEPAL COPYRIGHT REGISTRAR'S OFFICE

Certificate of Registration of ......*Work*......

Certificate No.: R.N. 325

As the ... *Work* ... containing the following details has been registered in your name under the Copyright Rules, 2004, and therefore, this certificate has been issued to you.

1. Name of the author : *Mr. Babu Ram Acharya*
2. Address: *Gorakhkali-3, Gorkha (Balaju-16, Ganeshmarga, Kathmandu)*
3. Citizenship: *Nepali*
4. Date of birth: *2001/6/25 (B.S.)*
5. In case of a work:
   - (a) Name and pages: *Shree Venkateshwor (Balajee) Ko Jeevan Katha, 132 Pages (With Cover)*
   - (b) Language: *Nepali*
   - (c) Date of completion of the work: *2064/4/15 (B.S.)*
   - (d) Country and date where the work was published for the first time: *Nepal, 2064/4/15 (B.S.)*
   - (e) Number of copies published: *500 Copies*
   - (f) Other matters:
6. In case of sound recording, performance or broadcasting, details thereof:
7. Other Details:
   - (a) Publisher : *Ek Heema Pratisthan*
   - (b) About Report : *Charumati Printing Press, Tripureshwor, Kathmandu*
   - (c) Price : *NRs. 200.00 (IC 130.00)*

Seal of the Office

Certifying Authority's

Signature:

Name: Janma Jaya Regmi

Designation: Registrar

Date: August 26, 2007

श्रद्धेय स्वर्गीय पिता एकदत्त आचार्य
तथा
माता हीमादेवी आचार्यप्रति हृदय देखिनै
सादर समर्पित

प्रकाशक : एक हीमा प्रतिष्ठान

सम्पर्क स्थान : बालाजु रिङरोड, गणेश मार्ग
फोन: ४३५०७९६, ४३५१०२५

सर्वाधिकार सुरक्षित लेखकमा

मुद्रण तथा सम्पादन : श्रीमती उमादेवी आचार्य

कम्प्यूटर ले-आउट : सनोज शाक्य

मुद्रक : चारुमति प्रिन्टिङ प्रेस
त्रिपुरेश्वर, काठमाडौं
फोन: ४२२९८६७

मूल्य : भा.रु. १३०।-
ने. रु. २००।-

NEPAL SANSKRIT UNIVERSITY
Acc 9238

मेरा दुई विनम्र शब्दहरू

भगवान परमेश्वर श्रद्धेय वेंकटेश्वर भगवानको असीम, निगाहले गतसाल भाद्र महिनामा भगावन प्रभुको दर्शन गर्ने अवसर मिल्यो ता पनि साथमा जाने समूहहरूमा ठाउँको अज्ञानताले धेरै कठीनाई भोग्न पर्‍यो । जानी न जानी वेंकटाचलका सबै स्थान र आस पासका तीर्थस्थलहरू र रामेश्वर कन्या कुमारी आदि विभिन्न ठाउँ समेतमा दर्शन गर्‍यो ।

सम्पूर्ण पाठक वर्गहरूमा यही नै अनुरोध छ कि यो किताब त्यस तर्फ जानु पूर्व अध्ययन गर्नु ज्यादै उपयुक्त र श्रेयस्कर भएको मैले बुझें । भगवानको दर्शन तीर्थाटन गर्न जाने भन्नाले विद्वान पढेलेखेका व्यक्तिले मात्र नभै सर्वसाधारणलाई पनि त्यसतर्फ जाने इच्छा भै हाल्दछ । यस पुस्तकमा वर्णन भएका तीर्थस्थल र देवस्थलको अध्ययन भै गएमा जान आउनुमा समेत खर्चमा धेरै मितव्ययिता हुने हुँदा सबै पाठक वर्गले मूल्यको प्रवाह नगरि एक पटक यो पुस्तक अध्ययन गरि त्यस तर्फ जानुहुने सविनय अनुरोध गर्दछु ।

हुन त मेरा धनिष्ठ इष्ट मित्र र मेरै दुई छोराहरू डाक्टर छन् ता पनि भगवत् दर्शन अध्ययन अध्यापनमा धेरै भिन्नता आउँछ जानु र आउनु मात्र नै तीर्थटन होइन जुन ठाउँमा गइन्छ त्यस ठाउँको दृश्यावलोकन मनमा लिई गएमा भगवत् दर्शन अन्तर आत्माले नै आत्म सात् गरेको प्रत्यक्ष अनुभव गरेको मान्नु पर्दछ । अत अन्त्यमा पुन निवेदन गर्दछु । यो श्री वेंकटेश्वर वालाजीको संक्षेपमा लेखिएको जीवन कथाको पुस्तकमा जुन वर्णन गरिएको छ त्यो प्रत्यक्ष्य प्रमाणित भएको मानि अध्ययन गर्न पुन पाठक वर्गमा शिर निहुर्‍याई विनम्र अनुरोध गर्दछु । ॐ शान्ति शान्ति शान्ति । अस्तु

भवदीया
श्रीमती उमादेवी आचार्य
समाज सेवीका

शुभकामना

प्रस्तुत श्री वेंकटेश्वर वालाजीको संक्षेपमा लेखिएको जीवन कथा पुस्तक प्रकाशन पूर्व नै भूमिका लगायत समग्र अध्ययन गर्ने अवसर मिल्यो । पुस्तक अध्ययनका क्रममा एक पटक अध्ययन गरेर मात्र पुस्तकमा प्रदर्शन गर्न लागिएको विषय वस्तुको सार पाउन धेरै गाह्रो मैले महशुस गरे वरावर अध्ययन गर्दा मात्र यस्को सार बुझ्न सकिने कुरा मैले जाने । यस्मा शिक्षा, कल्प, व्याकरण १४ विद्या र अलंकार अनुप्रास यमक आदि छन् र भाव विभाव अनुभाव संचारी भाव शृङ्गार वीर करुण आदि गरेका रसले पनि विभूषित भएको पाइन्छ। यस्तो उच्च दर्जा मा पाइला टेकेको लेख अध्ययनमा विशेष योग्यता हासिल गरेका व्यक्तिले मात्र जान्न बुझ्न सक्ने कुरा महशुस गरेकोछु ।

परमेश्वरको गुणानु वाद गर्नु नै मानिसले गरेको तपस्या र वेद शास्त्र अध्ययन यज्ञ याग सुक्त पाठ ज्ञानवान प्रवृत्ति पूण्य कर्मको अभिनाशी फल हो भनी विद्वानहरूले निर्णय गरेका छन् भनिएको भन्ने कुरा शास्त्रमा उल्लेख छ । परमेश्वरले दिएको वाणिले परमेश्वरको गुण कीर्तन गरिनु पर्दछ यदि कीर्तन गरिएन भने त्यो त प्रलाप मात्र हो । रुप न हुने नाम न हुने न जन्मने सदा रहने चैतन्य रुप, अलौकिक रुप कसैका नेत्रादिले नभेट्टाउने ठाउँमा रहने सबै सबैमा रहेका सर्वमय भएका पूर्ण प्रभुता पूर्ण शक्ति पूर्ण यश पूर्ण श्री पूर्ण ज्ञान पूर्ण वैराग्य यति भएकालाई भगवान भनिन्छ भनि भनिएको छ । यस्तै भावाभावले परिपूर्ति भएको पुस्तक अनिवार्य अध्ययनको आवश्यकता मैले महशुस गरेको छु । पुस्तक विस्तारित हुन पाठकवर्गहरूमा अध्ययन बढी चाडै नै दोस्रो संस्करण पाठक वर्ग सामु आओस भन्ने शुभ कामना व्यक्त गर्दै मेरो छोटो कथन अन्त्य गर्दछु । अस्तु

विनिता
कविता रिजाल
वरिष्ठ समाज सेवीका

बाबुराम आचार्य

जन्म मिति २००१ आश्विन ६ गते
एम.ए. नेपाली, एम.ए. प्राचीन इतिहास
कौडण्य गोत्रिय यज्ञ यज्ञादि र तीर्थाटनमा अभिरुचि
जन्म स्थान गोरखा धारा पानी
पिता एक दत्त आचार्य, काका फणीन्द्र मणि आचार्य
पिता मह डण्ड पाणि आचार्य
माता हिमादेवी आचार्य

श्रीमती उमादेवी आचार्य

जन्म मिति २००७ साल आसोज १५ गते
जन्म स्थान तनहूँ चूदी, सिमपानी
यज्ञ यज्ञादि र तीर्थाटन एवं भजन कीर्तनमा अभिरुचि

विषय सूची

क्र.सं.	शिर्षक	पृष्ठ
१.	मङ्गला चरण	१
२.	भूमिका	३
३.	सत धर्म	९
४.	श्रद्धा	१४
५.	सतविचार	२०
६.	सुप्रभात स्तोत्र व्याख्या	२६
७.	सुप्रभात स्तोत्र (टीका)	२८
८.	तिरुपति वालाजी	४४
९.	वेंकटेश्वर मन्दिर	४७
१०.	श्री गोविन्द राज स्वामी मन्दिर	४७
११.	श्री कपिलेश्वर स्वामी मन्दिर	४८
१२.	श्री कल्याण बेंकटेश्वर स्वामी मन्दिर	४८
१३.	नारायण मनम्	४८
१४.	श्री कोदन्डारामा स्वामी मन्दिर	४९
१५.	चन्द्रा गिरी	४९
१६.	कलहस्थी	४९
१७.	अगस्त्या स्वामी मन्दिर	५०
१८.	होटसे हिल	५०
१९.	भक्त कन्नप्पाको मन्दिर	५०
२०.	नगला पुरम	५१
२१.	कैलाश कोना वाटर फल	५२
२२.	यातायातको सुविधा	५२
२३.	रेल सुविधा	५२
२४.	सडक मार्ग	५२
२५.	पुट्टापर्ति साईकेन्द्र	५३
२६.	तिरुपति वालाजीको जीवन वृतान्त	५६
२७.	नारद ऋषि सत्यलोकमा ब्रह्माजीको दर्शन	५७
२८.	मुनिवर नारदजीको मनमा उब्जेका कुरा व्यक्त	५७
२९.	भृगु ऋषिले ब्रह्मदेवलाई परीक्षा गरेको	५९
३०.	भृगु महर्षिले कैलासमा महादेवको परीक्षा गरी श्राप दिएको	६०
३१.	भृगु ऋषि श्री विष्णुको परीक्षा गरि वक्षस्थलमा लात्ताले हिर्काए	६१
३२.	लक्ष्मी श्री हरिसंग रिसाई भूलोक पुग्नु भयो	६२
३३.	श्री हरि लक्ष्मीलाई खोज्दै भूलोकमा प्रवेश	६४
३४.	नारद लक्ष्मीलाई श्री हरिको वारेमा वताए	६५
३५.	ब्रह्मा, महेश्वर, गाई र वाच्छोको रुप धारण गर्नु	६५
३६.	लक्ष्मी गाई र वाच्छो चोल राजालाई विक्री गर्नु	६६
३७.	दुलोमा वसेका श्री हरिलाई गाईले लुकेर दूध दिनु	६७
३८.	चोल राजालाई श्री हरिले श्राप दिनु	७८

३९. चोलराजालाई श्राप दिइ श्री हरिले चोल राजालाई श्राप विमोचन वताउनु ६८
४०. भूवराह मूर्तिको वृत्तान्त ६९
४१. वकुलादेवीको पूर्व जन्मको वृत्तान्त ७०
४२. श्री हरि वराह स्वामीको वस्ने ठाउँ मागे ७२
४३. आकाश राजको वृत्तान्त ७३
४४. आकाश राजाले पुत्र कामेष्टि यज्ञ गर्नु ७३
४५. पद्मावतीको पूर्व जन्म वृत्तान्त ७४
४६. वेद वतीलाई वरदिए सीतारामले ७६
४७. नारद महर्षि पद्मावतीलाई भविष्य वताए ७७
४८. श्री निवास शिकार खेल्न गए ७८
४९. पद्मावती वन विहारमा श्री निवासलाई ढुङ्गा हिर्काउनु ७९
५०. वकुल माताद्वारा श्री निवास आफ्नो मनका कुरा भन्नु ८०
५१. पद्मावतीका बीरह वेदना ८२
५२. किरातिनीको रुपमा श्रीनिवास पद्मावतिको भविष्य वताउछन् ८३
५३. श्री निवासका वारेमा आकाशराजासंग घरणी देवी विचार विमर्श गर्नु ८४
५४. दूत वनेर वकुलादेवी आकाश राजा कहाँ पुग्नु ८४
५५. आकाशराजाले शुक मुनिलाई वोलाए ८५
५६. शुभ लेख विशेषता ८६
५७. शुक मुनि शुभलेख लिएर जानु ८६
५८. श्री निवासले आकाश राजालाई पठाएको जवाफ ८७
५९. श्री निवासले कुवेरसंग कर्जा लिनु ८८
६०. श्री निवासको बिवाह सम्पन्न प्रयत्न ८९
६१. आकाश राजा श्री निवासलाई स्वागत गर्नु ९१
६२. पद्मावती श्री निवासको कल्याण महोत्सव ९१
६३. आकाशराजाले पद्मावतीलाई श्री निवासका हातमा दिए ९२
६४. श्री निवास अगस्त्य ऋषिका आग्रहले उनैको अतिथिवने ९३
६५. आकाश राजाको मोक्ष प्राप्ति ९३
६६. लक्ष्मी र पद्मावती दुवैलाई श्री निवासका आदेश ९८
६७. लक्ष्मी पद्मावती दुवैलाई श्री निवासका वक्षस्थलमा प्रवेश गर्नु ९९
६८. श्री निवासका गलामा वकुलामाता तुलसी मालावनाई रहिन १००
६९. पर्वतहरूको नाम १०१
७०. हाथीराम वावाजीको कथा १०२
७१. तीर्थ महिमा १०५
७२. प्राचीन मुख्य तीर्थ १०७
७३. तिरुपति क्षेत्रमा नै कलियुगका वैठक ११०
७४. अन्त्यमा १११
७५ श्री वेंकटेशाष्टोत्तर शत नामावली ११३
७६. श्री लक्ष्मी अष्टोत्तर नामावली ११५
७७. श्री वेंकटेश्व चतुश्लोकी सुप्रभातम् ११७
७८. श्री वेंकटेश्वर आरती पद्यम् ११८
७९. श्री वद्धाञ्जली प्रार्थना स्तुति पद्यम् ११९
८० अहङ्कारी मानव अलंकारहीन बन्छ १२०

३९. चोलराजालाई श्राप दिइ श्री हरिले चोल राजालाई श्राप विमोचन वताउनु
४०. भूवराह मूर्तिको वृत्तान्त ६८
४१. वकुलादेवीको पूर्व जन्मको वृत्तान्त ६९
४२. श्री हरि वराह स्वामीको वस्ने ठाउँ मागे ७०
४३. आकाश राजको वृत्तान्त ७२
४४. आकाश राजाले पुत्र कामेष्टि यज्ञ गर्नु ७३
४५. पद्मावतीको पूर्व जन्म वृत्तान्त ७३
४६. वेद वतीलाई वरदिए सीतारामले ७४
४७. नारद महर्षि पद्मावतीलाई भविष्य वताए ७६
४८. श्री निवास शिकार खेल्न गए ७७
४९. पद्मावती वन विहारमा श्री निवासलाई ढुङ्गा हिर्काउनु ७८
५०. वकुल माताद्वारा श्री निवास आफ्नो मनका कुरा भन्नु ७९
५१. पद्मावतीका बीरह वेदना ८०
५२. किरातिनीको रुपमा श्रीनिवास पद्मावतिको भविष्य वताउछन् ८२
५३. श्री निवासका वारेमा आकाशराजासंग घरणी देवी विचार विमर्श गर्नु ८३
५४. दूत वनेर वकुलादेवी आकाश राजा कहाँ पुग्नु ८४
५५. आकाशराजाले शुक मुनिलाई वोलाए ८४
५६. शुभ लेख विशेषता ८५
५७. शुक मुनि शुभलेख लिएर जानु ८६
५८. श्री निवासले आकाश राजालाई पठाएको जवाफ ८६
५९. श्री निवासले कुवेरसंग कर्जा लिनु ८७
६०. श्री निवासको बिबाह सम्पन्न प्रयत्न ८८
६१. आकाश राजा श्री निवासलाई स्वागत गर्नु ८९
६२. पद्मावती श्री निवासको कल्याण महोत्सव ९१
६३. आकाशराजाले पद्मावतीलाई श्री निवासका हातमा दिए ९१
६४. श्री निवास अगस्त्य ऋषिका आग्रहले उनैको अतिथिवने ९२
६५. आकाश राजाको मोक्ष प्राप्ति ९३
६६. लक्ष्मी र पद्मावती दुवैलाई श्री निवासका आदेश ९३
६७. लक्ष्मी पद्मावती दुवैलाई श्री निवासका वक्षस्थलमा प्रवेश गर्नु ९८
६८. श्री निवासका गलामा वकुलामाता तुलसी मालावनाई रहिन ९९
६९. पर्वतहरूको नाम १००
७०. हाथीराम वावाजीको कथा १०१
७१. तीर्थ महिमा १०२
७२. प्राचीन मुख्य तीर्थ १०५
७३. तिरुपति क्षेत्रमा नै कलियुगका वैठक १०७
७४. अन्त्यमा ११०
७५ श्री वेंकटेशाष्टोत्तर शत नामावली १११
७६. श्री लक्ष्मी अष्टोत्तर नामावली ११३
७७. श्री वेंकटेश्व चतुश्लोकी सुप्रभातम् ११५
७८. श्री वेंकटेश्वर आरती पद्यम् ११७
७९. श्री वद्धाञ्जली प्रार्थना स्तुति पद्यम् ११८
८० अहङ्कारी मानव अलंकारहीन बन्छ ११९
.... १२०

मङ्गला चरण

वर्णनामर्थ संधानां रसानां छन्दसामपि ।
मङ्गलानाम चकर्तोरो वन्दे वाणि विनायकौ ॥१॥

शब्दार्थ

अक्षरहरू अर्थ समुह रस छन्द र मङ्गल गर्ने भएका सरस्वती र गणेश जी लाई नमस्कार गर्दछु ।

पद्मावती वैंकटेश्वारौ वन्दे श्रद्धा विश्वास रुपिणौ ।
या भ्यां विना न पश्चन्ति सिद्धाः स्वान्त : स्थमी श्वरम् ॥२॥

शब्दार्थ

श्रद्धा र विश्वासको स्वरुप भएका श्री पद्मावती र वैंकटेश्वर मा नमस्कार गर्दछु । जस विना सिद्धजनहरू आफ्नो अन्तस्करण मा रहेका इश्वर पनि देख्न सकिदैन ।

वन्दे वोध मयं नित्यम् गुरुं वैंकटेश्वर रुपिणम् ।
यथाश्रितो हि स्थिरोऽपि सुदर्शन सर्वत्र पुज्यते ॥३॥

शब्दार्थ

ज्ञान मय नित्य वैंकटेश्वर रुपि गुँरुमा नमस्कार गर्दछु जसको आश्रय भएपछि स्थिर भैरहेको सुदर्शन चक्रपनि जतातते पूजित हुन्छ ।

पद्मावती वैंकटेश्वर गुण ग्राम पुण्यारण्य विहारिणौं
वन्दे विशुद्ध विज्ञानौ धरणीं गोविन्देऽपि श्वरौ ॥४॥

शब्दार्थ

पद्मा वती वैंकटेश्वर को गुण समुह रुप पवित्र वन मा विहार गर्ने भएका र विशुद्ध विज्ञान सम्पन्त धरनीदेवी र गोविन्द स्वामी महाराजजी मा वन्दना गर्दछु ।

उद्धव स्थिति संहार कारिणी क्लेश हारिणीम ।
सर्व श्रेय स्करी पद्मावती नतोऽहं वैंकटे वल्लभम् ॥५॥

शब्दार्थ

उत्पति स्थिति संहार गर्ने भएका दुःख नाश गर्ने सबैक कल्याण गर्ने भएका श्री वैंकटेश्वरका प्रिय तमा पद्मावर्ती देवीलाई म नमस्कार गर्दछु ।

यन्माया वशवर्ती विश्वमखिलं व्रह्मदि देवासुरा ।
यत्सत्वाद मृषैव भाति सकल रज्जौ यथाहे भ्रम ।
यत्पाद प्लव मेक मेव हि भवाम्भौ धोस्ति तीर्षा वतं ॥
वन्देऽहं तमशेष कारण परंश्री वैंकटेश्वरं हरिम् ॥६॥

शब्दार्थ

जस्का माया ले वशिभूत भएको सर्म्पुण संसारका व्रह्मादि देवता र दैत्यहरू हुन् । जस्का प्रभावले डोरी मा सर्प को भ्रम भै रहने यो सारा संसार सत्यनै प्रतीतहुन्छ । जस्का चरण नै भव सागर तर्न इच्छा गर्नेहरू का लागि एक मात्र ढुङ्गा हो । यिनै सवै कारणले म श्री वैंकटेश्वर भनीकहलिएका भगवान् श्री हरिलाई नमस्कार गर्दछु ।

नाना पुराण निगमा गम सम्मतं यद ।
श्री वैंकटेश्वर महात्म्य निगदितं कश्चितऽन्य तोऽपि ।
स्वात सुखाय पद्मप्रसादेन वैंकटेश्वर गाथा ।
भाषा निवन्ध मति मञ्जुल मातनोति ॥७॥

शव्दार्थ

अनेक पुराण वेद तन्त्र तन्त्रशत्र सम्मत तथा जुन वैंकटेश्वर महात्यमा वर्णन छ केहीं अन्यत्रबाट पनि उपलब्ध भएका छन् । श्रीवैंकटेश्वर कथा पद्म प्रसाद आचार्य आफ्ना अन्तस्कारण सु-ख का लागि ज्यादै मनोहर भाषामा रचना गरि विस्तृत व्याख्या गर्नुभएको छ ।

अस्तु

भूमिका

सत्यलाई समुद्घाटन गरी ज्ञानलाई आत्मसात गर्नु नै विज्ञान हो। बैदिक सनातन धर्मको क्रमवद्ध अध्ययन गरी अगाडि वढ्नु नै धर्म विज्ञान हो। जुन धर्म तथा ईश्वरलाई हामीले आफ्नो समाजरुपी शरीरको मेरुदण्ड सम्झेका थियौं, त्यसै धर्मको आवश्यकता तथा इश्वरको अस्तित्वलाई आफ्नो शिक्षित समुदाय सामु स्वीकार गर्न युवावर्गलाई लाजको अनुभव भएको देखिन्छ। अत: धार्मिक भावनाको उपेक्षा गर्नु नै हाम्रो अनुशासन हीनता तथा नैतिक स्तरको ह्रासको प्रमुख कारण हो। चाहे जे सुकै होस् अनादिकाल देखि नै धर्मको नियम सम्पूर्ण क्षेत्रहरूमा फैलिरहेको छ। जसरी विभिन्न अंगहरूमा रगत जस्तै। रक्तहीन शरीरको कल्पना गर्नु नै वेकार हुन जान्छ भने यसरी नै धर्म निरपेक्षताको परिकल्पना गर्नै सकिन्न।

गीतामा श्रीभगवान् श्रीकृष्णले भन्नु भएको छ। *"दिव्य ददायिते चक्षु: पश्य मे योगं मैश्वरम्"* जसरी बुद्धि एवं वाणी भन्दा पर रहेर पनि विशुद्ध बुद्धि बाणिमा आउन सक्छन्। त्यसै अनुरुप चक्षु श्रवण र दर्शनका क्षेत्रमा पनि आउन सक्छन्। त्यसै सवैथोक उनै भगवान् हुन हामी केवल उनको चिन्तन र कथन मात्र गर्न सक्तछौं। उनलाई न देख्न न उनको वाणि सुन्न सकिन्छ। रुप अनेक स्वर अनन्त भगवान्का स्वरुप वा वाणिलाई सर्वोत्तम मान्नु मनुष्यको मिथ्याभिमान मात्र हो। संसारका अपौरुषेय ग्रन्थहरूमा नै उनैका वाणिबाट पहिचान भएका छन्। यही रहस्य बुझि शरीर मन इन्द्रियलाई शुद्ध पारौं मन भन्दा आश्चर्यजनक वस्तु हो प्रेम, यो प्रेम कहाँबाट उर्लन्छ। प्रेमास्पदलाई सुखी सुरक्षीत एवं *निर्मुक्त* गर्नका लागि आत्मोत्संर्ग गर्न दिव्य आनन्दद्वारा अनुभव गर्छन्। साच्चै नै भन्ने हो भने व्यक्तिगत अनुभवका विषय यति गुह्य र गोपनिय हुन्छ भन्ने कुरा कसैसंग आलोचना गर्ने प्रवृत्ति नै हुंदैन। मुक्ति एवं विचारको प्रमुख काम हो असम्भावनालाई पारस्पर गराउनु हाम्रो हृदय प्रिय वचन सुनेर जुनसुकै विषयमा पनि श्रद्धाशील हुन्छ। त्यो अलौकिक होइन अपितु सम्भावनीय हो। साधन प्रणालिमा योग नै सर्वप्रधान हो। कर्मज्ञानभक्ति आदि सहायक साधनहरू हुन। ज्ञाता र ज्ञय वीचको भ्रामक भेद हटेपछि विशुद्ध ज्ञानका आंकाशमा चैतन्य ज्योती स्वयम् प्रतिष्ठित भै स्वप्रकाश रुपमा विद्यमान हुन्छ। यसैले तर्क वितर्कको जालबाट शंका उपशंकाका जालबाट मुक्त हुनका लागि एक साधनमा लीनभई हाल्नु

पर्दछ। यसैमा कल्याण छ। हाल संसारका सबै राष्ट्रहरूमा चोरी भुट नयाँ नयाँ किसिमका व्यभिचार हत्या छलकपट आदिको बोलवाला वढेको छ। यसलाई नियन्त्रण गर्न जति सुकै नयाँ नियम कानून वनाएर खरावी माथि रोक लगाउनु खोजे पनि भनभन नयाँ अपराधी कृया वढ्दैगएको पाईन्छ। यसलाई जरैदेखि उखेलेर फाल्न सबै वर्ग तंसिनु पर्दछ। यदि हामीमा आफ्नो पूर्खाको उज्वल कीर्तिमा गर्व गर्न सकिदैन र अर्काको अन्धाधुन्ध अनुकरणमा पछि लाग्ने वानि किन लिनु पर्‍यो। यो आफैं विचार गर्नु पर्ने हुन्छ। अब प्रश्न उठ्छ, धर्म र ईश्वर मान्नु पर्ने कारण किन यो एउटा जटिल प्रश्न हो। ईश्वरलाई किन मान्ने भोजन किन गर्ने आदि कुराको उत्तर पनि यिनै हुन्। ईश्वरले हरेक किसिमको कष्टको निराकरण गर्नको लागि सहायक वाटो खोज्दछ। भोकको कष्टले भोजन गर्नलाई बिवश पार्दछ। भने जस्तै पानी पिउनु सास फेर्नु आदि विषयलाई हरेक विषयका वाद्यताले अभिप्रेरित पारेको छ। भोकको कष्टलाई भोजनले र पानी पिउन सास फेर्नु पानीका पियासा र थकाईका थकावट हटाउन आवश्यक पर्दछ। संसारमा कष्ट दुःखको अनुभव र कष्ट दुःखका उपस्थितिलाई अङ्गिकार गर्न आवश्यक वनाउछ। यदि संसारमा दुःख नै नभएको भए संसारमा दुःख निराकरण भएको भए त्यस किसिमको प्रश्नको उपेक्षा नै गरिन्नथ्यो।

दुःख कष्ट कम गर्न धेरै उपायहरू बैज्ञानिकले वताएको छ –

अपारे काव्य संसारे कविरेक प्रजापति।
यथास्मै रोचते विश्वं तथेव परिवर्तते॥

यो अपार संसारमा कवि नै प्रजापति हुन्। जस्तो उल्लाई रुचि हुन्छ त्यस्तै नै उनीले दिन सक्छन् भन्ने भनाई छ। त्यस्तै शास्त्रमा वर्णन गरिएको छ-

न कवे वर्णनं मिथ्या कविं सृष्टिकर परः॥

कवि दोस्रा सृष्टिकर्ता हुन् उनका वर्णन कहि कहिल्यै मिथ्या हुदैन। त्यसै कारण काव्य करण विधी नै क्रियाकलप हो भनि भनिएको छ। अतः काव्यका लागि दुई प्रकारका शव्दहरू प्रयोग भएका हुन्छन्। सामान्य जनतामा प्रयोग हुने काव्यका स्वरुपको कथन मात्र हो। शास्त्रका आधारमा काव्य स्वरुपको विवेचना गरिन्छ। कारण निमार्ण निर्मित सृष्टि अथवा सृजन निवन्धमन र वर्णन प्रतिपादन सामान्य विशेषण हो। दर्शन र वर्णनको समन्वयको भावना र व्यञ्जना नै शास्त्रीय प्रयोग हो। यी दुवै प्रकारका विशेषणमा एक स्वीकार्य नै हुन जान्छ। वन्धन वर्णन तथा प्रतिपादन शब्दको

संबन्ध रचनानुसार नै हुन्छ। कुनै पनि भावका प्रयोग साधारण अर्थमा र सुन्दर तवरले शब्द गुंजन हुनु पर्छ। स्वभाविक रुपले वस्तुको वर्णन गर्नु अस्वाभाविक रुपमा वर्णन गरिएको छ भने त्यो असतकल्पको रुप हुन जान्छ। त्यस्तै बेंकटेश्वर भगवान्को वर्णन स्तुति गान जीवन कहानीलाई विचार गरी हेर्दा यो एक सर्वाङ्ग सुन्दर उत्तम लक्षणले युक्त रसास्वादन गर्ने कहानी र उनका जीवन कथाको दृष्टिमा पनि यो सर्वोच्चकोटीको आदर्श एवं गृहस्थ्य जीवन आदर्श, राजधर्म, आदर्श पारिवारिक जीवन आदर्श, पातिव्रतधर्म, मातृ पितृ धर्मको साथै सर्वोच्च भक्तिज्ञान त्याग सदाचारी शिक्षा दिएको छ। यो स्तुति स्त्री पुरुष वालक वृद्ध युवा सबैका लागि समान उपयोग साथै सर्वोपयोगी संगुण साकार भगवान्को आदर्श मानव लीला उनका गुण प्रभाव रहस्य तथा प्रेमका गहन तत्व अत्यन्त सरल रोचक एवं ओजस्वी कहानीले युक्त छोटो साचो अखण्ड ब्रम्हाण्ड नायक भगवान् वेंकटेश्वरका वारेमा लेखिएका छन्। यो किताव गरीव होस् वा अमीर होस् शिक्षित वा अशिक्षित गृहस्थ वा सन्यासी स्त्री वा पुरुष वालक वृद्ध सबै किसिमका मानिसका लागि यो पुस्तक पढ्नमा उपयुक्त छ। ज्ञानवर्धक एवं धर्ममा उत्साहप्रद छ। यस सानो थोरै समयमा पढ्न सकिने पुस्तकबाट जे जति भक्तिज्ञान नीति सदाचारका विषयहरू मानिसमा प्राप्त हुन्छ। त्यो त्यही अनुरुप अन्य ग्रन्थवाट प्राप्त हुन सक्तैन।

जुन ग्रन्थ वा जीवन कथा तथा महात्म्यवाट यस भारतवर्षमा जे जती प्रभाव वढेको छ। त्यही अनुरुप अन्य कुनै ग्रन्थवाट पाईंदैन यो एउटा प्रथम प्रयास मात्र हो। आगामी अन्य संस्करणहरूमा केहीँ न केहीँ नयाँ विशेषता लिई अवश्य आउने छु। भगवान् वेंकटेश्वरका बारेमा विचार व्यक्त गर्ने विद्वानहरूमा धेरै मतभेद अवश्य पनि छ। भगवान् आराध्येदेव वेंकटेश्वर तिरुपति बालाजुका वारेमा एक आशिर्वादात्मक परमेश्वरका रुपमा मानिन्छ। यसका प्रत्येक हरफमा श्रद्धालु भक्तजनहरूले श्रद्धापूर्वक सबै हरफ पढ्ने आशा गरिएको छ। भगवान्का वारेमा विचारपूर्वक मनन गर्नु उनै भगवान्को शरण एवं आचरण गर्नु उनैका मधुर लीलामा लुटपुटीई चिन्तन एवं किर्तन मनन गरेर मोक्ष प्राप्तीका लागि सजिलैसंग अलौकिक धाम प्राप्त गर्न सकिने छ। भगवान् वेंकटेश्वर बालाजुका मधुर लीलालाई प्रत्येक्ष आत्मसाथ अनुभव गरी यथार्थ रुपमा सरलीकरण गरी वर्णन गरिएको छ। साक्षात भगवान् श्री गौरीशंकरका आज्ञा अनुसार जसका उपर " *सत्यं शिवं सुन्दरम्*" लेखि सहि गरि दिएको छ त्यो अलौकिक प्रभावको वर्णन गरिएको छ। उनै भगवान्को कैयौं अलौकिक ग्रन्थहरूको प्रचार गरिएको छ। त्यही अनुरुप पठनपाठन र

स्मरण अनुशीलन पनि भई रहेको पाईन्छ । विद्यमान अवस्थामा सारा संसार भरी हाहाकार मच्चि रहेको छ । संसार दु:ख तथा अशान्तिका भिषण ज्वालाले जलिरहेको र संसारको कुनाकुना गाउँ गाउँमा प्रति दिन हजारौं मानिसको मृत्यु भईराहेको छ । करोडौं मानिसका व्यक्तिगत सम्पत्ति एक अर्कावाट हडप गरी नाश भईरहेको छ । विज्ञानको सारा शक्ति यसै धरतीमा मसानको रुपमा परिणत भएको अनुमान छ । एकतर्फ यस संसारका ठूलाठूला मस्तिष्क भएका व्यक्तिहरू नयाँ नयाँ साधन शक्ति निकाल्न तत्पर भई सकेका छन् । यस भूमण्डलमा सुख शान्ति तथा प्रेमको प्रसार गर्न वा भगवत कृपालाई उतार गर्न श्रीपरमश्रद्धेय वेंकटेश्वरका *प्रति* एवं अनुशिलनका अवलम्वन गर्नु परम आवश्यक देखिएको छ । यस किताव लेख्नमा म आफैंलाई अन्तस्करण कण्ठस्फुरणले अभिप्रेरित पारी तयार गरिएको हो । यसमा केहीँ विषय वस्तु संकलन गर्नमा मद्दत गर्ने छोरी पुजन आचार्यलाई हृदय देखिनै उनको भविष्य उज्ज्वलता हवस् भनि श्रीभगवान् वेंकटेश्वरसंग प्रार्थन गर्दछु ।

भगवान् वेंकटेश्वरको स्तुति, एवं वर्णन गान गर्नाले सबै क्षेत्रवाट शान्ति प्राप्त भै जसका सकाम कर्म, निस्काम कर्म, साधना ज्ञान, सिद्ध ज्ञान, साधना भक्ति, दैवि भक्ति, प्रेम भक्ति, मर्यादा मार्ग, अनुग्रह मार्ग, द्वैत, अद्वैत, द्वैताद्वैत आदि सवै रहस्यहरूको मधुरताले भरिएको यो भगवान् महात्म्य हो, भनिएको छ ।

"गुणेषु क्रियतां यत्न: किम दोषै प्रयोजनम् । विक्रियत्ते घण्टष्भिर्गाव: क्षीर विवर्जिता ।"

जाम्बवान र हनुमान, भालू र वानरको भुम्रेभाम्रे भेशमा रहन्थे तैपनि समजदार व्यक्तिले नीकै आदर गर्दथे । दूध नदिने गाईलाई घाटीमा भुण्डयाईएको मालाको प्रभावले कसैले किन्दैनन् । अत: फजुलको आडम्वरले केहीँ हुदैन । हुनत ममा के बुद्धि छ र तै पनि कनिकुथी श्री भगवान् श्री वेंकटेश्वर प्रभुका दर्शन गर्ने अवसर मिलेकोले त्ससै दर्शन पश्चात आफ्ना हृदयमानै स्फुरण भएका कारण भगवान् स्तुती गाउदै नाच्न थाले । सबै दर्शक भगवान् तर्फ हेर्नुको वदला म नाचेको हेर्न थाले । मलाई झन आनन्द आयो र पुन: उफ्री उफ्री नाचे र मैले सम्झिएं । "दूर्जनं प्रथमं वन्दे सज्जनं तदन्तरम्" यस विधि वाक्य सुनेको थिए तापनि मैले विर्सेछु । लौ जो भयो भयो भनी "सर्वेभ्यो ब्राम्हणेभ्यो नम:" झै बन्दना गर्दै मन्दिर वाहिर आई भगवान्को परिकल्पना गर्न थालें । भगवान्को *सुनेबमोजिमको* स्वरुप मेरा हृदयमा झलमल्ल झल्कन थाल्यो । जस्तो जस्तो जीवको विश्वास

हुन्छ। त्यस्तै त्यस्तै भावना हुन्छ। त्यसको गति र चेष्टा पनि त्यस्तै हुन्छ। कर्म अनुसारनै योनी प्राप्त भै हाल्छ। वर्तमान अवस्थामा जुन जुन जीवलाई जे जस्तो भोग प्राप्त भईरहेको छ। त्यो सबै श्रद्धारुपि मूलकै फल हो। त्यही अनुरुप मैले पनि भोगिरेहेको छु। अतः गीता मा श्रद्धाको वारेमा भनिएको पनि छ –

"श्रद्धा मयोऽयं पुरुषो यो यच्छ्रद्धःसएवसः १७/३"

सत्व, रज, तम, यी तीन प्रकारका भेदले निरुपण गरिएको छ। श्रद्धा विना तुच्छ संसारिक कला कौशलको प्राप्त असंभव हुन्छ भन्ने कुरा ध्रुव सत्य हो। प्रत्येक मानिसलाई वेदमा वर्णन गरे अनुरुप विश्व वन्धुत्व र वात्सल्य रुपका काखमा लिने संकल्प गर्नु पर्दछ। यो विश्व नै आफ्नो निवासस्थान र महादीप भन्नु नै उसैको हल हो भनी ठान्नु पर्छ। मानव इतिहासमा एउटा *सुवर्ण* अध्याय लेख्ने प्रयत्न गर्नु नै मानव धर्म हो। जस्मा असत्यको नाश र सत्यको विजय हुन्छ। भन्ने कुरा थाहा पाई रहनु पर्दछ। सत चरित्रवाट शक्ति र सत्ता प्राप्त हुन्छ। न विद्या र अन्वेषणात्मकवाट या धनदौलतवाट केवल उपलब्धीको माध्यम भन्नु नै सतचरित्रवाट मात्र हुन्छ। राष्ट्रमा विवेक र वुद्धिद्वारा शासन चल्ने छ। कुनै भ्रममा पर्नु पर्ने कुरै छैन शक्तिलाई प्रदर्शन गराई चुपचाप लागि वस्ने होइन आध्यात्मिक साधनमा तल्लिन्न भएका मानिसहरूलाई उनैका प्रयत्न वा फलद्वारा मानव मुक्ति र प्रेम मार्गमा हिडउ्नु नै मानवको प्रमुख कर्तव्य हो। यही अनुरुप परिचालनगर्ने परिपाटि वस्तै आएको मान्नु पर्दछ। कुतर्कले भ्रष्ट वुद्धि भएका मानिस आफ्नु तर्कले यस कथाका विषयलाई सत्य मान्ने सौभाग्य नपाएका हुनाले यसमा उल्लेखित वेंकटेश्वर कथालाई मिठो मान्दैनन्। श्री निवास यदि ईश्वर हुन् भने जङ्गल जङ्गलमा भडकने विलाप गर्ने किन भए। आकाश राजालाई इच्छा मात्राले वसमा पार्न सक्नेले यत्रो हैरानिपूर्वक पद्‌मावतीलाई प्राप्त गर्न किन चालवाजी रच्नु पऱ्यो। मामुली मानिस जस्तै भएर स्त्रीको ईच्छा अनुसार किन खोज्दै हिंडेका इत्यादि नाना तरहका संका गर्न सक्तछन्। तिनीहरूको निमित्त यो वेंकटेश्वर कथा वर्णन नमिठो हुन सक्तछ। श्रीभगवान् वेंकटेश्वरको चरणमा प्रेम गर्ने शास्त्रानुसार तर्कले परिस्कृत वुद्धि भएका विद्वान वा बुद्धिजिवी सज्जन वर्गलाई यो बेंकटेश्वर कथा वर्णन अवश्य नै मिठो र रोचक लाग्नेछ। यस्मा शिक्षा, कल्प, व्याकरण आदि १४ विद्या र अलंकार अनुप्रास यमक आदि अनेक छन्। भाव, विभाव, अनुभाव, संचारी भाव र सृङ्गार, वीर, करुण आदि गरेका रसले पनि विभुषित भएको पाईन्छ। तुच्छै शव्दहरू प्रयोग भएको भएता पनि श्री वेंकटेश्वर भगवान्‌को आश्रय गरेका कारणले मेरो यो

लेख कथा उच्च दर्जामा पुग्ला भन्ने आशा लिएको छु। जस्तै फूलका पत्रपत्रमा अलमलिएको कमिला शंकरजीको शिरमा पुगी चन्द्र बिम्वको चुम्वन गर्न पाउछ भन्ने सुक्तिमा उल्लेख गरिएको छ। जस्तै

"इतो दृशौ न्यस्य वयस्य पश्य भक्ते जनेऽम्यर्चति चन्द्र चूडमं। परागरक्ता सुभगा वराकी पिपीलिका चुम्वति चन्द्र विम्वम्।" जसको किर्तन स्मरण दर्शन वन्दन श्रवण पुजन गर्नाले दुनियाको पापलाई तुरुन्त नास गर्दछ। यस्ता कल्याण कीर्ति भगवान् वेकटेश्वरलाई नमस्कार छ भनि वर्णन गरिएको छ। पर्मेश्वरको गुणानुवाद गर्नु नै मानिसले गरेको तपस्या र वेद शास्त्र अध्ययन, यज्ञ, याग, सुक्त पाठ, ज्ञान, दान, प्रभृति पुण्य कर्मको अभिनाशी फल हो भनि विद्वानहरूले निर्णय गरेका छन्, भनिएको छ। परमेश्वरले दिएको वाणीले परमेश्वरको गुण किर्तन गरिनु पर्दछ यदि किर्तन गरिएन भने त्यो त प्रलाप मात्र हो। रुप नहुने नाम नहुने नजन्मने सदा रहने चैतन्य रुप, अलौकिक रुप, कसैका नेत्रादिले नभेट्टाउने ठाउँमा रहने, सबैमा रहेका, सर्वमय भएका, पूर्ण प्रभुत्ती, पूर्णशक्ति, पूर्णयश, पूर्णश्री, पूर्णज्ञान, पुर्णवैराज्ञ यति भएकालाई भगवान् भन्दछन्, भनि भनिएको छ। तिरुपती नगरी सवै भन्दा पूण्य नगरी भन्द्रा श्रेष्ठ सम्झिएर सप्त डाडाको नामले सर्वप्रथम मानिएको छन्। यो किताव लेख्नमा प्ररणा दिने अर्को व्यक्ति हुन श्रीमति उमादेवि आचार्य उनले गतसाल भाद्रमहीनामा श्री वेकटेश्वर भवगन सत्यासाई बावा पुट् वर्ती र रामेश्वर कन्याकुमारी दर्शन पश्चात पुस्तक लेख्नमा प्रेरणा दिईरहेकी हुदां मैले धेरैठाउँबाट विषयवस्तु संकलन गरी लेखेको हु प्रेरणा प्रदान गर्ने श्रीमति उमादेवी आचार्यलाई र बुहारी प्रगति आचर्यले र उर्मिला आचार्य र भाई मिङमार लामा समेतले धेरै मेहनेतसंग विषय वस्तु जुटाई कम्प्युटरमा टाईप गर्न सहयोग गरेका कारण यी सबैलाई धन्यवाद साथै प्रगति कामना गर्दछु यति भनि मेरो मनमा उत्पन्न भावना यहि टुग्याउछु। यो पुस्तक प्काशनमा हरेक किसिमले सहयोग गर्ने चारुमति प्रिन्टिङ्ग प्रेसका प्रोपाइटर वा भाई मदन लाल वज्राचार्यलाई र भाई सनोज शाक्यलाई हृदय देखि नै प्रशंसा गर्दछु। साथै मलाई जति सहयोग गर्नु भएको छ। वहाँहरूको पनि त्यत्ति प्रगति हुँदै जाओस् भनी श्री पशुपति नाथसँग प्रार्थना गर्दछु। वहाँहरूको जीवनमा कहिल्यै पनि विघ्न वाधा आइनपरोस भन्ने कामना गर्दछु।

अस्तु अस्तु अस्तु

- लेखक बाबुराम आचार्य

सत धर्म

धारणात् धर्म भनिए तापनि धर्म शब्द कसरी कहाँबाट उत्पत्ति भयो । यस्को विस्तार कसरी हुन गयो । धर्म कति प्रकारका हुन्छन् । यसलाई कसरी प्रयोगमा ल्याईन्छ । यो पनि जान्नु र वुझ्नु पर्ने विषय हो । धर्म प्रति सबै तर्फबाट उपेक्षा र ग्लानी आजको मानवमा कसरी आयो । यस्को सूत्रपात कहिले कहाँबाट भयो । धर्म शब्दको दुरुपयोगले गर्दा वर्तमान अवस्थालाई कसरी प्रोत्साहन प्राप्त भयो । मानव अति शीघ्रगतिले भोतिकतातर्फ लम्कँदै अनुशासन नैतिकता श्रद्धा विश्वास आदि सद्गुण उद्दण्ड बुद्धिद्वारा सबै गुमाएको देखिन्छ ।

मानव मस्तिष्कमा जति प्रकारका भावहरू उदय हुन्छन् त्यती शब्दहरू त कुनै भाषामा छैनन् । आफ्ना मन अनुकुल शब्द फेला पर्दैन तैपनि खोजेको अर्थका नजीक नजीक ता अवश्य भई हाल्छन् । कुनै पनि शब्द सुरुमा जुनसुकै अर्थमा प्रयोग भएता पनि त्यसको प्रचार वढ्दै गएमा त्यो शव्द पुरानो जस्तै हुंदै जान्छ । त्यसका साथमा उस्तै उस्तै अर्थ भएका शव्दहरू वढ्दै जान्छन् । यि मध्ये कुनै एक शब्द मात्र अभिष्ट हुन्छ । कुनै कारण विशेषले आसिंक अर्थहरू मध्येबाट कालविशेषमा एउटा अर्थलाई प्रधानता प्राप्त भयो भने वाँकी सवै दविन्छन् । यी शब्द व्यक्त गर्न उपयुक्त नै भेटिंदैन तव कुनै विषयमा लक्ष गर्नु परेमा लामो वाक्यको सहारा लिनु पर्छ । त्यस्ता वाक्यमा कुनै पनि सजीवता हुंदैन । प्रायशः यही कुरो विभिन्न शब्दमा पाईन्छ । यही अवस्था अहिले धर्मा शब्दमा पर्न गएको छ । प्राचीन कालमा धर्म शब्दको प्रयोग यस प्रकार गर्न कुनै कठिनाई परेको थिएन ।

"अद्रोहश्चाऽदप्यलोभच्श दमोभूर्तदयातपः। ब्रम्हचर्य तथा सत्यमनुक्रोशः क्षमाघृति ॥"

अद्रोह, अलोभ, इन्द्रिय-निग्रह, भूतदया, तप व्रम्हचर्य सत्य, अनुक्रोश, क्षमा तथा धृतिलाई धर्मको मूल मन्त्र हो भन्ने कुरो मानि आएको छ । सत्यवादी दयालु परोपकारी व्यक्तिलाई धर्मात्मा र हिंसा प्रवृति बृति भएका लोभि, चोरी गर्ने अर्काको अकल्याण संभने व्यक्तिलाई अधर्मी भन्ने चलन लोक व्यवहारमा पनि छँदैछ । धर्म शब्द सार्वभौम छ । त्यसमा संपूर्ण सदगुणहरूको समावेश भएको हुन्छ । आज भन्दा धेरै वर्ष अगाडी

ईस्लामिकहरूका अनुसार धर्मशब्दको उपयोगमानै अडचन उत्पन्न भएको महशुस गर्दथे। ईस्लामिकहरू सत्यको समर्थन गर्दथे। तर अरवी भाषामा धर्मको कुनै यथार्थता नै थिएन। ईस्लामिकहरू यस क्षत्रमा आएपछि यही परिस्थीति उत्पन्न भएको बुझिन्छ। ईश्वरको उपासना गर्ने प्रचलन ईस्लामिकहरूको पनि थियो।

ईस्लामिक धर्मका अनुयायीहरूले धेरै अवधि भारतवर्षको शासन गरे। शासनको पक्ष निश्चयनै वलियो हुन्छ। मुसलमानहरूले अरवी र फारसीमा कुनै पर्याय नखोजेको वताए। शासित भएका हिन्दूहरूलेनै इस्लामिकहरूको जोडमा धर्म शब्दलाई नै प्रयोजनका लागि छाने। साधु सन्त एवं विद्वानहरूमा धर्म शब्दले आफ्नो पुरानो अर्थ गुमाएको छैन। आफूलाई शिक्षित मान्ने युवा वर्गमा मात्र धर्मको यो व्यापक अर्थ लुप्त प्राय: भएको जतासतै पाईन्छ।

राजनीतिक जगतमा यो नयां शव्दको नाम थियो, धर्म निरपेक्ष भन्ने। यसले शिक्षित व्यक्तिहरूको मष्तिस्कमा धर्मको विरुद्ध मन्द विष जस्तै प्रवेश भयो। अहिले सम्मत धर्म शव्दले आफ्नो पुरानो अर्थको साथै नयाँ अर्थ अगांली हिडीरहेको छ। व्यावहारिकतामा प्रयोग हुन त्यसको पुरानो वास्तविक अर्थ शिथिल हुन गयो। सरकारी कागज पत्रहरूमा र गण्यमान्य व्यक्तिहरूका भाषणमा र पत्रपत्रिकाहरूमा जव "हामी धर्म निरपेक्ष छौं" भन्दछौं तव हामी ती सत्य, अहिंसा, नैतिकता, अनुशासन,आदि प्रति पनि निरपेक्ष छौं।

निरपेक्षता भन्ने कुरो जुन अनुपयुक्त ठानीन्छ ,त्यहीनै हुन्छ। धर्म निरपेक्षताको नाउँ लिंदा मनमा यो भाव उत्पन्न हुन्छ कि धर्म खराव कुरा हो, यसलाई सबैतिरवाट उपेक्षीत गरिएको छ। नया पुस्ताले त शिक्षा नै प्राप्त भए जस्तै मानेका छन्। जसले गर्दा धर्मको नाम लिन समेत धेरै जसो हिन्दू युवाहरूमा संङ्किर्ण विचार भै आफूलाई प्रतिगामी भन्ने मान्न थाले। आर्य सस्कृति यस्तो पर्यावरणमा हुर्केको हो भन्ने कुरा प्राचीन धर्म शास्त्रले वताएको छ। जसलाई धार्मिक शिवाय अरु कुनै शव्दले अभिव्यक्त गर्न सक्दैन। धर्म प्रति मनोभाव उत्पन्न हुनाले त्यस संस्कृतिवाट परतिर लागिरहेको ठानेका छौं। धर्म निरपेक्षताको विचार हिन्दू मस्तिष्कवाटै निस्किएकाले हिन्दू युवाहरूलाई यसको शिकार वनाउदै गएको पाईन्छ। त्यसैमा पनि अल्प संख्यक धर्मका अनुयायीहरू आ–आफ्ना धर्ममा दृढ छन्। केवल हिन्दूहरू मात्र आफूलाई उदार आधुनिक तथा धर्म निरपेक्ष मान्दै आफ्नो कर्म एवं सस्कृतिवाट उन्मुख

हुदै गएको पाईन्छ । जसले गर्दा आज हिन्दू धर्ममा अभिशाप सिद्ध हुन गईरहेको छ । अत:भन्नु परेको छ कि दुराग्रह छाडी आफ्नो लागि धेरै विचार गर ।

राजनीति प्रशासनमा निरपेक्षताको नीति कल्याणकारी छ तर पनि यस प्रसङ्गमा धर्म शव्दको व्यवहार गर्नु अति भयानक भएको देखिन्छ । संस्कृतिको दुहाई दिनु आज एक प्रकारको फेशन भएको छ । धर्मको तर्फ वाट निरपेक्ष रहन नै कल्याण ठानिंदै आएको छ । साच्चिनै भन्ने हो भने हामी धर्म शव्दको वास्तविक अर्थवाट कति टाढा भै सक्यौं । यस्तै अवस्था सदा भै रहने हो भने प्राचीन साहित्यको अर्थ कसैले पनि वुझ्ने छैनन् । प्राचीन साहित्यका पाईला पाईलामा धर्म शव्दको प्रयोग भएको पाईन्छ । वास्तवमा पूजा,पाठ आदिको चर्चा नै छैन । केवल नैतिकता र नैतिक गुणहरूको मात्र प्रशंसा छन् ।

धर्मको आदर हुनु पर्दछ । धर्म शव्दलाई सम्मान दिनु पर्दछ । धर्मका मूल तत्वहरूलाई समेत मानवताका आधारशिलालाई जान्न वुझ्न विर्सेकाले त्यसैले हामी दानवता तिर अग्रसर हुदै गएको महशुष भएको छ । दिन प्रतिदिन नैतिकताको पतन भईरहेको छ । धर्ममा मूल सिद्धान्तको प्रचार नभएको कारण यस्तो हुन गएको हो । धर्म निरपेक्षताको विकासको साथै ईश्वर प्रति विश्वास क्षींण हुदै गईरहेको छ । नास्तिकताको मनोवृत्ति आज सम्पूर्ण विश्वमा फैलिएको छ । हरेक क्षेत्रमा धर्मलाई अपदस्थ गर्ने प्रवृत्ति वढ्न थाल्यो । निस्वार्थ कार्य गर्ने व्यक्तिलाई कुनै धर्म वा निष्ठाको आवश्यकता पर्दछ । स्वयं मानवलाई ईश्वरको आसनमा वसाउने चेष्टा गर्दछ । अत: भनिएको छ कि समस्त मानव जाती प्रति प्रेम भाव राखेर उसको कल्याणका लागि सदैव प्रयत्नमा लागि रहनु मनुष्यको परम कर्तव्य हो । त्यही नै धर्म हो । मानवता भन्नु एक सजीव सनातन शक्ति हो । जसरी मानव शरीर असंख्य परमाणुहरूद्वारा वनेको छ । त्यसरी नै मानव पनि अनादिकाल देखि आजसंम्म मानिसका कामको वा विचारहरूको मिश्रित परिणाम हो । धर्म दर्शन उन्नति वा विकासको इतिहास हो । जे जस्तो अवस्था होस् । हिन्दू राष्ट्र सधैं धर्म मुलुक राज्य रहि आएको छ । समयको प्रभावले पास्चात्य सभ्यताको विषालु सांसर्गले गर्दा मानिस धर्मलाई व्यक्तिगत विचार सम्झाना वा मन्दिर, मस्जीद र गिर्जाघरको सिमित क्षेत्र संम्झुन हामी अति प्राचीन कालदेखि धर्मको विषय जीवनका सम्पूर्ण क्षेत्रहरूमा अति व्यापक रुपमा फैलिंदै आएको पाउछौं, अत: हामीले धर्म निरपेक्ष राष्ट्रको परिकल्पना गर्नु

व्यर्थ हुन्छ। विभिन्न वर्ग र समुदायको अनुसरण गर्नाले वास्तविकताको वदला अनर्थकारी वन्न गएको देखिन्छ।

जीवनका संपूर्ण क्षेत्रहरूमा सामाजिक होस वा राजनीतिक वैयक्तिक होस् वा सामुहिक अक्षुण धर्म मानव भावनाले ओत प्रोत हुनु पर्दछ। एक सामान्य नागरिक देखि निर्णयात्मक स्थानमा वस्ने व्यक्ति किन नहोस धर्मद्वारा नियन्त्रण वा नियन्त्रित भएको हुनु पर्दछ। जस्को पनि गणना पाप र पुण्य दुई श्रेणीमा हुनु पर्दछ। खास भन्ने हो भने प्राचीन ईतिहासमा हिन्दू धर्मको एक मात्र क्षेत्र पाउछौं। त्यो नै हो धर्मको क्षेत्र। वास्तवमा भन्ने हो भने राजनीति, सामाजवाद, व्यापार, व्यवसाय, युद्ध, विद्या, संगित, नृत्य, चित्रकला, शिक्षा, सदाचार, परम्परा सबै मान्वोचित गुण हुन। र यो त्यसै धर्मलाई प्रष्ट पार्नका लागि विकसित हुँदै आएका हुन। अहिले कानूनद्वारा निर्दिष्ट गरिएका विषय जस्तै सच्चा नागरिक नै वन्नलाई सत्य भाषण, सदाचार, देशप्रेम हुनु पर्दछ। भन्ने निर्दिष्ट गरेको छ भने प्राचीन यी नै कुरा वेदादिशास्त्रद्वारा निर्देशित गरिएको थियो। धर्मलाई उपेक्षा गर्नाले धर्ममा आश्रित जनताको नैतिकस्तर मात्र तल झरेन अपितु शासन तन्त्रमा समेत राजनीतिक शिरवेदना उत्पन्न भएको छ। मानिस मानिसमा धर्म निरपेक्ष वृद्धिले धर्म अधर्म पाप पुण्य प्रति विकृति वढ्नाले चोरी, ठगी, व्यभिचार, हत्या आदि अपराधहरूमा अवांछित वृद्धि भएको छ। कुनै पनि काम गर्दा मानिसको हृदयमा भावना उब्जनु पर्दछ।,ओहो यो पाप हो। यो अपराध हो। तर आज यो भावना सर्वथा लुप्त प्रायः हुदै गईरहेको छ। धर्म भन्नु देखावटीपना भयो। हरेक प्रकार हरक्षेत्रमा वढेका दुष्प्रवृतिलाई रोक्न सक्ने शक्ति कानूनमा होइन धर्ममा हुनु पर्दछ। तर हामी अहिले धर्म निरपेक्षता तिर गईरहेका छौं। अत: हामीले निम्न स्लोकमा उल्लेखित कथनलाई सम्झनु पर्दछ। जस्तै "द्यौभुमि रापो हृदयं चन्द्रार्काग्नि यमानिला: (रात्रि शन्धेच धर्मश्च कृत्तज्ञा: सर्वदेहिनामा ॥" यो लोक पृथ्वी, जल, अग्नी, हृदयमा वस्ने भगवान्का प्रतिनिधि सूर्य, चन्द्र यम, वायु, साझ, विहानका दैविशक्तिहरू मानिसले लुकीलुकी गरेका संपूर्ण कामहरू अवश्य देख्दछन्। यस प्रकारका भगवान्का उद्घोषबाट पाप मार्गलाई छोडी सत्मार्गमा लाग्नु नै धर्म हो। अत: भनिएको सृष्टिकर्ताले इन्द्रियहरूलाई वाहृयदर्शी वनाएका छन्। यसैले यी वाहिर देख्दछन्। भीत्र अन्तर आत्मा यी इन्द्रियहरूद्वारा देखिंदैन। अत: अधर्मको भार पिठ्यूमा लादिएको छ भने धर्म चाही हृदयमा छ। म धर्मात्मा छु भनि मान्छे देखाई देखाई हिंड्छ। तर

पिठ्यूमा कति अधर्मको भारी छ त्यो देखिँदै देखिंदैन । श्रुतीले भन्छ धिर पुरुषलेनै आत्मा र परमात्मा देख्न समर्थ हुन्छ । अतः मनुष्यको सार्वभौम धर्म के हो यो एउटा प्रश्नवाचक हुन आउँछ । धर्मको विचार गर्नु भन्दा पहिले क्रिया पट्टि जानु पर्दछ । शरिरबाट यस्ता क्रिया हुनु पर्दछ जस्ले कसैको हानि नहोस् । तापनि क्रिया ईच्छाबाट संचालित हुन्छ । अतः हाम्रो मनमा कुनै ईच्छा हुनु हुदैन जस्ले गर्दा अर्कालाई केहीँ हानी नहोस् । ईच्छाको सुद्धि विना क्रियाको शुद्धि हुंदैन तव इच्छा वा संकल्पको शुद्धि कसरी हुन्छ । जव हामी अनेकतामा एकता देख्दछौ । मनुष्य मनुष्यमा जाति धर्म राष्ट्रहरूमा जवसम्म अनेकत्व वृद्धि हुन्छ तवसम्म कसैमाथि राग हुन्छ, त कसै माथि द्वेश हुन्छ । तवसम्म न इच्छा शुद्धि हुन्छ नत क्रिया शुद्धिनै । अनेकतामा एकता स्थापित गर्नु पर्दछ । जुन अनेक रहेर पनि अनेक छैन सवमा एक छ । त्यस एक ध्यानबाट हाम्रो मनलाई शुद्ध पार्छ । सार्वभौम धर्म कुनै हुन सक्छ भने त्यो पूर्ण व्रम्हको चिन्तननै हुन्छ । त्यसैले गर्दा आलश्य अभाव जस्ता भावबाट उत्पन्न बैमनस्य मेटिन्छ । त्यही सार्वभौम धर्म हुन्छ । त्यो परमात्मा नै हो । अतः संसारको कल्याण र चित्ता शुद्धिका निम्ति अखण्ड अनन्त परमात्माको चिन्तननै सार्वभौम धर्म हो । इच्छाको शुद्धि परमात्माको चिन्तनद्वारा हुन्छ । क्रियाको शुद्धि विश्वात्माको सेवाद्वारा हुन्छ । भने बुद्धिको शुद्धि परमात्माको वोधद्वारा हुन्छ । त्यस कारण यसैलाई सार्वभौम धर्म भनिन्छ । अतः सत्धर्मका लागि जाति संप्रदाय आदिको विशेष धर्म पालन गर्नु नै सतधर्म हो ।

श्रद्धा

प्रेमपूर्वक कुनै वस्तुमा लागि रहनु नै श्रद्धा हो । श्रद्धा र प्रेम विना कुनै वस्तु वा साधन सफल हुन सक्तैन । श्रद्धाको साधारण अर्थ भन्ने हो भने विश्वास हो । खास खास भन्ने नै हो भने गुरु र शास्त्रको वचनमा विश्वास हुनु नै श्रद्धाको खास अर्थ हो । जस्तो जस्तो यो जीवनमा विश्वास हुन्छ उस्तै उस्तै भावना उत्पन्न भैरहन्छ चेष्टा भयो गति भयो स्वरुप त्यस्तै हुन्छ । यस जीवनको जस्तो श्रद्धा छ । त्यस्तै भावना हुन्छ । भावना अनुसार कर्म हुन्छ र कर्म अनुसार नै योनी प्राप्त हुन्छ । अत: यसवाट के स्पष्ट हुन्छ भने इहलौकिक र पारलौकिक वृद्धि र क्षतिमा मुलत श्रद्धाकै राज्य भएको पाईन्छ । अत: भगवान् कृष्णले गीतामा भन्नु भएको छ –

"श्रद्धा मयोऽर्य पुरुषो यो यच्छ्रद्ध स. ए. वस: ।१७/३" सत्व, रज, तमका भेदले तीन प्रकारको श्रद्धा निरुपण गरि भन्नु भएको छ । जस्तो जस्तो श्रद्धा हुन्छ स्वरुप पनि त्यस्तै हुन्छ । श्रद्धाद्वारा दानी पुरुषका श्रवण किर्तन र स्मरण गर्नाले कृपण मानिस पनि उदार हुन जान्छ । वीर पुरुष श्रद्धाद्वारा कीर्तन मनन गर्नाले कातर पुरुष पनि वीर हुन जान्छ । त्यस्तै दयालु पुरुष श्रद्धाले कृपण हुन्छ र कृपण पनि दयालु हुन्छ । त्यस्तै विपरित कृपण र कातर कठोरमा श्रद्धा गर्नाले दयालु वीर र कोमल मानिस पनि कृपणि कठोर र कातर हुन जान्छ । जो कोहीलाई पनि सांसारिक विद्या वा व्यवसाय प्राप्त भएको होस् त्यो सवै श्रद्धाकै फल हो । श्रद्धा वीना कुनै पनि सांसारिक कला कौशल आदिको प्राप्तीनै असंभव छ । त्यस्तै अगम्य वस्तुको प्राप्ती श्रद्धा वीना कसरी हुन सक्ला ।

अत: गीतामा श्रद्धाको महिमा वर्णन गरिएको छ –
श्रद्धा वाल्लभते ज्ञानं तत्पर: संयतेन्द्रिय । ४.३९
अज्ञश्चा श्रद्धाधानश्च संशयात्मा विनश्यति ।४.४०
अश्रद्धधाना: पुरुपा धर्मस्यास्य परनतप: ।४
अप्राप्यमां निर्वतन्ते मृत्युसंसारवर्त्मनि ॥९.३

अत:श्रद्धावान तत्पर जितेन्द्रिय पुरुपनै ज्ञान प्राप्त गर्दछ । श्रद्धाहीन अज्ञानी संशयात्मा पुरुप नष्ट हुन्छ । जो यसै धर्ममा पनि श्रद्धा शुन्य छन् तिनीहरु पुनं जन्म मरण स्वरुप संसार मै फर्कन्छन् । जस्का अन्तस्करण गुरु

शास्त्रका वचनमा शुद्ध सात्विकी श्रद्धाले युक्त छ भने भगवान्‌मा आत्म भक्ति प्राप्त गर्न सक्तछ । जस्तै साधकबाट सिद्ध वन्दछ । "देवो भूत्वा देव्यमर्चयेत्" यही नै निर्गुण उपासना हो भने सगुण उपासनाद्वारानै प्राप्त गर्न सकिन्छ । सगुण उपासनको आवश्यकता हुन्छ । कृपणि उपासनाको अधिकारीनै वन्न सक्तैन । यी मेरा सबै थोक हुन भन्ने व्यक्तिको यस मार्गमा के थान छ यस्तै नियम छ । जति पदार्थमा आसक्ति हुन्छ त्यति नै कठोर पनि हुर्दै जान्छ । कठोर र भक्ति एक अर्कामा सामन्जस्य नै हुदैन । भक्ति भन्नु कोमलाताको प्रवाह हो आ-आफ्नो धर्ममा जे-जस्को श्रद्धा छ त्यही उपासनाको अधिकारी हुन पाउछ । माता पिता र आचार्यमा श्रद्धा गर्नुनै उपासनाको श्री गणेश गरेको मान्नु पर्छ । भनीएको पनि छ कि- मातृ देवो भव पितृदेवो भव आचार्य देवो भव ।

मातापिता आचार्यलाई देव रुपले मान्ने गर्नु जसवाट भक्तिभाव उत्पन भई आफू भन्दा वयो वृद्ध , वर्ण वृद्ध आश्रम वृद्ध, विद्यावृद्ध, ज्ञान बृद्ध आदिमा वन्दना गर्नाले श्रद्धाभाव वृद्धि भै ईश्वर दर्शनमा चित्त बृत्ति हुन्छ । श्रद्धा भक्ति उत्पन्न भई उपासनाको पहिलो खुड्कीलो टेकिन्छ । अतः शास्त्रमा वताईएको छ –

"अभिवादन शीलस्य नित्यं बृध्दो पसेविनः । चत्वारी संप्रवर्द्धन्ते आयु विद्या यशो वलम्ः ॥"

सधै वृद्धहरूको सेवा गर्ने मानिसलाई चार कुराको वृद्धि हुन्छ । ती हुन आयु, विद्या , यश र वल । बृद्धको सेवा गर्नाले हृदय कोमल भई सत्व गुणको वृद्धि हुन्छ । सत्व गुणबाट आयु वृद्धि, विद्या वृद्धि, र यश वृद्धि हुन्छ । सत्व गुणबाट नै मनोबल वृद्धि हुन्छ । रजो गुणी अभिमानी रुप असत्यवादी घमण्डि भएको व्यक्ति जतिसुकै शारीरिक पुष्टि रुप भए पनि त्यो वलवान नै होईन । त्यो हरेक क्षेत्रमा अनिष्ट कारक हो । सत्यता, आस्तिकता, दृढनिश्चयनै वास्तविक वल हो । वल र बुद्धिले संम्मिश्रण भै श्रद्धाको विऊ रोप्नु नै मानव धर्म हो ।

उदाहरणको रुपमा एउटा विऊले धेरै फल दिए जस्तै अलिकति शुभ र अशुभ क्रियाद्वारा शुभ अशुभ विज उत्पन्न हुन्छ । कुनै विजलाई मल जल नदिई सुकायो भने टुसा पनि निस्कीदैन त्यस्तै शुभ संस्कारलाई क्रियात्मक वनाएनौं भने क्षिण र क्षिणात्मक र विनष्ट नै हुन्छ ।

यसै परिप्रेक्षलाई विचार गरि जीवनको गति विधीको निर्णय तर्फ लाग्नु पर्छ ।

श्रद्धा

प्रेमपूर्वक कुनै वस्तुमा लागि रहनु नै श्रद्धा हो । श्रद्धा र प्रेम विना कुनै वस्तु वा साधन सफल हुन सक्तैन । श्रद्धाको साधारण अर्थ भन्ने हो भने विश्वास हो । खास खास भन्ने नै हो भने गुरु र शास्त्रको वचनमा विश्वास हुनु नै श्रद्धाको खास अर्थ हो । जस्तो जस्तो यो जीवनमा विश्वास हुन्छ उस्तै उस्तै भावना उत्पन्न भैरहन्छ चेष्टा भयो गति भयो स्वरुप त्यस्तै हुन्छ । यस जीवनको जस्तो श्रद्धा छ । त्यस्तै भावना हुन्छ । भावना अनुसार कर्म हुन्छ र कर्म अनुसार नै योनी प्राप्त हुन्छ । अतः यसबाट के स्पष्ट हुन्छ भने इहलौकिक र पारलौकिक वृद्धि र क्षतिमा मुलत श्रद्धाकै राज्य भएको पाईन्छ । अतः भगवान् कृष्णले गीतामा भन्नु भएको छ –

"श्रद्धा मयोऽयं पुरुषो यो यच्छ्रद्ध स. ए. वसः ।१७/३" सत्व, रज, तमका भेदले तीन प्रकारको श्रद्धा निरुपण गरि भन्नु भएको छ । जस्तो जस्तो श्रद्धा हुन्छ स्वरुप पनि त्यस्तै हुन्छ । श्रद्धाद्वारा दानी पुरुषका श्रवण किर्तन र स्मरण गर्नाले कृपण मानिस पनि उदार हुन जान्छ । वीर पुरुष श्रद्धाद्वारा कीर्तन मनन गर्नाले कातर पुरुष पनि वीर हुन जान्छ । त्यस्तै दयालु पुरुष श्रद्धाले कृपण हुन्छ र कृपण पनि दयालु हुन्छ । त्यस्तै विपरित कृपण र कातर कठोरमा श्रद्धा गर्नाले दयालु वीर र कोमल मानिस पनि कृपणि कठोर र कातर हुन जान्छ । जो कोहीलाई पनि सांसारिक विद्या वा व्यवसाय प्राप्त भएको होस् त्यो सबै श्रद्धाकै फल हो । श्रद्धा वीना कुनै पनि सांसारिक कला कौशल आदिको प्राप्तीनै असंभव छ । त्यस्तै अगम्य वस्तुको प्राप्ती श्रद्धा वीना कसरी हुन सक्ला ।

अतः गीतामा श्रद्धाको महिमा वर्णन गरिएको छ –
श्रद्धा वाल्लभते ज्ञानं तत्परः संयतेन्द्रिय । ४.३९
अज्ञश्चा श्रद्धाधानश्च संशयात्मा विनश्यति ।४.४०
अश्रद्धधानाः पुरुषा धर्मस्यास्य परनतपः ।४
अप्राप्यमां निर्वतन्ते मृत्युसंसारबर्त्मनि ॥९.३

अतःश्रद्धावान तत्पर जितेन्द्रिय पुरुषनै ज्ञान प्राप्त गर्दछ । श्रद्धाहीन अज्ञानी संशयात्मा पुरुष नष्ट हुन्छ । जो यसै धर्ममा पनि श्रद्धा शुन्य छन् तिनीहरू पुनं जन्म मरण स्वरुप संसार मै फर्कन्छन् । जस्का अन्तस्करण गुरु

शास्त्रका वचनमा शुद्ध सात्विकी श्रद्धाले युक्त छ भने भगवान्मा आत्म भक्ति प्राप्त गर्न सक्तछ । जस्तै साधकबाट सिद्ध वन्दछ । "देवो भूत्वा देव्यमर्चयेत्" यही नै निर्गुण उपासना हो भने सगुण उपासनाद्वारानै प्राप्त गर्न सकिन्छ । सगुण उपासनको आवश्यकता हुन्छ । कृपणि उपासनाको अधिकारीनै वन्न सक्तैन । यी मेरा सबै थोक हुन भन्ने व्यक्तिको यस मार्गमा के थान छ यस्तै नियम छ । जति पदार्थमा आसक्ति हुन्छ त्यति नै कठोर पनि हुर्दै जान्छ । कठोर र भक्ति एक अर्कामा सामन्जस्य नै हुदैन । भक्ति भन्नु कोमलाताको प्रवाह हो आ-आफ्नो धर्ममा जे-जस्को श्रद्धा छ त्यही उपासनाको अधिकारी हुन पाउछ । माता पिता र आचार्यमा श्रद्धा गर्नुनै उपासनाको श्री गणेश गरेको मान्नु पर्छ । भनीएको पनि छ कि- मातृ देवो भव पितृदेवो भव आचार्य देवो भव ।

मातापिता आचार्यलाई देव रुपले मान्ने गर्नु जसवाट भक्तिभाव उत्पन भई आफू भन्दा वयो वृद्ध , वर्ण वृद्ध आश्रम वृद्ध, विद्यावृद्ध, ज्ञान बृद्ध आदिमा वन्दना गर्नाले श्रद्धाभाव वृद्धि भै ईश्वर दर्शनमा चित्त बृत्ति हुन्छ । श्रद्धा भक्ति उत्पन्न भई उपासनाको पहिलो खुड्कीलो टेकिन्छ । अतः शास्त्रमा वताईएको छ –

"अभिवादन शीलस्य नित्यं बृध्दो पसेविनः । चत्वारी संप्रवर्द्धन्ते आयु विद्या यशो वलम्ः ॥"

सधै वृद्धहरूको सेवा गर्ने मानिसलाई चार कुराको वृद्धि हुन्छ । ती हुन आयु, विद्या , यश र वल । बृद्धको सेवा गर्नाले हृदय कोमल भई सत्व गुणको वृद्धि हुन्छ । सत्व गुणबाट आयु वृद्धि, विद्या वृद्धि, र यश वृद्धि हुन्छ । सत्व गुणबाट नै मनोवल वृद्धि हुन्छ । रजो गुणी अभिमानी रुप असत्यवादी घमण्डि भएको व्यक्ति जतिसुकै शारीरिक पुष्टि रुप भए पनि त्यो वलवान नै होईन । त्यो हरेक क्षेत्रमा अनिष्ट कारक हो । सत्यता, आस्तिकता, दृढनिश्चयनै वास्तविक वल हो । वल र बुद्धिले संम्मिश्रण भै श्रद्धाको विऊ रोप्नु नै मानव धर्म हो ।

उदाहरणको रुपमा एउटा विऊले धेरै फल दिए जस्तै अलिकति शुभ र अशुभ क्रियाद्वारा शुभ अशुभ विज उत्पन्न हुन्छ । कुनै विजलाई मल जल नदिई सुकायो भने टुसा पनि निस्कीदैन त्यस्तै शुभ संस्कारलाई क्रियात्मक वनाएनौं भने क्षिण र क्षिणात्मक र विनष्ट नै हुन्छ ।

यसै परिप्रेक्षलाई विचार गरि जीवनको गति विधीको निर्णय तर्फ लाग्नु पर्छ ।

साच्चिनै भन्ने हो भने कुनै पनि मानिस आफ्नो अलिकति पनि अशुभ चाहदैन । त्यही अनुरुप हामीले जीवनमा शुभको वीज रोप्नु पर्छ । हाम्रो मनमा क्रियामा सधैं शुभ नै भईरहोस् विर्सेर पनि हाम्रो जीवनमा अशुभ भावना नउब्जियोस् । हामीले अशुभ संस्कारलाई कहिल्यै ब्यक्त हुने अवसर नदिइयोस् तव नै हाम्रो जीवनको सफलता मिल्ने छ । हामी सदा आस्तिक बनौं विश्वास विस्वासको निरन्तरतालेनै विश्वासको गाह्रोमा शुभको अटाली वन्दछ । नास्तिकताले हामीलाई सदा धोका दिने भैरहन्छ । हाम्रो शुभ संस्कार आधिकाधिक क्रियामा परिणत भई रहुन अशुभ संस्कारमा कहिल्यै प्रवृत्त हुने अवस्था नमिलोस् । यसैलाई हामी सफल जीवन मान्दछौं ।

ज्ञान, विद्या, बुद्धि, धनजन, वल आदिका मोहले यताउता अन्धकारमा भौतारिन्छौं । के हो, के होईन, कुन ग्रहण गर्ने कुन नगर्ने यस्तो कुनै समजमा पनि चढ्दैन । अर्काको अलिकति उन्नति देख्न त परै जावस् सुन्न पनि सक्तैनौं । डाह छटपटीले पिरल्छ । अर्काको उन्नती भएको हामी अलिकति पनि सहन सक्तैनौं । जति सुकै असल भएको किन नहोस त्यसको आलोचना नगरीकन बस्न सत्तैनौ त्यस कारण जवसम्म यो स्थिति रहिरहन्छ त्यस वखतसम्म हामी कुरामा मात्र आस्तिक हुन्छौं । यस्तो आस्तिकले हामी तिर आईरहेको अशुभको प्रवाहले रोक्न सक्तैन । हामीले *हरेक तवरबाट* पनि आस्तिकताको वीउ रोप्नु परेको छ । यसबाट नै सर्वत्र शुभको *मार्ग* एकत्र गरिने छ । अनि अशुभबाट मुक्ति पाउने छौं । भगवान् सर्वत्र व्याप्त भएको कुरा श्रीमद्भागवत्मा भनीएको छ ।

परावरेषु भूतेषा व्रह्ममान्तस्थावरादिषु ।
भौतिकेषु विकारेषु भूतेक्ष्वथ महत्सुच ॥
गुणेषु गुण साम्य च गुण व्यतिकरे तथा ।
एक एवपरोह्ययात्मा भगवतीश्वरोऽ व्ययः ॥

जे जति जगत छ त्यस्का अणु अणुमा व्याप्त भई ईश्वर वस्नु भएको छ । सूक्ष्म भूतमा वहा समाविष्ट भै वस्नु भएको छ । मानिसको शरीरमा नङ्ग देखि शिखासम्म पूर्ण भई रहनु भएको छ। ईश्वर सर्व शक्तिमान छन् । संसारमा जुन कुरो सर्वथा असंभव मानिन्छ त्यो सदा संपन्न गर्ने भगवान् नै हुन । जस्को शक्तिको सीमा नै छैन उसको शासन उल्लंघन गर्नै सक्तैन । ईश्वरका पनि ईश्वर र शासकका पनि शासक उहाँ नै हनु हुन्छ । ईश्वरको

शक्ति र सामर्थ्य विचित्र छ एकै साथ हिडने नहिंड्ने टाढा नगीच नै हुन हुन्छ। ईश्वर सर्व व्यापकता सर्वज्ञाता सर्वशक्तिमत्ता र सौहार्दमा विवस टुटेफुटेको नै भए पनि आफ्नो कर्मका साथ जोड्ने कामना गर्नु पर्दछ। यस प्रकार प्रभुको सर्वत्र सर्व सामर्थता सम्वन्धि विश्वासलाई पनि हामी कार्य रुपमा परिणत गरौं। भगवान्संग प्रार्थना गरौ शक्तिको याचना गरौं। शक्तिको केन्द्र विन्दू ईश्वर नै हुनु हुन्छ यो ध्रुव सत्य हो।

भगवान्को सर्वज्ञताको विश्वासलाई क्रियात्मक रुप दिने आवश्यकता विशेष गरी जुन ठाउँमा हामी अशुभ प्रवृत्तिद्वारा परिचालित हुन्छौं त्यस ठाउँमा छ। भगवान् प्रति सौहार्द श्रद्धा वढाएर जीवनसंग त्यसको सम्बन्ध जोड्ने कुरो छ। ईश्वरको स्नेहमय गति बुझ्दैजानु हाम्रो परम् कर्तव्य हो। भगवान्को असीम उपकारको गणना हुनै सक्तैन। यस्ता अहेतुक प्रेमिजगतमा अर्को कोही छदैछैन। भगवान्को सर्वव्यापकता सर्वशक्तिमत्ता सर्वज्ञता र असीमसौहार्द तिर पर्ना साथ श्रद्धाको खेती विस्तार लहराउने छन्। जव हामी भित्र कुनै कामना रहने छैन। भगवान्का श्रद्धा रुपी खेतवाट हाम्रा संपूर्ण कामना सधैंका लागि पूर्ण हुनेछन्। भगवान्का श्रद्धाले हाम्रो लागि क्रोधको अन्तर भाव हुनेछ। हामीमा मदमोह हुदैन ईर्ष्या हुदैन भय हुदैन चिन्ता हुंदैन शोक हुदैन आदि इत्यादि कुनै पनि विकार रहदैन। विकार अहंकारका आडमा हुन्छन्। अत: भनिएको छ।

"शोक, हर्ष, भय, क्रोध, लोभ, मोह स्पृहादय:। अहङ्कारस्य दृश्यन्ते जन्म मृत्युश्च नाऽऽत्मन:॥" श्री मद्भागवत,

भगवत संवन्धी श्रद्धाको वीज रोपी रहनुको परिणाम हुन आउँछ। यस कारण हामीले सर्वत्र श्रद्धाको वीज रोप्नु पर्दछ। थोरै मात्र श्रद्धालाई पनि क्रियामा उतारेर त्यसलाई सधै वढाउदै लैजानु पर्छ। प्रेम र श्रद्धा विना भक्ति मार्गमा सफलता प्राप्त गर्नु असंभव छ।

भक्तियोगको ठूलो लाभ ईश्वरमा पुग्नु धर्म र ईश्वर संवन्धी आदर्शमा अनुरक्त हुनु। जीवनमा हामी मध्ये प्रत्येक व्यक्तिले सामञ्जस्यका साथ आफ्नो चरित्र गठन गर्नु संभव छैन। तथापी चरित्रमा ज्ञान, भक्ति र योग, तीन को राम्रो सम्मिश्रण छ भन्ने कुरा हामी बुझ्दछौं। ज्ञान र भक्ति यी दुवै मार्ग एकै हुन तापनि ती दुवैमा केहीं मतभेद छ। ज्ञानीको दृष्टिमा भक्ति मुक्तिको एक साधन मात्र हो। भक्तका निमित्त यो साधन पनि हो र यो साध्य

पनि । यो मतभेद नाम मात्रको मतभेद हो । भक्तिलाई एक साधनको रुपमा लिएपछि त्यसको अर्थ निम्नस्तरको उपासना हुन्छ । निम्नस्तरको उपासना अगाडी वढे पछि पराभक्ति हुन्छ । ज्ञानी र भक्त दुवै आ-आफ्नो साधन प्रणालीमा विशेष जोड दिन्छन् । पूर्ण भक्ति भए पछि पूर्ण ज्ञान नमागीकन नै प्राप्त हुन्छ । पूर्ण ज्ञानको साथै पूर्ण भक्ति पनि स्वयं हुन आउँछ । स्वभाव रुपि श्रोतसित सामञ्जस्य राखेर भक्ति प्रवाहीत हुन्छ । ब्रह्मको मानवी भाव देखि भिन्न अर्को कुनै भावको धारण हामी गर्न सक्तैनौं । वाह्य र आन्तरिक विषयको ज्ञान र धारणमा मानवीज्ञान एक उपादान मात्र हो । हामीले आफ्नो शरीरदेखि ईश्वरसम्म विचार गऱ्यौं भने प्रतीत हुन आउँछ, सत्य शब्दको प्रयोग जुन अर्थमा भएको छ त्यस भन्दा बढी कुनै अर्थमा छैन । वास्तवमा ईश्वर संवन्धी दार्शनिक धारण मात्र हो । भक्ति दुई प्रकारको हुन्छ । भनेर पहिला नै वताई सकिएको छ । गौणी भक्ति र परा भक्ति । गौणीको अर्थ हो साधना भक्ति पराभक्ति भनेको परिपक्व अवस्था हो । भक्ति मार्गमा जानको लागि साधनावस्थामा वाह्य साधन विना काम चल्दैन भन्ने कुरो हामी बुझ्दै जानेछौं । उन्नतीकामी आत्माको प्रारम्भिक अवस्थामा मद्दत गर्दछ । धर्म अनुष्ठान र आध्यात्मिक अनुभूतिको एक सानो कारण पनि ठूलठूला फोस्रा कुरा र अन्ध भावुकता भन्दा ठूलो हुन्छ ।

जस्तो सुकै संजीवनी शक्ति पनि पुस्तकवाट मात्र प्राप्त हुन सक्तैन यस शक्तिको प्राप्ती एक पवित्र आत्माले अर्को पवित्र आत्माबाट गर्न सक्तछ । अरु कसैबाट होइन हामी जीवन भरी नै पुस्तकको अध्ययन गरेर ठूलो बुद्धिजीवि नै किन नवनौं । हामीले अलिकति पनि आध्यात्मिक उन्नती नभएको देख्नेछौ । वौद्धिक उन्नतीको साथै आध्यात्मिक उन्नती हुन्छ भन्ने कुरा सत्य होइन । पुस्तकको अध्ययनबाट आफूमा भएको फलको विस्लेषण गरि हेऱ्यौं भने त्यसबाट अन्तर आत्मालाई होइन बुद्धिलाई नै बढी भन्दा बढी फाईदा भइरहेको हामी देख्त छौं । बुद्धिमा जीवात्माको शक्तिलाई जागृत गर्नका लागि कुनै अर्को पवित्र आत्माबाट शक्ति संचार हुनु पर्दछ ।

एक व्यक्तिको आत्माबाट अर्को आत्माको शक्ति संचार हुनु नै त्यही गुरु भनी कहलाउछ । जस्का आत्मामा शक्ति संचालन हुन्छ त्यही शिष्य कहलाउछ । यथार्थ गुरुमा अपूर्व योग्यता हुनु पर्दछ । शिष्य पनि उस्तै हुनु पर्दछ । अतः भनीएको छ "आश्चर्यो वक्ताकुशलोऽस्य लब्धा ॥"

जति जति आत्माको धर्म पिपासा प्रवल हुदैजान्छ त्यति नै धर्म संचार गर्ने पुरुष त्यस आत्मालाई सहायता दिनको निमित्त आउनै पर्छ । जीवात्माको आफ्नो अन्तस्करणमा धर्मलाई प्रकाश गर्ने आकर्षण शक्ति पूर्ण भएपछि आकर्षणवाट आकृष्ट भएको शक्ति आफैनै आउँछ ।

अब आयो प्रसङ्ग वास्तविक गुरु चिन्ने कसरी त भन्दा सूर्यको प्रकाशमा हिड्नलाई राकोको आवश्यक नभए जस्तै हाम्रो सहायताको लागि गुरुको आगमन हुदा अन्तरात्माले आफूमा सत्य सूर्यको किरण परेको आफै जान्दछ । अतः सत्य स्वयं नै प्रमाण हुन्छ । त्यस्लाई प्रमाणित गर्न कुनै साक्षी वा गवाहको आवश्यकता पर्दैन त्यो स्वयं प्रकाशमान् छ ।

जुन गुरुको हृदयमा सत्य र ज्ञान सूर्य समान देदिप्यमान हुन्छ । त्यही नै सर्वोच्च महापुरुष हो ।

शिष्यमा पवित्रता सच्चा ज्ञानपिपासा र अध्ययन व्यवसाय हुनु आवश्यक छ । अपवित्र आत्मा कहिल्यै पनि यथार्थ धर्मात्मा हुन सक्तैन । धार्मिक श्रद्धावान हुन तन, मन र वचनको शुद्धता हुनु आवश्यक छ । हामी जे चाहन्छौं त्यो पाईछाड्छौं । जुन वस्तुलाई हामी अन्तस्करणले चाहदैनौं त्यो वस्तु कदापी हामीमा प्राप्त हुदैन । श्रद्धाको खेती लहलहाए पछि त्यो खेतीका स्वामी भगवान् खेतमा आएर विराजमान हुनु हुन्छ। त्यस पछि अहंकार रहँदैन । भगवत संवन्धि श्रद्धाको वीज रोपी रहनु यही परिणाम हुन्छ । अतः सर्वत्र हामीले श्रद्धाको वीज रोप्नुपर्दछ । थोरै भए पनि श्रद्धालाई क्रियामा उतारेर त्यसलाई सधैं वढाउंदै लैजानु पर्दछ । प्रेम र श्रद्धा विना भक्ति मार्गमा सफलता प्राप्त गर्नु असंभव छ ।

कुनै पनि मानिसमा पाच मानसिक शक्ति विद्यमान छन् । यिनीहरूलाई के कसरी सन्तुलन गरी श्रद्धा साथ विशुद्धि मार्गमा पुगिन्छ त्यसको वर्णन विशेषत बौद्ध ग्रन्थहरूमा धेरै सुन्दरता साथ गरिएको पाईन्छ । श्रद्धा रहित भएमा प्रज्ञा मन्द हुन्छ । प्रज्ञा मन्द भए पछि मानिस सारहीन कुराहरूमा विश्वास गर्न थाल्छ । श्रद्धा मन्द भए पनि सारहीन कुरामा विश्वास गर्ना साथ मानिस यो हुन्छ, त्यो हुन्छ भनी कुनै पनि परोपकार आदि धार्मिक काममा विश्वास नै हुदैन ऊ केवल पेसेवार मात्र हुन्छ । त्यस कारण श्रद्धा वृत्तिहरूमा सन्तुलन राख्नु परम आवश्यक छ । अतः मानिसले समाधि र उत्साह जस्ता दुवै मनोवृत्तिलाई सन्तुलित राख्नु परम आवश्यक छ ।

सतविचार

धर्म संस्कृति सामाजिकता र राम्रो नराम्रो सद्‌विचार दुर्विचार व्यवहार भाग्य दुर्भाग्य भन्नु नै पारस्परिक पर्यावाची शब्द नै हुन। शरीरको नाश हुदैमा विचारहरूको नाश हुंदैन। यो ध्रुव सत्य हो। मरे पछि दोस्रो जन्म हुन्छ। पूर्व जन्ममा गरिएका राम्रा नराम्रा विचार नै उसलाई यस जन्ममा सुख दुःख दिन्छन्। माहात्माहरू आफ्नो अनुभवद्वारा भन्नु हुन्छ। संसारको प्रत्येक जड वस्तुहरूको जसरी आकार र रङ्ग हुन्छ। त्यसरी नै विचार र धर्मको पनि आकार र रङ्ग हुन्छ तर वाहिरी नेत्रबाट देखिंदैनन्। मानिस सासारिक वस्तुहरूको अनुभव पाच ज्ञानेन्द्रियबाट गर्दछन्। जस्का पनि सुक्ष्म नाडीहरू मस्तिष्कसंग प्रत्येक्ष रुपमा मिलेका छन्। जस्को अनुभव पाचै ज्ञानेन्द्रियहरू तत्काले गर्दछन। तत्कालै मस्तिष्कलाई सबै कुरो थाहाभईहाल्दछ। इन्द्रियहरू आ-आफ्नो काम आ-आफ्नो तर्फबाट गर्दछन्। यो एक सांस्कृतिक सुखका मुख्य साधन हुन्। मानिसले पाँचै इन्द्रियलाई सदासर्वदा स्वच्छ, सरल राख्नु परम आवश्यक छ। कहिं कतै पनि एक इन्द्रियको काम दोस्रो इन्द्रियले गर्नै सक्तैन भने जस्तै धर्म, काम, मोक्षमा पनि यही अनुरुप आ-आफ्नो क्षमता र योग्यता अनुसार नै काम गर्दछन्। सामर्थ्य भन्दा वढि काम जसबाट लिन खोजियो भने त्यसलाई धेरै आघात परेको हुन्छ। त्यसकारण जो जसलाई जुन किसिमको कामको जिम्मेवारी सुम्पिंदा त्यसबाट जिम्मेवारी वहन गर्न समर्थवान छ भन्ने विश्वास फैलिएमा त्यो काम अवश्य पुरा र सिद्ध पनि हुन्छ। जसरी शरीरका कुनै भागमा विपत्ती परेको कुरो मस्तिष्कले तत्काल थाहा पाई त्यसलाई निप्टारा गर्नमा समर्थवान भई अग्रसर देखाउछ। उसै गरि हामीले पनि धर्म, अर्थ, काम, मोक्षमा अग्रसरता देखाई अगाडी वढ्नु पर्छ। काठ र अग्निमा तुलना गरौं की काठ धेरै र अग्नी थोरै भएपनि काठलाई तत्कालै भस्म पारी दिन्छ।थोरै उत्तम विचारले जतिसुकै धेरै अनुचित विचारहरूलाई नाश गरिदिन्छ। मानसिक स्वतन्त्रतानै मनुष्यको सवभन्दा ठूलो जीत हो। सदा यही ध्यान गर्नु पर्छ कि मैले दुःखहरूलाई नष्ट गरी दिएमा स्वतन्त्रआत्मा भई वस्नु पर्दछ। भनिएको पनि छ "यादृशी भावना यस्य सिद्धिर्भवति तादृशी" यसैको लागि यत्न गर्नु पर्दछ। यसै माथि विचार गर्नु पर्छ। यत्न गर्नु विचार गर्नु, तत्पर हुनु, आशा राख्नु त्यो अवश्य एक दिन पूरा हुनेछ। जति चाँडो त्यसमा तत्परता भै लाग्छ त्यो शीघ्रतानै कार्य सिद्धि हुन्छ।

मानिसका मनमा सदासर्वदा नयाँ नयाँ विचारहरू उत्पन्न भई नै रहन्छन् । मानवशास्त्रवेत्ताका अनुसार मानिसले जव श्वास फेर्छ त्यो प्रत्येक श्वासमा नयाँ नयाँ विचार उत्पन्न भएका हुन्छन् जस्तै वन्दुकमा छर्या भरी छोड्दा त्यो छर्रा फैलिएर जान्छ । र त्यसबाट कुनै परिणाम आउदैन छर्रालाई एकत्रित पारी गोली वनाई हान्नाले भयंकर परिणाम उत्पन्न हुन्छ । जस्तै वायु, जल, वाष्प, विद्युत, अग्नी आदिलाई छुट्टाछुट्टै प्रयोग गरे त्यसबाट केहीँ पनि शक्ति देखा पर्दैन तर त्यसैलाई एकत्रित गरी प्रयोग गरेमा अद्भूत शक्ति उत्पन्न भई अशक्य काम लिन सकिन्छ । यस्तै विचारको पनि शक्ति अपरिमित अप्रतिशत्, अतर्क्य छ तर यसैलाई अनेक विषयहरूमा फैलिरहन्छन् तवसम्म त्यसबाट केहीँ काम गर्न सक्तैन । यिनै वस्तुहरूलाई एउटै बस्तुमाथी स्थिर गरिन्छ भने त्ससबाट अद्भूत शक्ति उत्पन्न भएर साधक वस्तुको संकल्पवाट प्राप्त हुन सक्तछ । भनीएको छ "यं यं चिन्तयतेकाम तं तं प्राप्योति निश्चितम्" एकाग्रमनले मानिस जुन वस्तुको कामना गर्दछ । त्यो वस्तु संकल्पबाट मात्रै पनि उसलाई प्राप्त गर्न सक्छ ।

जहा मन स्थिर भयो त्यहा विचारहरूको संयम आफै स्थिर हुन जान्छ । मनवाट नै विचार गरिन्छ । विचारहरूको संयमबाट मन केन्द्रिभूत भएर झर्दछन् । मनको स्थिरता विचारको संयमद्वारा ईच्छा सिद्धिको अमोघ उपाय हो । त्यसमा सुक्ष्म दृष्टिले हेरे मात्र ज्ञात हुन्छ । प्राण शक्तिबाट नै विचार शक्ति उत्पन्न भएका छन् । अतः नसोधी नवुझि मुखबाट कुनै कुरा ननिकाल्नु नै हितकारी हुन्छ । जहाँसम्म हुन्छ वोल्ने कम र काम धेरै गर्नु पर्छ । सदा मानिसको अन्तर वाहृय पवित्र राख्नु पर्दछ । आफ्ना विचार सदाशुद्ध र पवित्र स्वच्छ राख्नु पर्दछ । शरीर माथि विचारहरूको के कस्तो प्रभाव पर्दछ । विचार उत्पन्न हुने वित्तिकै चित्तमाथि संस्कार रुपी चित्र छोडीहाल्छ र राम्रो विचारले राम्रो राम्रो काम र नरामो विचारले धन जीवन र आरोग्य समेतको नाश गर्दछन् ।

जति क्रोध गऱ्यो त्यसबाट मानिसमा विष नै उत्पन्न हुन्छ भन्ने कुरा ध्रुवसत्य छ । क्रोध रहेको वखत स्त्री जातिले वच्चालाई दूध पिलाएमा त्यस बच्चाको मुत्यु समेत हुन सक्छ । भन्ने भनाई छ । शारीरिक रोगहरूको मुख्य कारण अशुद्ध विचारनै हो । जस्को मन गिर्छ जीवनको कुनै अवस्थामा पनि सिद्धि या सफलता प्राप्त गर्न सक्तैन । नराम्रो विचारहरूलाई कदापि मानिसका

मनमा आउन दिनु हुदैन । मनका प्रसन्नताले धेरै भोक लाग्छ । मलमुत्र सफा हुन्छ । शरीर वलवान र सुन्दर हुन्छ । अप्रसन्नताले दूर्वल हुन्छ । यदि जीवन सुखी सुरक्षित आनन्दमय वन्नुछ भने शरीर साथै मनलाई पनि सुधार्नु आवश्यक देखिन्छ । नराम्रो विचारले भयंकर रोग निम्त्याउछ । नराम्रो विचारहरूवाट वचेर रहनु पर्दछ । दुःखमा वा अशान्तिमा पनि मनमा घवराहट आउन दिनु हुंदैन । जो कोहीले पनि आफ्नो मनलाई आफ्नो अधिनमा राखोस् । जुन कुरो वारम्वार मनमा उत्पन्न हुन्छ । जस्को जस्तो विश्वास हुन्छ उस्तै लक्षण प्रकट हुन्छन् । "यादृशी भावना यस्य सिद्धिभवति तादृशी" जस्को जस्तो भावना हुन्छ । उस्लाई उस्तै नै भावना सिद्धि हुन्छ । सत्यता नै प्रसन्नताको जीवन हो । सत्यवाट कहिल्यैभय हुदैन भन्ने भनाई छ । रात दिन हामीकेहीँ न केहीँ विचार गरि रहन्छौ । विचारमा कुनै शक्ति लुकेको हुन्छ । राम्रो नराम्रो विचारवाट काम गर्ने मानिस सदा मनले विचार गरिरहन्छ । जस्तो हुन्छ उस्तै नै साहस प्रकृतिवाट मिल्छ । हामी जुन मनवाट विचार गर्छौं । त्यसलाई प्रकृतिले सर्वत्र भरिएको छ । विचार अनुसार कार्यलाई उत्पन्न गर्नु नै हो । जस्तो विज उस्तै वृक्ष भन्ने भनाई छ । निराशाका विचारवाट हाम्रो मुख मलिन हुन्छ । शरीर मलिन र विरुप जस्तो प्रतित हुन्छ । शास्त्रमा भनिएको छ कि "न तिर्थानि न दानानी न व्रतानि नचाश्रम : दुष्टाशयो दुष्टरतिः। प्रनष्टो व्याधितोयथा" नराम्रो विचार गर्नेलाई तिर्थयात्रा, दान, व्रत, जप, सन्यासले पनि वचाउन सक्तैन त्यस कारण सदा उत्तम विचार गर्नुपर्दछ । नराम्रा विचारहरूवाट रोगको उत्पत्ति हुन्छ । राम्रो विचारवाट आरोग्य वृद्धि हुन्छ । हामी केवल शुद्ध विचारवाट नै अशुद्ध विचारहरूलाई नै हटाउन सक्छौं । श्री कृष्णले गीतामा भन्नु भएको छ - "यज्ञानं जप यज्ञोऽदस्मि" यज्ञहरूमा जप यज्ञ नै हो ।

हाम्रा सुख दुःखका कारण अज्ञान हो । अज्ञानले आफ्नो रुप वदलेर जीवको लागि दुःखदायी हुन्छ । दुःख निवृत्तिका लगि दुःखका विरोधी विचार गर्नु नै परम हितकर हुन्छ । दुःख निवृतिका उपाय केवल ज्ञान प्राप्ति हो विचार नै ज्ञानको जनक हो अतः भनीएको छ ।

नोत्पद्यते विना ज्ञानं विचारेणाऽन्य साधनैः
यथा पदार्थ मानं हि प्रकाशेन विना क्वचित ॥

जसरी प्रकाश विना कुनै पदार्थको ज्ञान हुन सक्तैन विचार वाहेक अन्य

कुनै पनि साधन द्वारा वस्तुको ज्ञान उत्पन्न हुँदैन । प्रकाश विना केहीं पनि देखिँदैन त्यसरी नै विचार विना ज्ञान हुँदैन । विचार जान्नैंलाई खोज्न आँखावाट मनसम्म आउनु पर्दछ । अतः मनोवृत्ति अन्तरमुख प्रवाह भन्नु नै विचार हो । भन्ने नै हो भने हामी दिनमा कति चोटी दुःखी र कयौं पटक सुखी हुन्छौं । हामी सोचौं त दुःख र सुख वाहिरबाट आएको वा भित्रै जन्मिएको हो । दुःख कुनै हिंस्रक जनावर वा पदार्थमा छैन त्यो केवल मनको धर्मबाट मात्र उत्पन्न भएको हो । यस्तो नभए हामी सुखि हुने थियौ । यसो हुनु र नहुनु हाम्रो वसमा छैन भन्ने कुरा सोच्दैनौं । रात दिन नभए सर्दी गर्मी नभए हामी सुखि हुन्थ्यौं । भन्ने चाहदैमा सुखि हुँदैनौं । वाल्य यौवन जरा मृत्युलाई कस्ते रोक्न सकेको छ । संसारमा अनेक थरीका घटना घट्छन् । यी घटनाहरूलाई देखि हामी कति ठीक कारणले र कति वेठिक कारणले भयो भन्दा यसलाई वास्तवमा प्रज्ञापराध अर्थात् बुद्धिको दोष मान्नु पर्दछ । दुःखलाई वास्तविक माने पनि त्यो वास्तविक होईन जन्म मरण रोग वुढ्याइं दुःख अज्ञान जन्य दुःख हो अतः शास्त्रमा भनीएको छ -

शोक स्थान सहस्त्राणि भयस्थान शतानिच
दिवसे दिवसे मूढमाविशत्ति न पण्डित ॥

प्रतिदिन हजारौं शोक सयौ भय मूर्खलाई प्राप्त हुन्छ । विचारवान व्यक्तिलाई होइन । संस्कार र दुर्वासना परंपराले गर्दा हामीले अनेकौ अनर्गल कुरा मान्न थाल्यौं । जस्तै गतानु गतिको लोक समाजमा प्रायस मानिस एक अर्काको पछि लाग्ने हुन्छन् ।

कोऽहं कथंमिदं जातंको वैं कर्ताऽस्य विद्यते ।
उपादानं किमस्तीह विचारः सोऽयमीदृशः ॥

म को हुँ संसार कसरी उत्पन्न भयो, यसको कर्ताको हो जगत को उपादान के हो । दुःख मृत्यु एवं जडतावाट छुटकारा दिलाउने त्यो विचार कस्तो छ । म को हुं र यस्मा आफैले विचार गर्न नसकेमा कसैसंग सहायता लिई विचार गर्नु पर्दछ । एउटा भनाई व्यक्त गर्दछु एक व्यक्तिले महात्मासंग सोध्यो - महाराज म धेरै दुःखी छु के गरु महात्माले भन्यो मलाई थाहा छ तिमीलाई वस्त्र भोजनको अभाव छैन व्यवहार पनि ठीकैसंग चल्दैछ । किन दुःखी छौ भन्दा जवाफ दियो म संवन्धीहरूको वियोग र मृत्युको डरलागेकाले दुःखीछु । अतः जवाफमा अज्ञानी र दुःखी भन्ने चित्तको स्फुरण मात्र हो ।

आफ्नो अज्ञानलाई आफ्नो दुःख संझिएकाले दुःख हुन गएको । तिमी चित्तका स्फुरणहरूको प्रकाशक हौ । तिमी त त्यो हौ जस्लाई यो देखा पर्छ म गृहस्थ व्राह्मण, क्षत्रिय, वैश्य शुद्र, हिन्दू, मुसलमाल, सुतेको उठेको आदि हु । भनी ठान्नु नै चित्तका लहरहरू हुन । देश काल र वस्तु सदा परिवर्तन भईरहन्छ । तिनीहरू साक्षी मात्र हुन् । यस भन्दा पर रहेको वस्तु अखण्ड परव्रह्म हो । यो शरीर अज्ञानताले म मानिएको भएता पनि यो संसारको एक अंश हो । संसार कहाँबाट उत्पन्न भयो सुतेको समयमा यसैमा लीनहुन्छ भने जागा हुदा अज्ञानवाट निस्कन्छ । अत: भनिन्छ कि अज्ञानको पछाडी वसेको चेतनामा नै विलय भएको हुन्छ । अतः भनिन्छ यस चराचर जगतको सृष्टिकर्ता को हो । अज्ञानद्वारा भासित हुने वस्तु छदैछैन केवल प्रतीत मात्र हो । परमार्थमा कर्ताको कुरा पनि परिकल्पना मात्र हो । स्वप्नकालमा सत्य भए पनि अन्तत त्यो मिथ्या नै हो । त्यसो हो भने यो सृष्टिको उपादान केहो त यो पनि प्रश्न उठ्न सक्तछ । घडाको उपादान माटो हो भने वस्त्रको कपास । संसारको उपादन के हो भन्ने प्रश्नमा यसको कर्ता भर्ता तिमी नै हौ भनिन्छ । यसै गरि देश काल र वस्तु अखण्ड चेतनामा कल्पित हुन । त्यो देश काल र वस्तुमा पाईदैन भन्ने परिकल्पना गर्नु नै चिन्तन र विचार हो ।

जगतमा जो जो कामी र लोलुप छन तिनीहरू कुटिलै हुन्छन् । तिनीहरू काग जस्ता हुनाले सधैं डराउछन् । खकार सिंगान मल हाडखोर मा लुटुपुटिएको कागलाई कस्ले के गर्दथ्यो र डराउनु पर्थ्यो । तर त्यो काग नीच कर्मका प्रसंगले मानिस देख्ने वित्तिकै झस्कन्छ डराउँछ । त्यस्तै कामी लोलुप कुटिल स्वार्थी पुरुष आफ्नो स्वार्थ विग्रला भन्ने डरले सज्जन व्यक्ति आफ्नो अगाडी नपरोस भन्ने चाहन्छ । विषयको भोग गर्दा अपूर्व लाभ केहीँ हुंदैन हानी मात्र हुन्छ । त्यसैलाई कामी पुरुष सुख संझन्छन् । स्त्री पुरुषको परस्पर संगममा जीवनाधार शुक्रको हानी हुन्छ । तापनि त्यो शुक्र मोचनलाई नै कामी व्यक्तिहरू सुख सम्झन्छन् । कुकुरले हाड चपाउँदा आफ्नो मुखबाट आएको रगतको आनन्द लिने जस्तै हो भनिएको छ । विना नीतिको राज्य विना धर्मको धन ईश्वरार्पण विनाको सत्कर्म विवेक विनाको विद्या जती आर्जन गरे पनि परिश्रम मात्र हुन्छ । त्यस्तै सत्कार्य विनाको कार्य निरर्थक हुन्छ ।



श्री वेंकटेशाय नमः

सुप्रभात स्तोत्र (व्याख्या)

श्री बैंकटान्द्रिनिलयः कमला कामुकः पुमान् ।
अंभगुर विभूतिर्नस्तरंगयतु मंगलम् ॥

पूण्यभूमि भारतवर्षमा पवित्र एवं पुष्यदाता नदी नाला वन पर्वत तलाउ र समुन्द्र आदि प्रसस्त छन्

यसै प्रदेशका वीचमा प्राचीन इतिहास स्मरणगराउन प्रसिद्ध देवताका मन्दिरहरू पनि प्रसस्तै छन् । यिनीहरूकै मध्यभागमा पवित्र कृष्णा र कावेरी नदीका वीच भागमा वेंकटाचल भन्ने पर्वत पर्दछ । त्यसै पर्वतमा भगवान्को मन्दिर छ त्यो मन्दिर ऋगवेदमा पनि प्रसिद्धि पाएको मन्दिर हो ।

वेंकटाद्रि समं स्थानं ब्रम्हमांडे नास्ति किंचन ।
वेंकटेश समो देवो न भूतो न भविष्यति ॥

पुराणहरूको किम्वदन्तिलाई सार्थक पार्न निमित्त यही वैंकटेस्वर मन्दिर प्राचीनकाल देखि आजतक सधै नयाँ वैभवले युक्त साथै प्रभावित भई रहेको छ । त्यो सवैकालागि प्रत्येक्ष नै भएको मानिएको छ । वैंकटेश्वर जस्ता देव न थिए न हुने छन् ।

प्राचीनकाल देखिनै समय समयमा राजारजौटाहरू ज्यादै भक्ति भावले प्रेरित भई मन्दिरका दिव्य भण्डरलाई श्रीवृद्धिमा संलग्न भई कैयौं वहुमूल्य गहनाहरू तथा अनेक संभारहरूलाई जुटाई श्रीभगवनका सेवाकार्य कतैवाट पनि कमी नआउनका निमित्त सवै तर्फवाट तत्परता देखाउदै आएका थिए । सो आद्यावदि विद्यमान छ ।

वेंकटाद्रि समं नास्तिं व्रहमांडे नास्ति किंचन ।
वैंकटेश समो देवो न भूतो न भविष्यति ॥

शास्त्र सिद्धछ जस्ले जगतसिद्ध भगवान् परमपुरुषले जगतलाई सृष्टि स्थिति र प्रलयका कारण भएता पनि सदा सर्वदा जागरुक भै नै रहन्छन् । लोक रक्षाका लागि त्रेता युगमा श्रीराम अवतार लिएका श्रीरामलाई आफू साथै लिएर हिंडेका वखत वाटामा कुनै दिन सुति रहेका भगवान्लाई मुनी विश्वामित्रले कौशल्या सुप्रजा राम "इत्यादि वचलने उठाएका थिए अहिले कलियुगमा अवतारित भएका श्रीनिवासलाई सधैं प्रात कालमा उठाउन उनै

स्लोकहरूबाट प्रात उठाउने आरम्भ गरिन्छ। सुप्रभात स्तोत्र" प्रत्येक दिन पाठ गरिन्छ। प्राचीन अवतारमा जुन तरहबाट जगाइन्थ्यो अहिलेको अवतारमा पनि त्यही अनुरुप जगाईन्छ। भगवान् रातमा आराम लिई सुत्दछन् भन्ने कुरा शास्त्रसम्मत भएको पाईन्छ।

मामुली तवरबाट हरेक मानिस सूर्योदयका समयमा निन्द्राबाट विउँझदा हरिस्मरण गरेमा सबै दुष्कर्म हट्छ र सबै तवरबाट असल हुन्छ भन्ने धर्म शास्त्रकर्ता ऋषिमुनिहरूको मत हो, श्रीमद्भागवतमा यही किसिमको वर्णन गरिइको छ। देवालयहरूमा ठूलावडा स्वामीका मूर्तिका अगाडी दिव्य मंगल स्वरुप शोभायमान साक्षात्कार गर्नाले निसन्देह त्यस किसिमको स्मरणले अधिक फल मिल्छ। यो सत्य हो।

अहिलेका अवस्थामा जुन तरहबाट भएपनि संचार साधन, साधन स्वरुप प्राप्त भएका छन्। यी सुप्रभात स्तोत्र देश विदेशका कुना कुनामा प्रचार गराई भगवान्को स्मरण गराउने प्रमुख कर्तव्य रहेको छ। पहिले सरल भावार्थ मात्र प्रकाशित स्तोत्र अहिले प्रत्येक श्लोकको चित्र सहित मुद्रित भै आँखालाई आनद दिने पनि भएको छ।

श्री वेंकटेश्वर भगवान्संग प्रार्थना गरिएको छ। यो सेवा सबै प्राणि वर्गमा सार्थक भै चरितार्थ हवस भन्ने कामना गर्दछु।

अस्तु अस्तु अस्तु

सुप्रभात स्तोत्र (टीका)

कौसल्या सुप्रजा राम पूर्वासंध्या प्रवर्तते ।
उत्तिष्ठ नरशार्दूल कर्तव्यं दैवमान्हिकम् ॥

महारानी कौशल्या देवीको संतान भएका श्रीराम पूर्व दिशामा अरुणोदय भइरहेको छ । उठ देव देवताहरूको पुजा गर्ने समय भयो हे पुरुष श्रेष्ठ निद्रावाट विउभ्क उठ ॥

उत्तिष्ठोत्तिष्ठ गोविंद उत्तिष्ठ गरुडध्वज ।
उत्तिष्ठ कमलाकांत त्रैलोक्यं मंगलं कुरु ॥२॥

हे गोविन्द निद्रावाट उठनुहवस हे गरुड ध्वज छीटो उठ्नु हवस हे लक्ष्मीनाथ झटै उठेर तिनै लोकलाई शुभ संमाचार प्रदान गर्नु हवस ॥

मातः समस्त जगतां मधुकैटभारे :
वक्षो विहारिणि मनोहर दिव्यमूर्ते ।
श्री स्वामिनि श्रितजन प्रियदानशीले
श्रीवेंकटेशदयिते नव सुप्रभातम् ॥ ३ ।

सारा संसारकै आमा भएकी सदासर्वदा भगवान् विष्णुका बक्षस्थलमा वासवस्ने दिव्य सुन्दर अनुहार भएकी भक्तहरूको इच्छ्रलाई पुरा गराउने भएकी श्री वेंकटेश्वर भगवान्का पत्नी श्री लक्ष्मी हजूरको विहानी भयो । जागा हुनु हवस ।

तव सुप्रभात मरविंदलोचने
भवतु प्रसन्नमुखचंद्रमंडले ।
विधिशंकरंद्रवनिताभिरर्चिते
वृषशैलनाथदयिते दयानिधे ॥४॥

हे लक्ष्मी तिमी कमल समान आँखा भएकी चन्द्रमाको कान्ति जस्तै प्रसन्न मुख भएकी बम्ह शंकर र इन्द्र पत्नी अर्थात वाणी गिरीजा र शचिले समेत पूजनीय भएका दयानिधि भै बसेकी हे वेंकटेश्वर भगवान्की पत्नी भएकी लक्ष्मी सूर्योदय भयो तपाइंको निद्रा जागोस् ।

अञ्यादि सप्तऋषयः समुपास्य संध्यां
आकाश सिंधुकमलानि मनोहराणि ।

आदाय पादयुगमर्चयितुं प्रपन्नाः
शेषाद्रिशेखरविभो तव सुप्रभातम् ॥ ५॥

अत्रिआदी सप्तर्षिहरू सवेरै सन्ध्या कालको उपासना समाप्त गरी आकाश कमललाई एकत्रित गरी चरण कमलको पूजा गर्न निमित आईपुगे हे शेषाचलाधीश भगवान् हजूरको सूर्योदय भयो उठनुहोस् ।

पंचाननाब्जभव षण्मुख वासवाद्या :
त्रैविक्रमादिचरितं विबुधाः स्तुवंति ।
भाषापतिः पठति वासर शुद्धिमारात्
शेषाद्रिशेखरविभो तव सुप्रभातम् ॥ ६ ॥

शंकर ब्रह्मा कुमार इन्द्र प्रभृति देवतागण तपाईंको त्रिविकम अवतार आदि दिव्य चरित्रको स्तुति गरि रहेका छन् । वृहस्पति पात्रो हेरेर दिनको शुद्धता सुनाइरहेका छन् । हे शेषाचलाधीश तपाईंको सूर्योदय भयो उठ्नु हवस ।

ईषत्प्रफुल्ल सरसीरुह नारिकेल
पूगद्रुमादि सुमनोहर पालिकानाम् ।
आवाति मंदमनिलः सह दिव्यगंधैः
शेषाद्रिशेखरविभो तव सुप्रभातम् ॥ ७ ।

थोरै थोरै फूकेको कमल र नरिवल र सुपारिका रुखको फूलका सुगन्धले युक्त हावा मन्द मन्द चलिरहेछ हे शेषाद्रिविभो सूर्योदय भयो उठनुहवस ।

उन्मील्यनेत्रयुगमुत्तमपंजरस्थाः
पात्रावशिष्ट कदलीफल पायसानि ।
भुक्त्वा सलीलमथ केलिशुकाः पठंन्ति
शेषाद्रिशेखरविभो तव सुप्रभातम् ॥८ ॥

हे वेंकटाचलाधिश पिजडामा राखेर पालिएको पाल्तु सुगा निद्राबाट जागेर उसलाई खान राखिदिएको भाँडामा खाएर वाँकिरहेको केरा र खीरका टुक्रा खाएर प्रसन्न भै वोलीरहेको छ । हे शेषशैलाधीश तपाईंको सुप्रभात भयो उठ्नुहवस ।

तंत्रीप्रहर्षमधुरस्वनयाविपंच्या
गायंत्यनंतचरितं तव नारदोऽपि ।

भाषासमग्रमसकृत्करचाररम्यं
शेषाद्रिशेखरबिभो तव सुप्रभातम् ॥९ ॥

तन्तुहरूले सुमधुर स्वर दिने भएको विणा वजाउदै सुन्दर अर्थ युक्त भाषाले पुरै समृद्ध गर्ने हात चालेर अभिनय गर्ने नारदमहामुनि तपाईंको कहिल्यै अन्त्य नहुने दिव्य चरित्र गाइरहेका छन्। हे शेषाद्रि प्रभो तपाईंको सूर्योदय भयो उठ्नुहोस्।

भृंगावली च मकरंदरसानुविद्ध
झंकार गीत निनदैः सह सेवनाय।
निर्यात्युपांत सरसीकमलोदरेभ्यः
शेषाद्रिशेखरविभो तव सुप्रभातम् ॥ १० ॥

पुष्परस पान गर्नाले मत्त भएका भ्रमराहरूका गुनगुनावटले गीत भाका युक्त स्वर भएको नगिचैको पोखरीका कमलवाट निस्केको भ्रमराका समूहले तपाईंको सेवा गर्न आईरहेका छन्। हे शेषाचलाधिश सूर्योदय भयो उठ्नु हवस्।

योषागणेन वरदध्नि विमथ्यमाने
घोषालयेषु दधिंमथनतीव्रघोषाः।
रोषात्कलिं विदधते ककुभच्च कुंभाः
शेषाद्रिशेखरविभो तव सुप्रभातम् ॥ ११ ॥

गोठालाहरूका घरमा स्त्रीहरूले मोही पार्न राखिएको शुद्ध दही ठेकीमा राखी मन्थन गर्दा निस्किएको आवाज, यस्तो लाग्यो की दही र मदानी ठेकीमा पारस्परिक कलह भैरहेको छ। हे शेषाद्रिश्वर प्रभो सूर्योदय भयो उठ्नु हवस्।

पद्मेशमित्रशतपत्रगतालिवर्गाः
हर्तुं श्रियंकुवलयस्यनिजांगलक्ष्म्या।
भेरीनिनादमिव विभ्रति तीव्रनादं
शेषाद्रिशेखरविभो तव सुप्रभातम् ॥ १२ ॥

पद्मिनी वल्लभ सूर्यका भित्र सैयौं पात भएका कमलका फूलबाट निस्किएका भमराका समूह आफ्नै शरीरका कान्तिद्वारा नीलो कमलका कान्तीलाई नै हटाउन बाजाका शब्द जस्तै आवाज गरि रहेको छ। हे शेषशैलाधीश सूर्योदय भयो उठ्नु हवस्।

श्रीमन्नभीष्टवरदाखिल लोकवंधो
श्रीश्रीनिवास जगदेक दयैकसिंधो ।
श्रीदेवतागृह भुजांतर दिव्यमूर्ते
श्रीवेंकटाचलपते तव सुप्रभातम् ॥ १३ ॥

हे श्री निवास तपाईं इच्छा वमोजिम वर दिने संसारका वन्धु वान्धव हुनु हुन्छ । पुज्य श्रीलक्ष्मीको निवास स्थान हो र सारा संसारमा तपाईं नै दयानिधी एवं लक्ष्मीको आवास भएको वक्षो भाग द्वारा शोभित भएका दिव्य आकृतिवान हे वेंकटाचलपते तपाईंको सूर्योदय भयो उठ्नु हवस् ।

श्रीस्वामिपुष्करिणिकाल्पवनिर्मलांगाः ।
श्रेयोऽथिनो हर विरिंचि सनंदनाद्याः ।
द्वारे वसंति वरवेत्र हतोत्तमांगाः
श्रीवेंकटाचलपते तव सुप्रभातम् ॥ १४ ॥

व्रह्मा शिव सनन्दन महर्षि आदि सवै श्रेयकामना गर्ने व्यक्तिहरू स्वामीपुष्करिणीमा स्नान गरी पवित्र भै आएकाहरूलाई द्वारपालका लठ्ठीले मार खाई ढोकामा वसी रहेका छन् । हे वेंकटेश्वर तपाईंको सूर्योदय भयो उठ्नु होस ।

श्रीशेषशैल गरुडाचल वेंकटाद्रि
नारायणाद्रि वृषंभाद्रि वृषाद्रिमुख्यान् ।
आख्यान् त्वदीयवसतेरनिशं वदंति
श्रीवेकटाचलपते तव सुप्रभातम् ॥१५॥

हे वेंकटेश्वर तपाईंका आवास स्थान तिरुमल पहाडलाई श्री शैल, शेषशैल, वेंकटाचल, गरुडाचल नरायणाद्रि वृषभाद्रि वृषादि आदि कैयौं नामले सदा पुकारि रहन्छन् हे वेंकटोचलाधीश तपाईंका सूर्योदय भयो उठ्नु हवस ।

सेवापराः शिवसुरेशकृशानुधर्म
रक्षोंऽ बुनाथ पवमान धनाधिनाथाः ।
बद्धांजलि प्रविलसनिजशीर्षदेशाः ।
श्रीवे.कटाचलपते तव सुप्रभातम् ॥१६॥

इशान, इन्द्र, अग्नि, यम, निऋति, वरुण, वायु र कुवेर नाम गरेका आठ दिक्पालहरू हातजोडेर शोभायमान भै हातजोडी शिर निहुराई तपाईंको सेवामा तत्पर भई खडा भई रहेका छन् । हे वेंकटाचलपते तपाईंको शुर्योदय भयो उठ्नुहोस् ।

धाटीषु ते विहगराज मृगाधिराज
नागाधिराज गजराज हयाधिराजाः ।
स्वस्वाधिकारमहिमादिकमर्थयंते
श्रीवेंकटाचलपते तव सुप्रभातम् ॥१७॥

हे वेंकटाधीश तपाईंकागमनमा गरुड, सिंह, शेषनाग, ऐरावत र उच्चैश्रवा वाहन आ-आफ्नो महत्वपूर्ण अधिकार र गौरवलाई याचना गरिरहेका छन् हे वेंकटाधीश तपाईंको शुभोदय भयो उठ्नु हवस् ।

सूर्येंदुभौमबुधवाक्पति काव्यसौरि
स्वर्भानुकेतु दिविषत्परिषत्प्रधानाः
त्वद्दासदास चरमावधिदासदासाः
श्रीवेंकटाचलपते तव सुप्रभातम् ॥१८॥

सूर्य, चन्द्र, मंगल, वुध, वृहस्पति, शुक्र, शनि, राहु र केतु नामका देव सभाका नव ग्रह तपाईंको दासहरूका दास अन्तमा उसैको दास हो । हे वेंकटाचलपते तपाईंको सुभोदय भयो उठनु हवस् ।

त्वत्पाददधूलिभरितस्फुरितोत्तमांगाः
स्वर्गापवर्गनिरपेक्षा निजांतरंगाः ।
कल्पागम ऽऽ कलनया ऽऽ कुलतां भजंते
श्रीवेंकटाचलपते तव सुप्रभातम् ॥ १९ ॥

हे वेंकटेश्वर तपाईंको चरणरजलाई शिरमा धारण गर्ने भक्तजन स्वर्ग मोक्ष आदिलाई चाहदैनन् । तर दोस्रो कल्पको आगमनका चिन्ताले व्याकुल भै रहन्छन् । हे वेंकटेश प्रभो तपाईंको शुप्रभात भयो उठ्नु हवस् ।

त्वद्गोपुराग्र शिखराणि निरीक्ष्यमाणाः
स्वर्गापवर्गपदवीं परमां श्रयतः ।
मर्त्या मनुष्यभुबने मतिमाश्रयंते
श्रीवेंकटाचलपते तव सुप्रभातम् ॥२०॥

स्वर्गलोक वा मोक्ष मार्ग जाने मनुष्य पनि तपाईंको मन्दिरको गजुर शिखरलाई देखेर मर्त्यलोक मानै वस्ने इच्छा गर्दछन् । हे वेंकटाधीश तपाईंको सूर्योदय भयो उठ्नु हवस् ।

श्रीभूमिनायक दयादिगुणामृताब्धे
देवाधिदेव जगदेक शरण्यमूर्ते ।
श्रीमन्ननंतगरुडादिभिरर्चितांघ्रे
श्रीवेंकटाचलपते तव सुप्रभातम् ॥२१॥

श्री देवी र भूदेवीका नायक श्री वेंकटेश्वर तपाईं दया समान दीव्य गुणका सुधा समुद्र हुनु हुन्छ । हे देवाधिदेव संपूर्ण जगतका लागि तपाइं नै एक शरण भएका हे श्रीमन तपाईं अनन्त गरुड आदि द्वारा पूजित पवित्र चरण भएको हुनुहुन्छ । हे स्वामि तपाईंको शुभोदय भयो उठ्नु हवस् ।

श्रीपद्मनाभ पुरुषोत्तम वासुदेव
बैकुंठ माधव जनार्दन चक्रपाणे ।
श्रीवत्सचिन्ह शरणागत पारिजात
श्रीवेंकटाचलपते तव सुप्रभातम् ॥२२॥

हे पद्मनाम पुरुषोत्तम वासुदेव वैकुण्ठ माधव जनार्दन चक्रपाणि श्री वत्सलाक्षित प्रभो शरणागत कल्पवृक्ष भएको वेंकटाधीश तपाईंको सूर्योदय भयो उठ्नु हवस् ।

कंदर्पदर्पहरसुंदरदिव्यमूर्ते
कांताकुचांबुरुहकुट्मललोलदृष्टे ।
कल्याणनिर्मलगुणाकर दिव्यकीर्ते
श्रीवेंकटाचलपते तव सुप्रभातम् ॥ २३ ॥

कामदेवका घमण्ड हटाउने सुन्दर दीव्य रुप भएका कमलका फूल समान प्रेयसीका स्तनमा आसक्ति पूर्ण दृष्टिराख्ने अनन्त कल्याण निर्मल गुणमा दिव्य कीर्ति भएका हे वेंकटेश्वर सुप्रभात भयो उठ्नुहवस् ।

मीनाकृते कमठ कोल नृसिंहवर्णिन्
स्वामिन् परश्वथ तपोधन रामंचन्द्र ।
शेषांशराम यदुनंदन कल्किरुप
श्रीवेंकटाचलपते तव सुप्रभागतम् ॥२४ ॥

हेस्वामिन तपाईं मत्स्य, कुर्म, वराह, वामन, परशुराम, श्रीराम, वलराम, श्री कृष्ण र कल्कि नामका दश अवतारलाई लोककल्याणका लागि यो अवतार धारण गरेका हुन् । हे वेंकटेश्वर सुप्रभात भयो उठ्नुहवस् ॥२४॥

एला लबंग धनसार सुगंधितीर्थ
दिव्यं वियत्सरसि हेमघटेषुपूर्णम् ।
धृत्वाद्य वैदिकशिखामणयः प्रहृष्टाः
तिष्ठंति वेंकटपते तव सुप्रभातम् ॥२५॥

वेदज्ञाताउत्तम जाति व्रह्मणहरूले अलैंची, ल्वाँग, कपुर आदि द्वारा सुगन्धित र दिव्य वस्तु, राखी आकाश तीर्थ गंगाबाट सफा कलसमा शुद्ध जल भरी ल्याई धेरै खुशी भै तपाईंको पूजा अर्चनाका लागि खडा भै रहेछन् । हे वेंकटाधीश तपाईंको सूर्योदय भयो उठनु हवस् ।

भास्वानुदेति विकचानि सरोरुहाणि
संपूरयंति निनदैः ककुभो विहंगाः ।
श्रीवैष्णवाः सततमर्थितमंगलास्ते
धामाश्रयंति तव वेंकट सुप्रभातम् ॥२६॥

हे वेंकटेश्वर सूर्य उदाई रहेका छन् । कमल फूलिरहेका छन् । पंक्षिहरू गुँडबाट निस्किई विभिन्न दिशातिर गई रहेका छन् । वैष्णवहरू स्नान कर्म गरि प्रभुको भजन स्तुति गाउदै नगीचै खडा भै रहेका छन् । हे प्रभो हजुरको शुभोदय भयो चाडै उठ्नुहोस् ।

व्रह्मादयःसुरवराः समहर्षयस्ते
संतः सनंदनमुखात्त्वथ योगिवर्याः ।
धामांतिकेतव हि मंगलवस्तुहस्ताः
श्रीवेंकटाचलपते तव सुप्रभातम् ॥२७॥

हे वेंकटेश्वर व्रह्मा आदि देवगण महर्षिहरूका साथ सनन्दन आदि योगीहरू मंगल द्रव्यहरूलाई हातमा लिई तपाईंको मन्दिर अगाडी खडा भै रहेका छन् । हे वेंकटेश जागा हुनु हवस् सूर्योदय भयो ।

लक्ष्मीनिवासनिरवद्यगुणैकसिंधो
संसारसागर समुत्तरणैकसेतो ।
वेदांतवेद्य निजवैभव भक्तभोग्य
श्रीवेंकटाचलपते तव सुप्रभातम् ॥२८॥

हे वेंकटेश्वर हे लक्ष्मी नाथ निर्मल गुणका एक मात्र समुद्र जस्ता संसार रुपि समुद्रबाट पार गर्ने सेतु भएका उपनिषदमा पनि वर्णन गरिएका वैभव भएका भक्त योग्य भगवान् तपाईंको सूर्योदय भयो उठ्नु हवस् ।

इत्थं वृषाचलपतेरिह सुप्रभातं
ये मानवाः प्रतिदिनं पठितुं प्रवृत्ताः ।
तेषां प्रभातसमये स्मृतिरंगभाजां
प्रज्ञां परार्थसुलभां परमां प्रसुते ॥२९॥

हरदिन प्रभात कालमा जो कोई मनुष्य यसै सुप्रभात स्तोत्रलाई पढ्न चाहना गर्दछ भने त्यसको यो वेंकटेश्वरको स्मरण मोक्ष पाउने उत्तम उपाय हो भन्ने कुराको विकसित गराउछ ।

श्रीवेंकटेशस्तोत्रम्
कमलाकुचचूचुक कुंकुमतो
निततारुणितातुल नीलतनो ।
कमलायतलोचन लोकपते
विजयी भव वेंकटशैलपते ॥१॥

हे वेंकटाधीश लक्ष्मीका स्तनको वरपर भ्रमराहरूद्वारा लाल वनेका श्री नीलशरीर भएका काला कृष्ण कमल जस्तै लामो आँखाका परेली फैलिएका हे जगन्नाथ तपाईं सदा सर्वदा विजयी भै सहनु हवस् है ।

सचतुर्मुख षण्मुख पंचमुख
प्रमुखाखिल दैवतमौलिमणे ।
शरणागतवत्सल सारनिधे
परिपालय मां वृषशैलपते ॥२॥

व्रह्मा शंकर स्कन्ध कुमार जस्ता सबै देवताका शरणमा आउनेहरूलाई प्रेम पूर्वक वात्सल्य देखाउने वलवान पुरुषार्थका खानी भएका हे वेंकटाधीश हाम्रो रक्षा गर्नुहवस् ।

अतिवेलतया तव दुर्विषहै
रनुवेलकृतैरपराधशतैः ।
भरितंतोरितं बृषशेलपते
परया कृपया परिपाहि हरे ॥३॥

हे वेंकटेश सीमातीत भएर । तपाईंलाई सहि नसक्नुभई हरहमेशा गरिएकोसयौ अपराधले भरिएको मलाई चाडैन हे वेंकटाधीश तपाईंको उत्कृष्ट कुपाले सुरक्षित गर्नु हवस् ।

अधिवेंकटशैलमुदारमते-
र्जनताभिमताधिकदानरतात् ।
परदेवतयागदितान्निगमैः
कमलादयितान्न परं कलये ॥४॥

श्री वेंकटाचलमा वसी उदारमनले मनुष्यका इच्छा भन्दा बढी दिन आसक्ति देखाउने र वेदमा सर्वश्रेष्ठ भनी वर्णन गरिएका लक्ष्मीनाथ श्री वेंकटेश्वर वाहेक अरु कोही पनि देवताका सेवामा कमी नगर्नु ।

कलवेणुरवावशगोपवधू
शतकोटिवृतात्स्मरकोटिसमात् ।
प्रतिवल्लविकाभिमतात्सुखदात्
वसुदेवसुतान्न परंकलये ॥५॥

वासुरीको ध्वनीबाट आकृष्ट सयौ गोपिनीहरूले घेरीएर वस्ने हजारौ कामदेवका समान सुन्दर रुप भएक सुख र शान्ति दिने हरेक गोपिनीहरूको प्रिय भएका वसुदेव पुत्र श्री कृष्ण वाहेक अरु कसैलाई पनि म चिन्दै चिन्दिन ।

अभिरामगुणाकर दाशरथे
जगदेकधनुर्धर धीरमते ।
रघुनायक राम रमेश विभो
वरदो भव देव दयाजलधे ॥६॥

सुमनोहर गुण भएका दशरथका पुत्र श्रीराम सारा संसारमा समान धनुर्धारी वीर र धैर्यवान हौ । रघुवंशमा श्रेष्ठ हे दयाका समुन्द्र रामचन्द्र लक्ष्मीनाथ भगवान् मेरो लागि वरदान दिने वन ।

अवनीतनया कमनीयकरं
रजनीकरचारुमुखांबुरुहम् ।
रजनीचरराजतमोमिहिरं
महनीयमहं रघुराममये ॥७॥

पृथिवी पुत्री सीतालाई प्यारो मान्ने चन्द्रमा जस्ता सुन्दर मुख कमल भएका राक्षस राज रावणरुपी अंधकारको लागि सूर्य जस्ता तेज भएका महात्मा रामचन्द्र जो हुन् । म उनैका शरणमा जान्छु ।

सुमुखं सुहृदं सुलभं सुखदं
स्वनुजं च सुखायममोधशरम् ।
अपहाय रघूद्वह मन्यमहं
न कथंचन कंचन जातु भजें ॥८॥

सुन्दर मुखाकृति सफा हृदय भएका सजीलैसंग पाईने असल भाईहरू र सुन्दर शरीर भएका वाण हाने पछि व्यर्थ नहुने रघुकुलको उद्धार गर्ने श्री रामलाई छोडेर अरु दोस्रो कसैलाई कुनै तवरबाट पनि म सेवा गर्दै गर्दिन ।

विना वे.कटेशं न नाथो न नाथः
सदा वेंकटेशं स्मरामि स्मरामि ।
हरे वेंकटेश प्रसीद प्रसीद
प्रियं वेंकटेश प्रयच्छ प्रयच्छ ॥९॥

हे वेंकटेश्वर तपाईं वाहेक अरु मेरा कोही मालिक छैन सदा सर्वदा श्री वेंकटेश्वरलाई नै संझि रहन्छु । हे श्रीहरि वेंकटेश्वर सदा प्रसन्न हुनु होस् ईच्छा वमोजिम दिनुहवस् ।

अहं दूरतस्ते पदांभोजयुग्म-
प्रणामेच्छया ऽऽ गत्य सेवां करोमि,
सकृत् सेवया नित्यसेवाफलं त्वं
प्रयच्छ प्रयच्छ प्रभो वेंकटेश ॥१०॥

हे स्वामिन वेंकटेश म तपाईंको दुई चरणलाई दर्शन गर्न निमित्त टाढादेखि आएर सेवा गरिरहेको छु । थोरै समयको थोरै सेवाले नै तपाई प्रसन्न भै सदा सेवा गर्ने फल वा अवसर दिनु हवस् ।

अज्ञानिनामयादोषान्
अशेषान् विहिनात् हरे ।
क्षमस्व त्वं क्षमस्व त्वं
शेषशैल शिखामणे ॥११॥

हे शेष शैल शिखामणि श्री हरि वेंकटेश्वर म जस्तो अज्ञानीबाट गरेको सबै अपराधलाई तपाईंले माफ गरिदिनु हवस् ।

॥ श्री वेंकटेश प्रपत्तिः ॥

ईशानां जगतोऽस्य वेंकटपते विष्णोः परां प्रेयसीं
तद्वक्षस्थल नित्यवासरसिकां तत्क्षांतिसंवर्धिनीम् ।
पद्मालंकृत पाणिपल्लवयुगां पद्मासनस्थां श्रियं
वात्सल्यादि गुणोज्ज्जवलां भगवती वन्दे जगन्मातरम् ॥१॥

यस जगतकी रानी भएकी श्री वेंकटेशभगवान्को परमं प्रेयसी उनै भगवान्का वक्षस्थलमा सदा वास वस्नलाई आशक्ति देखाउनुका साथै उनै भगवान्लाई क्षमा शक्ति वढाउने कमलका फूलले शोभायमान दुवै हात भएका कमलका फूलमा वस्ने वात्सल्य आदि दिव्यगुणद्वारा उज्जवल लोकमाता भगवती लक्ष्मीलाई म सदा नमस्कार गर्दछु ।

श्रीमन् कृपा जलनिधे कृतसर्वलोक
सर्वज्ञ शक्त नतवत्सल सर्वशेषिन् ।
स्वामिन् सुशील सुलभाश्रितपरिजात
श्रीवेंकटेश चरणौं शरणं प्रपद्ये ॥२॥

हे श्री वेंकटेश्वर तपाईं यस जगतको श्रीमान र दयाका खानी संसारका कर्ता हुन हुन्छ भन्ने कुरा सबै जान्दछन् । तपाईं समर्थवान भक्तवत्सल हो भन्ने कुरामा महशुस छ । जड र चेतन रुपि सारा संसार तपाईंका शरीरमा छ र त्यसैका अंश पनि हो र तपाईं नै सुशील र सुलभ गुणवान हुनु हुन्छ । हे प्रभो म तपाईंका चरणमा शरण लिन चाहन्छु प्रभो ।

आनू पुरर्रापित सुजात सुगंधिपुष्प
सोरभ्य सौरभ करौ समसन्निबेशौ ।
सोम्यौ सदानुभवने ऽ पि नवानुभाव्यौं
श्रीवेंकटेश चरणैं शरणं प्रपद्ये ॥३॥

दुवै पाउका वाजुतक समर्पित असल सुगंधित फूलका वास्नालाई पनि सुगन्धित पार्ने समान सन्निवेश भएका प्रसन्न मनले नयाँ अनुभव दिने श्री वेंकटेशका चरणमा शरण लिन्छु प्रभो ।

सद्योविकासि समुदित्वर सांद्रराग
सौरभ्यनिर्भर सरोरुह साम्यवार्ताम् ।
सम्यक्षु सादृस पदेषु विलेखयंतौ
श्रीवेंकटेश चरणौं शरणं प्रपद्ये ॥४॥

भरखर फुलेका र फुलिसकेर लाल लाल भै सुगन्धित कमल जस्तै दाँत सुन्दर पाद चिन्ह जस्तै देखिने श्री वेंकटेश्वरका चरणमा शरण लिनेछु। हे प्रभो।

रेखामयध्वज सुधाकलशात पत्र
वज्रांकुशांवुरुह कल्पक शंखचक्रैः।
भव्यैरलंकृत तलौ परतत्वचिनहैः
श्रीवे.कटेश चरणौ शरणं प्रपद्ये ॥५॥

मङ्गलकारी रेखामयध्वजका रुपमा देखाई दिने झण्डा, अमृत कलश, छाता, वज्र, अंकुश, कमल, कल्प वृक्ष, शेख र चक्र रुप परतत्व चिन्हद्वारा शोभायमान श्री वेंकटेश्वरका पाउमा आश्रय लिन्छु प्रभो।

ताम्रोदर द्युति पराजित पद्मरागौ
बाह्यैर्महाभिरभिभूत महेंद्र नीलौ।
उद्यन्नखांशुभिरुदस्त शशांकभासौ
श्रीवेंकटेश चरणौ शरणं प्रपद्ये ॥६॥

अन्तस्करणको लालीद्वारा पद्मराग मणिको कान्तिलाई नै मेटाई दिने वाहिरी कान्तिद्वारा इन्द्रनीलमणिलाई र नङका कान्तिले चन्द्रमालाई नै तिरस्कृत गराउने श्री वेंकटेश्वरको म शरण लिनेछु प्रभो।

सप्रेमभीर्ति कमलाकर पल्लवाभ्यां
संवाहने ऽ पि सपदि वलममाददानौ।
कांतावबाङ्मनसगोचर सौत्कुमार्यौ
श्रीवेंकटेश चरणौ शरणं प्रपद्ये ॥७॥

श्री महालक्ष्मीको कोमल हातरुपी पालुवाद्वारा प्रेम र भयका साथ औषधी लगाई विस्तारै विस्तारै मुसारदैमा तत्काल नै क्लान्त हुने हातलाई मन र वचनद्वारा नदेखिने सुकुमार भै रहेका श्री वेंकटेशको सुन्दर चरणमा आश्रय पाउछु प्रभो।

लक्ष्मी मही तदनुरुप निजानुभाव
नीलादि दिव्य महिषी कर पल्लवानाम्।
आरुण्य संक्रमणतः किल सांद्ररागौ
श्रीवेंकटेश चरणौं शरणं प्रपद्ये ॥८॥

श्री देवी भूदेवी र उनै समान स्वानुभगवान् नीलादेवी आदि दिव्य

महार्षिका कर पल्लवलाई लालीद्वारा मिलाई धेरैलाल देखिने श्री वेंकटेश्वरका चरणमा शरण लिनेछु प्रभो ।

नित्यानमद्विधिशिवादि किरीट कोटि
प्रत्युत्प्रदीप्त नव रत्न महः प्ररोहैः ।
नीराजनाविधिमुदार मुपादधानौ
श्रीवेंकटेश चरणौ शरणं प्रपद्ये ॥९॥

सदासर्वदा नमस्कार गरिरहेका ब्रह्मा शिव जस्तैका किरिटमा जडिएको रत्नका कान्तिले आरतीका क्रियालाई पाएका श्री वेंकटेश्वरका चरणमा म शरण लिनेछु प्रभु ।

विष्णोःपदे परम इत्युदितप्रशंसौ
यौ "मध्य उत्स" इति भोग्यतयाऽ प्युपात्तौ ।
भूयस्तयेति तव पाणितलप्रदिष्टौ
श्रीवेंकटेश चरणौ शरणं प्रपद्य् ॥१०॥

हे वेंकटेश्वर ऋगवेदमा जुन "विष्णोः पदेपरमे र मध्व उत्स" भनेर प्रशंशा एव अनुभवमा आएर पनि प्रशंसा एवं सही कुरा भनी तपाईंको हातले निर्दिष्ट भै तपाईंका ती दिव्य चरणमा आश्रय लिनेछु प्रभु ।

पार्थाय तत्सदृश सारथिना त्वयैव
यौ दर्शितौ स्वचरणौ शरणं व्रजेति ।
भूयो ऽ पि मह्यमिह तौ करदर्शितौ ते
श्रीवेंकटश चरणौ शरणं प्रपद्ये ॥११॥

शरणमा आउने अर्जूनका तदनुरुप सारथी वने । तपाईंले नै चरणका लागि युगल देखायौ त्यही भगवान् वेंकटाचल पर्वतमा मलाई हातले देखाई रहनु भएको छ । हे श्री वेंकटेश्वर म इनैका चरणको शरण पाई रहेको छु प्रभो ।

मन्मुर्ध्नि कालियफणे विकटाटवीषु
श्रीवेंकटाद्रि शिखरे शिरसि श्रुतीनाम् ।
चित्तेप्यानन्य मनसां सममाहितौ ते
श्रीवेंकटेश चरणौ शरणं प्रपद्ये ॥१२॥

श्री वेंकटेश्वर म जस्ता पापीको शिरमा कालीय नागका फंडामा वेंकटाचल पर्वतको शिखरमा चरणमा वेद उपनिषद्मा र अनन्य ध्यान योगी भक्तका दीलमा समान रुपले राखिएको तपाईंको चरणमा म शरण लिनेछु हे प्रभो ।

अम्लानदृष्यदवनीतलकीर्णपुष्पौ
श्रीवेंकटाद्रि शिखराभरणायमानौ ।
आनंदिताखिल मनो नयनौ तवै तौ
श्री वेंकट्श चरणौ शरणौ प्रपद्ये ॥१३॥

हे वेंकटेधीश तपाईंका चरणमा अर्पण गर्न निमित्त कहिल्यै सुक्तै नसुक्ने फूल जमिनमा फुलि रहेको छन् त्यसैबाट शोभायमान भएको वेंकटाचलका शिखरमा आनन्द दिने तपाईंको यो चरणमा म आश्रय भै रहन्छु ।

प्रायः प्रपन्नजनता प्रथमावगाह्यौ
मातुः स्तनाविव शिशोश्मृतायमानौं ।
प्राप्तौ परस्पर तुला मतुलांतरौ ते
श्री वेंकटेश चरणौं शरणं प्रपद्ये ॥१४॥

हे वेंकटेश्वर तपाईंका समस्त भक्तहरूवाट सबै भन्दा पहिले जन्मने वच्चालाई आमाको दूध अमृत जस्तै अन्य वस्तु तुलना नहुने तपाईंको चरणमा सदा शरणमा पर्दछु ।

सत्वोत्तरैस्सतत सेव्यपदांवुजेन
संसार तारक दयार्द्र दृगंचलेन ।
सौम्योपयंतृ मुनिना मम दर्शितौ ते
श्री वेंकटेश चरणौ शरणं प्रपद्ये ॥१५॥

हे वेंकटाधीश सात्विक जनद्वारा सदासेवित हुने र संसारवाट तारण गर्ने कृपाकठाक्ष भएका सौम्य जामातृमुनि मलाई जे देखाउनु भएको छ तपाईंको त्यो दीव्यचरणमा म शरण लिई वस्नेछु प्रभु ।

श्रीश श्रिया घटिकया त्वदुपाय भावे
प्राप्ये त्वयि स्वयमुपेयतया स्फुरंत्या ।
नित्याश्रिताय निरवद्यगुणाय तुभ्यं
स्यां किंकरो वृषगीरीश न जातु मह्यम् ॥१६॥

हे लक्ष्मीनाथ तपाईं भक्तहरूको परम पद प्राप्तीका उपाय हुनु हुन्छ । लक्ष्मी तपाईंलाई प्राप्य भएर स्वयं उपेक्षी भै रहेकोछ । यस्ती लक्ष्मीलाई सदा सर्वदा आश्रय लिनेहरू र अकल्मष गुणवान स्वामीमा म तपाईंका लागि सेवक वन्नेछु । आफ्नै लागि कमी छैन् ।

॥ श्रीवेंकटेशमंगलाशासनम् ॥

श्रियः कांताय कल्याणनिधये निधये ऽ र्थिनाम् ।
श्री वेंकटनिवासाय श्रीनिवासायमंगलम् ॥१॥

लक्ष्मी देवीका प्रिय सबै शुभका आश्रय स्थान मगन्तेको लागि खाना प्राप्य भै वेंकटाद्रिवासी श्री श्रीनिवासलाई मङ्गल हवस् ।

लक्ष्मी सविभ्रमालोक सुभ्रूविभ्रम चक्षुषे ।
चक्षुषे सर्वलोकानां वेंकटेशाय मंगलम् ॥२॥

लक्ष्मीदेवीका विलास देख्नेलाई सुन्दर नयन युक्त आँखा भएका सबैलाई वेंकटेश्वरको मङ्गल हवस् ।

श्री वेंकटाद्रि श्रृंगाग्रमंगलाभराणांघ्रये ।
मंगलानां निवासाय श्रीनिवासाय मंगलम् ॥३॥

श्री वेंकटाद्रीको शिखरका शुभ अलंकार जस्तै पवित्र, मंगल निवास स्थान श्री निवास भगवान्लाई मङ्गल हवस् ।

सर्वावयवसौंदर्य संपदा सर्वचेतसाम् ।
सदा सम्मोहनायाऽस्तु वेंकटेशाय मंगलम् ॥४॥

आफ्ना सवै अवयवका सौंदर्य रुपी संपदाद्वारा सबैको सदा सर्वदा सम्मोहित गर्ने श्री वेंकटेश्वरको मंगल हवस् प्रभो ।

नित्याय निरवद्याय सत्यानंदचिदात्मने ।
सर्वातरात्मने श्रीमद् वेंकटेशाय मंगलम् ॥५॥

तिनैकाल जान्ने दोष रहित एवं सत्य आनन्द र चित रुप भएका सबै प्राणिका अन्तरात्मा हुन उनै भगवान् श्री वेंकटेशलाई मङ्गल हवस् ।

स्वतः सर्वविदे सर्वशक्तये सर्वशेषिणे ।
सुलभाय सुशीलाय वेंकटेशाय मंगलम् ॥६॥

तपाईं नै सब विषयका ज्ञाता हुनु हुन्छ, समस्त शक्ति सम्पन्न सबै भन्दा प्रधान सुलभ प्राय र सुशिलवान श्री वेंकटेश्वरलाई मङ्गल हवस् ।

परस्मै व्रह्मणे पूर्णकामाय परमात्मने ।
प्रयुंजे परतत्वाय वेंकटेशाय मंगलम् ॥७॥

परव्रह्म रुपि पूर्णकाम परमात्मा परतत्व मूर्ति श्री वेंकटेश्वरको मङ्गल हवस् ।

आकालतत्वमश्रांत मात्मनामनुपश्चताम् ।
अतृप्त्यमृतरुपाय वेंकटेशाय मंगलम् ॥८॥

कालतत्वका चिन्ता नगर्ने हरहमेशा भगवान्का दिव्य रुपलाई देख्न सक्ने व्यक्तिलाई अतृप्त स्वरुप भएका वेंकटेश्वरको मङ्गल हवस् ।

प्रायः स्वचरणौ पुंसां शरण्यत्वेन पाणिना ।
कृपया दिशते श्री मद्वेंकटेशाय मंगलम् ॥९॥

प्रायश सबै मानवहरूलाई परम शरण्ये रुपमा आफ्ना दुवै चरणमा आफै हातले कृपा गरी देखाउ श्री वेंकटेश्वर भगवान्लाई मङ्गल हवस् ।

दयाऽमृततरंगिण्यास्तरंगैरिव शीतलैः ।
अपांगैः सिंचने विश्वं वेंकटेशाय मंगलम् ॥१०॥

दयारुपि अमृतका प्रवाहका तरंग जस्तै शान्त स्वरुप कटाक्षले समस्त विश्वलाई नै सेचन गर्ने श्री वेंकटेश्वर मगवानको मङ्गग हवस् ।

स्रग्भूषांवर हेतीनां सुषमावहमूर्तये ।
सर्वार्ति शमनायास्तु वेंकटेशाय मंगलम् ॥११॥

पुष्पमाला आभूषण पिताम्वर दिव्यायुध आदिबाट अतिशोभा सम्पन्न भै दिव्य मंगल र विग्रहवान भै सवै किसिमका दुख हटाउने श्री वेंकटेश्वरको मङ्गल होस् ।

श्री वैंकुंठ विरक्ताय स्वामिपुष्करिणी तटे ।
रमया रमभाणाय वेंकटेशाय मंगलम् ॥१२॥

श्रीहरि वैकुण्ठबाट वीरक्त भै स्वामि पुष्करिणी का किनारमा लक्ष्मीका साथ क्रिडा गेर्ने भएका श्री भगवान् वेंकटेश्वरको मङ्गल हवस ।

श्रीमत्सुंदर जामातृ मुनिमानसु वासिने ।
सर्वलोक निवासाय श्रीनिवास मंगलम् ॥१३॥

श्री रम्य जामातृ मुनिका मनमा निवास गर्ने र समस्त लोकका मनमा आवास गर्ने भएका श्री निवास वेंकटेश्वरको मङ्गल हवस् प्रभो ।

मंगलाशासनपरैर्मदाचार्य पुरोगमैः ।
सर्बैश्च पूर्वै राचार्यैः सत्कृतायास्तु मंगलम् ॥१४॥

मङ्गल पाठ गर्ने आचार्य भन्दा पनि पहिले देखिकै आचार्यहरू देखिनै पूजित भैआएका श्री वेंकटेश्वर भगवान्को मंगल हवस् प्रभु ।

तिरुपति वालाजी

तिरुपति वालाजी भन्नाले हिन्दूहरूको आराध्यदेवको रुपमा परिचय गराउछ । हिन्दू राष्ट्रमा जन्मेका हिन्दूहरूको लागि त झन तिरुपति वालाजु भन्नाले मुक्तकण्ठले संझिरहन्छन् । हाम्रो आत्मा देखिनै भगवान् परमेश्वरलाई संझिरहन्छौं । त्यस उस्ले नै भनीएको छ "आत्मवल सवका मालिक एक" भने झैं तिरुपति वालाजी एक हुन् भन्ने कुरा एक उदारणका रुपमा प्रति विंवित हुन्छ । तिरुपति वालाजी तिर्थस्थलका रुपमारहेका छ भन्ने कुरामा हामी परिचित छौं ।

शायद यो एक ठूलो र प्राचीन कालको विषय वासनालाई झल्काउने तीर्थस्थलको रुपमा परिचय गराउने तिरुपति बालाजुको नामले परिचित गराउने खालको हो । विश्वकर्माद्वारा निर्माण गराईएको प्राचीन कलाको व्यक्तित्वबाट परिचय गराउने मन्दिर हो । यस्ले धर्म संस्कृति र सामाजिक आर्थिक सवै विषयलाई औंल्याई रहेको देखिन्छ । यस तीर्थस्थलको दर्शन गर्ने व्यक्तिलाई वरावर संझनाले घचघचाई रहने भएकाले यसबाट टाढा रहन कोही पनि सक्तैन । तिरुपति वालाजी भगवान्को तीर्थस्थलले धेरैलाई परिचित गराउँछ । यो एक ठूलो र प्राचीन कालको व्यक्तित्व झल्काउने मन्दिरको रुपमा परिचय गराउँदछ ।

यस प्राचीनकालीन व्यक्तित्व झल्काउने मन्दिरको रुपमा परिचय गराउने विशाल मन्दिरले चिनाउँदछ । यो मन्दिर प्यागोडा शैलिले भरिएर निर्माण गरिएको मन्दिर हो । नेपालदेखि यो सोझै दक्षिणमा पर्दछ । दक्षिणमा पर्ने आन्द्र प्रदेश नाम गरेको ठाउँमा अवस्थित छ । यी वालाजी भागवानका मन्दिर चिटुर जिल्लामा पर्दछ । यो समुद्र सतह देखि करीव ३२००० फीट माथी शेषाचल पर्वतको तिरुमाला भन्ने ठाउँमा पर्दछ । यस्मा सात डाडाका नामले परिचित छन् । (१) शेषाद्री (२) निलाद्री (३) गरुडाद्री (४) म्रिसावाद्री (५) अन्जनाद्री (६) नारायणादी (७) वेंकटाद्री आदि नामले परिचित छन् । तिरुपति वालाजी चेनाई देखि १३७ कीलो मिटरको दुरीमा पर्दछ भने वैंगलोरवाट २५८ कि.मी. टाढा पर्छ । हैदरावाद देखि ५८२ कि.मी.पर्दछ । कुसुल र चूडापहाडवाट वाटो पर्दछ ।

यस तिरुपति वालाजीलाई तीर्थस्थलको रुपमा सारा भारतमा मानिदै आएको छ। तिरुपति भन्नाले लक्ष्मीको नामले परिचय गराउँदछ। त्यस एक गाउँको नगिचै वेंकटेश्वर डाडामा भगवान् वेंकटेश्वर हुनु हुन्छ।

तिरुपति वालाजीमा जानको लागि त्यहाँ विभिन्न किसिमको साधनहरू वनाइएका छन्। त्यहाँको नजिकैको मन्दिरलाई तिरुमला नामले चिनिन्छ। अर्को यस्तो पनि विशेषता भेटिन्छ कि त्यहाँ भएका सबै मन्दिरमा जान आउँन कुनै जात जाति र धर्म, लिंग, वर्णमा भेद भाव गरिएको छैन। कुनै पनि धर्म पालना गर्ने व्यक्ति जान सक्तछन्। जहाँ वस्ने जहाँवाट गएको भए पनि एकै किसिमले भगवान्को दर्शन र पूजा अर्चना गर्ने परिपाटी छ। हिन्दू, मुस्लिम, कृश्चियन कुनै पनि राष्ट्रका व्यक्तिले एकै साथ दर्शन गर्ने परिपाटी छ। अतः जो कोही यात्रीले पनि यात्रा गर्न सक्छन् र गन्तव्य स्थान एउटै हुन आउँछ।

तिरुमाला दक्षिणपूर्वी भागको दक्षिण भारतको आन्द्र प्रदेश नाम गरेको ठाउँमा पर्दछ। यो भारतको चिटुर जिल्लामा पर्न गएको छ। यस ठाउँलाई भारत सरकारको छुट्टै प्रशासनिक इकाईवाट परिचित भएको पाईन्छ। तिरुमाला समुन्द्र सतहवाट ३२००० फीट उचाईमा पर्न गए तापनि जाडोमा निकै जाडो र गर्मिमा निक्कै गर्मि भएको महशुस हुन्छ। तिरुमालाको एरीया करीव १०.३३ वर्गकिलो मिटरमा पर्छ। सात प्रसिद्ध पहाडले प्रशिद्धि पाएको हुनाले यसलाई सप्ताद्रि पनि भनिएको छ। सप्ताद्रीको नाम माथि नै वताईएको छ। तापनि शेशाद्री, नीलाद्री, अन्जनाद्री, भिसमाद्री, नारायणाद्री र वैंकटाद्री आदिलाई शेषाचलय नामले प्रशिद्ध पाएको छ। तिरुपति बालाजी चेन्नईबाट १८७ कि.मी.र २५८ कि.मी. वैंगलोर र ५६२ कि.मी. हैदरावाद हुँदै कुरनुर र चुडा पहाडबाट पनि जान सकिन्छ। जहाँ जे भए पनि तिरुपति बालाजी ब्याङ्गलोर र चेनाईको वीचमा पर्दछ।

तहाँ प्रत्येक दिन जसो एउटा ठूलो चाड पर्व जस्तै मेला लागि रहन्छ। श्रद्धालु भक्तजनहरू त्यहाँको दर्शन पाउँदा आफलाई ठूलो ठान्दछन्। त्यहाँ भक्तजनहरूले कपुर चन्दन र वास्नादार धुप वाली आफ्नो मनोकामनाको चाहना गर्दछन्। नरीवल फुटाउने पनि गर्छन्। भगवान् वेंकटेश्वको लागि सम्झि गएका भक्तजनहरू आफ्नो कपाल काटेर चढाउने प्रचलन यथावत चलीरहेको छ। आफ्नो आफ्नो गच्छे अनुसार हीरा, मोती सुन, चाँदी,

कपडा, सुनका गहना ,पैसा साथै हात हतियार पनि चढाउने प्रचलन वढ्दो छ। त्यहाँको एक विशेषता लड्डु र मीठाई हो। त्यहाँको जुन मिठाई सायद विश्वभरि नै पाईदैन भन्ने पनि भनाईछ। ती मिठाईहरू तहाँ गएका भक्तजनहरूले प्रसादको रुपमा लिई आफ्ना नातागोता र ईष्टमीत्रलाई वाड्ने चलन छ।

मन्दिरको ढोकामा कृष्ण देवरायले आफ्नो मूति र वाद्ययन्त्रहरू राखेका छन्। ती मूर्तिहरू अहिले पनि देख्न सकिन्छ। तहाँ वेंकटापतीरायको मूति पनि मूख्य मन्दिरको ढोकामा रहेको छ। महाराज जनरल राग ओजी वोग्जोले मन्दिरको सबै भागको दर्शन र भ्रमण गरी मन्दिरमा नित्य पूजाको लागि स्थायी रुपमा प्रवन्ध मिलाईएको छ। उनले भगवान्को लागि मूल्यवान गहना चढाएको छन्। त्यस पछि जस्ले बढी मात्रमा दान गर्छ त्यसलेनै मैसूर गडवाल राज्य चलाउँछ भन्ने भनाई छ।

सन् १८४३ मा श्री वेंकटेश्वर र केहीं मन्दिरहरूको क्षेत्र श्री सेवा दोसजी हाथीरामजी महन्तलाई तिरुमला मन्दिर जिम्मा दिइयो र वांकी मन्दिर महन्त प्रशासनको अधिनमा १९३३ को अन्त्येसम्म जिम्मा दिइयो। अद्यावदि हाथीरामवावाको मठ मन्दिरको पासमै छ। सन् १९३३ मा मद्रास सरकारले एउटा मूख्य दफा पास गऱ्यो। जुन दफाले सम्पूर्ण अधिकार तिरुमाला तिरुपति वालाजी देवस्थानमा संघले तोकिएको रेख देख र प्रशासन कमिस्नर मार्फत तोक्ने छ। भन्ने निर्णय गरि सोही अनुसार चल्दै आएकोमा सन् १९५१ मा १९३३ मा गरेको निर्णय वदली तिरुमाला तिरुपति वालाजीको प्रशासन दाताहरूको वोर्डमा दिइयो र सरकारवाट मूख्य प्रशासन अधिकृत तोक्ने निर्णय गऱ्यो। सोही अनुसार प्रशासन चल्दै आएको छ।

यो भारतको एक प्रख्यात मन्दिर हो। यो भगवान् वेंकटेश्वरको नामले ख्याति प्राप्त छ। भगवान् तिरुपति वालाजी भन्नाले लक्ष्मी भन्ने वुझिन्छ। यो मनमोहक र तिरुमालाको डाँडामा रहेको छ। यो सात वटा डाँडाको थुम्कोले बनेको छ। जस्को नाम रहेको छ वेंकटाचलय जसको उचाई समुन्द्रको सतह देखि ८५३ मिटर माथि छ। यो एक धनी र आयु श्रोत संपन्न भएको देवता हो। यो वाहेक अरु कुनै देशमा पनि यस्तो श्रोत सम्पन्न देवता वा मन्दिर छैन। यस मन्दिरमा धेरै किसिमको रितिरिवाज र पुरातात्विक विषय वस्तु विद्यमान् छ। यस्का विभिन्न दान-पात्र छन्। यो एक दान पात्रको संस्था हो भन्दै आएको छ। यस मन्दिरको वनावट अनौठो किसिमको

छ । जस्मा छाना ढोका झ्यालहरू त पुरै सुनले घेरीएको छ । सुनले घेरीएका कारण यस्लाई आनन्द निलायम भन्ने गरि आएको छ । यो मन मोहक तीनवटा मिलेर प्रकारम् वा विषय सूचि वनेको छ । यो तिरुपति शहर चितुरवाट ६७ कि.मि. दक्षिण भूभागको आन्द्र प्रदेशमा पर्दछ । यस्को मूख्य रमाइलो ठाउँ भनेको ऐतिहासिक मनमोहक श्री वेंकटेश्वर भगवान्‌को सात डाँडाका थुम्को हुन् । जुन कि यस्को ख्याति सारा संसार भरि नै फैलिएको छ ।

तिरुमालामा सधै एक ठूलो प्रसिद्धि पर्व लागि रहेको हुने गर्दछ । यस्को खास मूख्य पर्व भनेकै वर्ष भरिको मूख्य पर्वको रुपमा लिइने “व्रह्मण सभम्” भनिन्छ । जुन पर्व नौ दिनसम्म वडो धुम धामसंग मनाईन्छ । यो भदौ महिनाको वीचतिर पर्ने गर्दछ । यस्लाई परम्परानुसार ग्रह, नक्षत्र र तिथि, हेरी लग्न जुराई सुरु गरिन्छ । पाचौं र नवौं दिनलाई सवै भन्दा मूख्य पर्वको रुपमा विशेषत लिईन्छ । यस दिनमा भगवान् गुदोसतभृम र राठोतमम्ले वास लिएका हुन्छन् । यस्मा धेरै तीर्थ यात्री र अतिथीहरू देश विदेश र टाढाटाढा देखि केवल हेर्न र दर्शनको उदेश्य लिई आएका हुन्छन् । जे जति व्यक्ति र समूहको आवागमन भएता पनि सबैको खाने बस्नको लागि कुनै कही पनि कमी भएको देखिूदैन र सवै मन्दिरका तर्फवाट सुत्न वस्न र खान समते व्यवस्था मिलाईएको हुन्छ ।

वेंकटेश्वर मन्दिरः

यो मन्दिर दक्षिणी भागको श्री स्वामी पुष्करिणी पुरातात्विक मन्दिर हो । श्री वेंकटेश्वर भगवान् सात वटा डाँडाको तिरुपति वालाजीको हिमाली भागको मनमोहक भागमा अवस्थित भएको भनिन्छ । हामी जो कोहीले पनि यी भगवान्‌को दर्शन गऱ्यौं भने आफूले ईच्छा गरेको मनले परिकल्पना गरेको र चाहना अनुसार जेसुकै पनि धार्मिक, सामाजिक, आर्थिक, वौद्धिक, आध्यात्मिक र मुक्ति भुक्ति सवै कार्य पुरा हुन्छ । भन्ने कुरा विश्वस्त भै आएको छ र यसैलाई एक आस्था लिँदै आएको छौं ।

श्री गोविन्द राज स्वामी मन्दिरः

यो गोविन्दराज स्वामी तिरुपति वालाजीको एक मुख्य र ख्याति प्राप्त प्रसिद्धि पाएको मन्दिर हो । यो मन्दिरको ढोका अति ठूलो र यसको ढोका

अन्य ठाउँको ढोकामा तुलना गर्ने नसकिने छ । जुन ढोका हामी नगिचैबाट पनि देख्न हेर्न र वुझ्न सक्छौं । यो मन्दिर सन् ११३० मा सन्त रामानुजाचार्यले निर्माण गर्नु भएको हो । भन्ने कुराको तहाँ उल्लेखित शिलालेखहरूबाट अवगत हुन्छ । भगवान् गोविन्द शयनावस्थामा रहेको झैं सुतेर रहेको शालिक देखिन्छ । यो मन्दिर धर्मशालाको रुपमा भगवान् विष्णु र कृष्णलाई पनि सजीसजाउ कै रुपमा राखिएको छ । अन्य आसपासमा अरु देवताका मुर्तिहरू पनि राखिएको छ । पार्थसारथी, ओण्डाल र (मिनाक्षी) कल्याण वेंकटेश्वर र लक्ष्मी पद्मावतीको मन्दिर पनि यस भित्र देखिन्छ ।

श्री कपिलेश्वर स्वामी मन्दिर :

यो कपिलेश्वर वामी मन्दिर तिरुपति वालाजीबाट ३ कि.मी. उत्तरतर्फबाट तिरुमालाको अन्तिम डाँडामा अबस्थित छ । तिरुपति वालाजीको वीचमा मन्दिर छ । भने श्री कपिलेश्वर स्वामी मन्दिरको संगैमा भगवान् शिवको मन्दिरलाई पनि राखिएको छ । जहाँ सदासर्वदा वहने पानीका फोहरा पनि छन् । यसको वनावट एकदमै मनमोहक र आनन्दपूर्वकको छ । जसलाई हामी तीर्थय वा अलवार तीर्थम भनेर वोलाइने गरिआएको तहाँ विद्यमान अवस्थाले वताएको छ ।

श्री कल्याण बेंङ्कटेश्वर स्वामी मन्दिर:

यस मन्दिर श्री तिरुपति वालाजी देखि १२ कि.मी. पश्चिममा श्री कल्याण भेङ्कटेश्वरस्वामी मन्दिर श्री निवास मङ्गलापुरम्मा रहेको छ । किंवदन्ति अनुसार भगवान् बेंकटेश्वर श्री पद्मावती देवी संग विवाह गरेपछि यहाँ वस्न थाल्नु भएको हो जुन तिरुमला जानु अगाडी थियो ।

नारायण मनम् :

यस ठाउँमा अतिलोभ लाग्दो र मन नै तान्ने कल्याण वेंकटेश्वर रहेको छ । जुन सानो सहरको यस ठाउँ तिरुपति वालाजी देखि २२ कि.मी. दक्षिण पूर्वमा रहेको छ । किंवदन्ति अनुसार यसै ठाउँमा आकाश राजाकी छोरी पद्मावती देवीलाई विवाह गरेका थिए । यस खुशीयालीमा आकाश राजाले यस मन्दिर वनाएका हुन भन्ने भनाई छ ।

श्री कोदन्डारामा स्वामी मन्दिर:

यस मन्दिर छोला राजाले दशौंशताब्दीमा वनाएका हुन । यस मन्दिर तिरुपति वालाजी शहरको मुख्य मागमा रहेको छ । यसमा राम सीता र लक्ष्मण भगवान् यस मन्दिरका आकर्षण हुन् । प्राचीन कथन अनुसार श्री भगवान् रामले तिरुपती वालाजीको भ्रमण गरेको आभाष हुन्छ । आन्जने यस स्वामी जुन ठीक श्री कोइन्डारा स्वामी मन्दिरको पछाडी रहेको छ । तिरुचानुरलाई अलमेलु मंगलापुरम पनि भनिन्छ । तिरुचनुर तिरुपति वालाजी मन्दिर देखि करिव ५ कि.मी. जतिमा पर्दछ । यहाँ जो कोहीले पनि श्री पद्मावती देवी वा लक्ष्मीको मन्दिर पाउने छन् । यस्तो पनि कथन छ कि तिरुमला मन्दिरलाई श्री पद्मावती देवीको मन्दिर दर्शन गरे पछि मात्र दर्शन गर्नाले मनको आकांक्षा पुरा हुन्छ । यसका साथै यहाँ ससाना मन्दिरहरू श्री कृष्ण स्वामी मन्दिर श्री सुन्दरा राजा स्वामी भारी मन्दिर र सूर्यनारायण स्वमी भारी मन्दिर रहेका छन् ।

चन्द्रा गिरी:

चन्द्रा गिरी शहर तिरुपति वालाजी देखि ११ कि.मी. दक्षिण पश्चिममा रहेको छ । ई.सं १६०० मा यस ठाउँ विजय नगरको राजधानी थियो । यस ठाउँमा रहेको एक घर छ जुन घर वाहिरी आक्रमणबाट बच्न सकिनेछ । सो घर १८० मिटर लामो ढुङ्गाबाट वनाईएको थियो । यहाँ जो कोहीले पनि केहीं दरवार र केहीं मन्दिरहरू पनि भेट्ने छन् ।

कलहस्थी :

यस ठाउँ अग्ला अग्ला दुई पहाडको वीच भाग जुन स्वर्णमुखिको किनारमा रहेको छ र यो ठाउँ तिरुपति वालाजु देखि ३६ कि.मी.मा पर्छ । यही एक मन्दिर भेटिने छ त्यस मन्दिरलाई वायु मन्दिर भनेर चिनिन्छ जो भगवान् वायु नै थिए । मन्दिरको उत्तर हुँदै प्रसिद्ध नदी वगेको छ । भरद्वाज महर्षिको आश्रम पनि छ । आश्रममा भारद्वाज ऋषिले दैनिक शिवजीको पूजा कार्मकाण्ड गरि शिव प्रत्येक्ष भएको पानीको कुण्ड छ । त्यस पानी कुण्डमा रहेको शिव लिङ्गको वारेमा विस्तृत वर्णन गरिएको छ ?

अगस्त्या स्वामी मन्दिर :

यस मन्दिर तीन खोलाको दोभानमा रहेको स्वर्ण भूमि सीमा र कल्याण छन् र ती तिरुपति वालाजी मन्दिर देखि १२ कि.मी.मा रहको छ। यस मन्दिरको भित्र छिर्नका लागि तीन ठूला सौन्दर्य युक्त ढोका छन्। यहाँ लोभ लाग्दो मन्दिर भगवनी पार्वती देवीको रहेको छ। यस मन्दिरको ठीक पछाडी वीचमा वालाजी आयपा र गणपतिको मूर्ति रहेको छ। यहाँ अर्को सानो ठाउँ जहाँ राम सीता, लक्ष्मण र अञ्जनेभाको नाममा राखिएको ठाउँ छ। पाताल गणेशको दर्शन गरेपछि कालहस्ति मन्दिरको दर्शन गर्ने प्रचलन छ।

होटसे हिलः

यो सुन्दर पहाड दक्षिण पश्चिम आन्द्र प्रदेशको सिमामा करीव १२६५ मि. समुन्द्र सतह भन्दा माथि रहेको छ। यस ठाउँको नाउँ पूर्व कलेक्टर चिटोरको नामबाट राखिएको हो। जुन ठाउँ घुम्नको लागि अति उपयुक्त ठाउँ हो। यस ठाउँमा मानिसहरूले राम्रो टिका आप र चन्दन आदिका रूख देख्न हेर्न पाइन्छ ?

भक्त कन्नप्पाको मन्दिरः

यसै कलहस्थि मन्दिरमा रहेका जो शिवजीको मूर्तिमा भक्त कन्नप्पा भन्ने व्यक्ति सधैं जङ्गलमा शिकार खेली जीविका चलाउने ब्यक्ति हुन। उनी सधौ जसो तहाँ रहेको यसै कलहस्थि मन्दिरमा रहेका शवजीको मूर्ति वा लिङ्गमा जल चढाउने र शिकारखेली प्राप्त मासु समेत भोग दिने गर्दथे। पानी चढाउन जल पात्र नल्याई मुखभरी पानी ल्याई त्यही पानी चढाउने गर्दथें। मासु दैनिक शिवजीका लिङ्गमा चढाएको देखि पार्वतीलाई आश्चर्य लागि शिवजीसंग सोध्नु भयो। यो कस्तो किसिमको भक्ति हो ? शिव लिङ्गमा मासु चढाउँछ, भुखबाट जल चढाउने कस्तो किसिमको भक्त हो। भनी सोधिन र त्यस पछि शिवजीले हाँसि हाँसि जवाफ दिए कि यस्ले म उपर देखाएको भक्ति प्रकट गर्नका लागि म तिमीलाई एक शिवलीला देखाई दिन्छु। भनी शिवजीले आफ्नो लीला देखाउन थाले यता शिवलिङ्गको एउटा आँखावाट रगत निस्कियो त्यसै वखत भक्त कन्नप्पा आफ्नो दैनिक क्रिया गर्न आईपुगे। शिवजीको एक आँखाबाट रगत वगेको देखि शिवजीको आँखामा

आफ्नो आँखा धनुको तिरद्वारा झिकी राखी दिए। गत दिनहरूमा जस्तै मुखबाट पानी र मासु समेत चढाई गए। यस्तो अवस्था पार्वतीले देखिरहेकी थिईन् पुन भोली पल्ट भक्त कन्नप्पा दर्शन गर्न गर्न आउने वखत अर्को आँखाबाट पनि रगत निस्कियो। अर्को आँखा पनि आफ्नो अर्को आँखा तीरद्वारा झिकी दवै आँखा नभएकाले अन्धो व्यक्तिवाट शिवजीको आँखामा आँखा राख्न असमर्थ भएका कारण शिव आँखामा वुढी औलाले स्थान संकेत निमित्त खुट्टाको वुढी औलाले टेकी दोस्रो आँखा तीर द्वारा झिकी आँखा राखी दियो। यस्तो अनौठो भक्ति देखि पार्वती आश्चर्य भई शिवजीलाई विन्ति गरिन। हे प्रभो यस्तो अनोठौ भक्ति पनि हुँदारहेछन् भनी विन्ति गरेकी थिईन। यसै वखत पार्वती परमेश्वर प्रकट भई भक्त कन्नप्पालाई दुवै आँखा जस्ताको तस्तै दिई भक्त कन्नप्पालाई वाकशक्ति र शवै शास्त्रज्ञाता हुने विद्वता पनिको वरदान दिई। शिव पार्वती अन्तरध्यान भए भन्ने कहावट अद्यावदि छूदैछ। अतः भनीएको छ की विना नेत्रले विश्व देखिरहेका विना कानले शब्द सुन्दै रहेका। रसज्ञा विना चीज चाखिरहेका। त्वचाले वीना सुम्सुम्याई रहेका। वीना घ्राणले गन्धसुँघीहेका। वीना वाक्य वाक्य वोली रहेका। वीना जन्मले जवानै रहेका। पुरापुर हमेशा पुरानै रहेका। वीना प्राणले नित्य वाँची रहेका। वीना भाग्यले भाग्य भोगी रहेका। अलख नै थियो नपाएर तिम्रो अलख गर्दथे जो सदाजोशधारी। खरानी घसेका गुफामा वसेका हजारौं वीते विनापाएर पारी।

भक्त कन्नप्पा भन्ने व्यक्ति सदा सर्वदा जंगलमा शिकारखेली जिविका चलाउने व्यक्ति हुन उनी सधैं जसो तहाँ रहेका र त्यहां धेरै अरु प्राकृतिक दृश्य र विषय वस्तु हेरेर मनोरञ्जन लिन सक्तछन्।

नगला पुरमः

यो एउटा सानो शहर हो र जुन तिरुपति वालाजी मन्दिरको दक्षिण पूर्व ठाउँबाट करीव ६५ कि.मी. जतिमा पर्दछ। यस ठाउँका मुख्य आकर्षण गर्नेमा श्री भेद नारायण स्वामी मन्दिर छ। जुन मन्दिर विजयानगरका शासक श्री श्रीकष्ण देव राजाले उनका आमाको संझनामा वनाएका थिए। जुन कलात्मक रुपले रहेको छ। यस्को भित्री एक ठाउँमा विष्णुको मत्स्य अवतारको छाया पर्ने गरी राखिएको छ। जस्को दुई छेउमा श्री देवी र

भूदेवीको पनि स्थान राखिएको छ। यस मन्दिरको मुख्य विशेषता भनेको सूर्यको पूजा आजा दैनिक गर्नु हो।

कैलाश कोना वाटर फलः

नगरी शहरमा रहेको छ। यो सुन्दर झरना भ्रमण र दर्शन गर्न लायक छ। यहाँ रहेको पानी अति स्वच्छ र किटाणु रहित एवं पौष्टिक बर्धक पनि छ।

यातायातको सुविधाः

हवाई यातायात रेनुगुन्टर जुन तिरुपति वालाजुवाट १५ कि.मी. पर्दछ। जुन ठाउँमा रहेको हवाई जहाजबाट हईदरावाद चेन्नाई र व्याङ्गलोरसंग जोडिन्छ।

रेल सुविधाः

यहाँ सम्पूर्ण रोडहरूको राम्रो यातायात सुविधा छ। रेलबाट यस तिरुपतिसंग हुब्ली हैदरावाद चेन्नाईको कोल्हापुर मुम्वई, पुरी तिरुचिरा पल्लि वाराणसी र विजयवाडा संग जोडीएको छ।

सडक मार्ग :

राम्रोसंग सम्पूर्ण दक्षिण भारतसंग जोडिएके छ। जस्तै हैदरावाद (६१७ कि.मी.) वैंगलोर (२४८कि.मी) चेन्नाई (१५१ कि.मी.) वजयवाडा (३८० कि.मी.) र लेपाक्षी (३७९ कि.मी.) सुविधायुक्त रोडहरू छन्।

यो एक अत्यधिक सुख्खा र गरम ठाउँ हो। यस्मा गरम मौसममा ४० डिग्री सिल्सियससम्म पनि पुग्न सक्छ। भने जाडोका समयमा १५ सेलसियससम्म हुन्छ। यो ठाउँ घुम्नको लागि सबैमन्दा उपयुक्त समय भनेको शरद ऋतु अर्थात् मंसिर, पुष र माघ हो। अतः भन्ने नै हो भने भदौ, असोज र फागुन, चैत्रको वीचमा सवै भन्दा उपयुक्त समय हो।

तिरुमला तिरुपति भन्ने ठाउँ इण्डियाको आध्र प्रदेशमा पर्दछ। यो प्रदेश पूर्वमा ओडियाल वंगाल र दक्षिणमा तामिलनाडु केरला र पश्चिममा कर्णाटक उत्तर मध्ये प्रदेश ओरिसा यतिका वीचमा पर्दछ। चितुर सदरमुकाम

२४ जिल्ला पर्छ । यसको राजधानी हैदरावाद र यसका मुख्य मुख्य शहरहरूमा तिरुपति विजयवाडा हैदरावाद, गुण्डुर गुत्ताकल आदि पर्दछ ।

पुट्टापर्ति साईकेन्द्र :

यसै जिल्लाको पुट्टपर्ति भन्ने ठाउँमा एक विश्व प्रसिद्ध साई केन्द्र छ । तहाँ लौकिक अलौकिक सुविधा सम्पन्न संसार प्रसिद्ध साई केन्द्रले अर्को चमत्कारिता फैलाईरहेको छ । साई वावा साक्षात सत्यनारायण भगवान् नै हुन उनलाई एक भारतीय गुरु हुन र जस्लाई भगवान् सत्य साई वावा भनेर चिनिन्छ। उन्को जन्म सन् १९२६ तिर भएको हो । अरु विन्दुको भनाई अनुसार उन्को विद्यालयका रेकर्डले उनको जन्म १९२९ मा भएको प्रमाणित गर्दछ । साई वावा स्वयं आफूले र उनका परम भक्तहरूले उनको रुप वरावर फेरिएको भन्ने कुरा विश्वास दिलाउँछन् । उनीसंग असामान्य शक्ति र चमत्कारी कार्य गर्न क्षमता भएको मानिन्छ । उनका दुई चमत्कारीं मध्ये प्रथम गरीवहरूलाई खरानी उपलब्ध गराउने र अर्को धनी वर्गलाई सुनका गहना औंठी लगायतका गहना उपलब्ध गराउने हो ।

गुरु वुस्तर नामक फिल्मले के देखाउन खोजेको छ भने उन्का जे जति चमत्कारहरू छन् ति सबै जादुका विचार भन्दा धेरै माथी र छुट्टै उच्च श्रेणिको छ । यो फिल्ममा एउटा धार्मिक भनाई भारतीय फिजिसियनवाट आएको हो । जस्लाई भागवान साई वावाले औंठी प्रदान गुर्न भएको थियो । उनले हर्डवर्ड विश्व विद्यालयबाट मानार्थ डिग्री प्राप्त गरेका छन् ।

यो कुनै नाटकीय ढङ्गबाट प्राप्त गरेको होईन । हामीले इन्कावारेमा चमत्कारीव्यत्तित्वको हरेक नाम र कृयाकलाप सुने ती सवै भ्रम नै थिए । तर हरेक मानिसले उनका वारेमा एकै निर्णय गरे की यी भगवान् नारायण कै अवतार हुन भन्ने कुरा ।

एउटा भनाई सुनिन्छ वेंकटेश्वर भगवान्को पूजामा संलग्न पूजारीहरूबाट कुनै दिन पूजा गर्न भगवान्को मन्दिरको ढोका खोली भगवान् वेंकटेश्वरको शिला सरसफाई गर्न लाग्दा प्रत्यक्ष साई वावा वसि रहेका भेटे । त्यसै अवसरमा जतातते खैला बैला मच्चियो । के अनोठो भयो भनी तुरुन्त पुट्टपर्ति भगवान् साईवावा समक्ष सोध्न मानिस पठाए र ऊ पुग्यो साईवावा संग साक्षात्कार गऱ्यो सोध्यो यो के भएको हो वावा भनी सोद्धा वावावाट केवल मुस्कान मात्र निस्कीयो । केहीँ जवाफ आएन त्यसबाट पनि सत्य साईवावा भगवान् नारायणको अवतार हुन् भन्ने कुरा प्रमाणित भएको मानिन्छ । यसका वारेमा जे जति लेखे पनि अधुरै हुने हुँदा यस संवन्धि अन्य ग्रन्थहरूको अध्ययन गर्नु वढी ज्ञान वर्धक र व्यावहारिक हुन जानेछ । यहाँ इण्डियाको कुनै पनि ठूलाठूला शहरमा भएका भौतिक आध्यात्मिक सवै किसिमका सुविधाहरूले परिपूर्ति भई सकेको प्रसिद्ध प्राप्त एक तिर्थस्थल मध्येमा सर्वोत्कृष्ट तिर्थस्थल मानिएको छ र यहाँ भक्तजनहरू प्राय वाह्रै महिना आउने जाने गर्दछन् । यहाँ आउन जान खान वस्न सवै किसिमको सुविधावाट पूर्णभई सकेको छ । खासगरी वडा दशै गुरु पूर्णिमा गणेश चौथी आदि पर्वमा टाढाटाढा देखि असंख्य दर्शनार्थीहरू जान्छन् र भगवान् साईवावाको प्रत्येक्ष दर्शनपाई आफूलाई सौभाग्यशालीमानी यात्रुहरू कृतार्थ हुन्छन् । यो सहि र लेखकले देखे भोगेको पनि हो । यसमा कुनै शंका छैन ।

जल नभएको वादल निस्फल छ । भक्ति रहित भएका व्यक्तिका जाति कुल धर्म प्रतिष्ठा धन प्रभृति सवै निस्फल छन् । अतः भक्तिका नौ प्रकारले वर्णन गरिएको छ । जस्तै पहिलो भक्ति हो सत्सङ्ग गर्नु, दोस्रो भगवत्कथाको प्रसंगमा सदा प्रेमभाव लगाई श्रवण गर्नु, तेस्रो अभिमान रहित भएर गुरुका

चरणकमलको सदा सर्वदा सेवामा तत्पर भई सेवा गर्नु चौथो कुनै पनि विषयवासना वा कपट भावनालाई त्याग गरी भगवान्‌को गुणगान अर्थात् गुण किर्तन गर्नु हो । भने पाँचौमा श्री परमात्मा परमेश्वरका चरण कमलमा दृढ विश्वास राखी श्री परमात्माका मन्त्रको जप गर्नु भजन गर्नु नै हो भन्ने कुरा वेदमा पनि वर्णन गरिएको छ । छैटौंमा इन्द्रियहरूलाई वसमा राखि शीलस्वभाव असल राख्नु सांसारिक वासनाबाट निवृत्ति भै सदासर्वदा सद्धर्म सदाचरण गर्नु हो भने सातौं भक्तिमा संसारलाई ईश्वरमय भएको देखि भक्तमय भै अधिक मान्नु । आठौंमा यथालाभवाट नै सन्तुष्ट हुनु । आफ्नो कर्म अनुसारका भोगमा राजी भै रहनु अर्काको दोष तर्फ दृष्टि नदिनु नै हो भने नवौं भक्तिमा सवै संग कपट रहित भएर सरल भावले रहनु भगवान् कै भरोसामा रहनु हृदयमा हर्ष र विस्मात कत्ति पनि न मान्नु चराचर जगतमा स्त्री पुरुष जो सुकै भए पनि जसका मनमा यि नै भक्ति मध्येमा एकै भक्ति मात्र भए पनि यो प्राणी भगवान्‌को अत्यन्तै प्यारो हुन्छ । भन्ने भनाई अनुसार भगवान् सत्य साईवावाको आश्रममा सवै किसिमका भक्तिले लुण्ठित भएको भान तहाँ रहनु हुने सवै भक्तहरूमा देखिन्छ । भक्तहरू काम, क्रोध, लोभ यी तीन प्रकारका वरवादीलाई त्यागी वावा उपर एक भक्त भै सदा लागि रहेका देखिन्छन् । म पनि त्यही अनुरुप तन्मय भै एक हप्तासम्म भगवान् साईवावाको दर्शनमा तल्लिन भई लागि रहो । तहाँबाट आफ्ना ललाटमा विधाताले लेखेको कार्य रेखालाई संभि मायाले मनुष्य भएका करुणका खानी प्रत्येक्ष अनुमान प्रमृति प्रमाणले जान्न नसकिने निस्पाप मोक्षको शान्ति दिने वेदान्तद्वारा जानिने व्यापक जगत्का मालिक ज्ञानिहरूका मध्येमा सर्व प्रथम भएका सम्पूर्ण सदगुणका खानी भएका भगवान् सत्य साई वावालाई नमस्कार गरि फर्किएँ ।

तिरुपति वालाजीको जीवन वृतान्त :

पवित्र भारत खण्डमा नैमिसारण्य नामक अरण्य प्रान्त महापूण्यस्थल हो । जहाँ देवर्षि महर्षि महामुनिगणहरू तपस्या गरि रहेका हुन्छन् । श्री वेद व्यासजीले वनाएको १८ पुराण सुतजीले शौनकादि महामुनिहरूलाई सुनाएका थिए । शैनकादि ऋषिहरूले सुतजीलाई प्रश्न गरे हे महर्षि कलि युगमा प्रत्येक्ष दैवभ् श्री वेंकटेश्वर वालाजीले ऋषिहरूको आज्ञा स्वीकार गरी वेंकटेश्वर वालाजीका लीला निम्नानुसार वताउनु भयो । यो एक पुराणमा उल्लेखित कहानी हो ।

सुतजीले शैनकादि महामुनिहरूको श्रीवेंकटेश्वरको जीवन चरित्र र उसका लीला बताएका ।

हे मुनि हो कलियुगमा यस पृथिवीमा जन्मेका असंख्य मानिसहरूको पाप कर्मवाट विमुक्ति हुन निमित्त श्री महाविष्णु भगवान्ले वेंकटेश्वरको नामले अवतरित भयो । यही महिमा नै अपार छ । भक्तहरूलाई सदा आदर गरि मोक्ष प्रदान गर्नु भएको छ । जस्ले यी भगवान्को दर्शन गरेर वा जीवन वृत्तान्त सुनेर या पढेर उस्का जीवन परम पवित्र हुने छ । यस अनुरुप मनमा विचार गरि आफ्ना गुरु व्यासजीको ध्यान गर्नु भयो । गुरुका अनुग्रहले वेंकटेश्वर महिमा उन्का साम्ने देखियो र सुतजीले शौनकादि ८८ हजार ऋर्षिहरूलाई सुनाउनु भयो । जुन यस प्रकार छ :-

नारद ऋषि सत्यलोकमा गएर ब्रह्माजीको दर्शन गर्नु :

नारद ब्रह्माजीका पुत्र हुन । उनी सदा सर्वदा हरि नाम स्मरण गरेर चौध भुवन घुम्नु उन्को मानवीय स्वभाव हो । यही अनुरुप घुम फिर गर्दा देवताहरूमा पारस्परिक झै झगडाको वातावरण सृजना भएको देखेमा उनी आनन्दित हुन्थे मानव कल्याणको लागी श्री मननारायणले वेलामा अवतार लिने प्रोत्साहन गर्नु हुन्छ । हरि हरि स्मरण गर्दै तिनै लोकमा घुम्दै घुम्दै नारद ब्रह्म वोकमा पुग्नु भयो । नारद ब्रह्मा समिप पुगेर ब्रह्माजीलाई स्रदा पूर्वक नमस्कार गर्नु भयो । व्रह्माजीले नारदलाई आशिर्वाद दिई उच्च आसनमा वस्न भन्नु भयो । त्यसै वखत व्रह्माजीलाई दर्शन गर्न इन्द्रादी देवता सूर्यादि नवग्रह आदि आए । तिनै लोक घुम्ने नारदलाई देखेर तिनै लोकको खवर सुन्न देवताहरू उत्सुक भए ।

वह्माजीलाई देखेर नारदले भने हे पिता द्वापर युगमा कृष्ण अवतार पछि श्री हरिले यो कलियुगमा कुनै अवतार लिनु भएको छैन । यस कारण कलियुगमा मानिसहरू ज्ञान रहित भएर श्रद्धा भक्ति छोडेर पूण्य हीन भै नरकरुपि कुवामा गई रहेछन् । यसवाट वचाउन कुनै उपाय वताउनु होस् । भन्ने नारदका यी वचन सुनी व्रह्माले नारदजीलाई भन्नु भयो । हे पुत्र तिमी सदा त्रिलोक भ्रमण गर्छौ । जहाँ जे भएको छ त्यसको प्रतिकार गर्न पनि तिमी जान्दछौ । तिमीले शोच्ना साथ ठूला ठूला काम सफल गर्दछौ । तिमीले नै मानव कल्याणको लागि श्री हरिको अवतार हुने उपाय वताउ । यसबाट तिम्रो कीर्ति वढ्नुको साथै कलियुगका प्राणिहरूका उद्दार होला । व्रह्माजीका यस्तो वचन सुनेर नारदजीसंग विदा भै जानु भयो । नारदजीका यस्तो महान कार्य देखेर इन्द्रादि देवता खुशि भए

मुनिवर नारदजीको मनमा उब्जेका कुरा व्यक्तः

नारद ऋषि हरि नाम सम्झदै पृथ्वी तलका गंगा किनारामा गुगे । गंगा नदीका किनारमा कश्यप प्रवृत्ति मुनिहरू महायज्ञ गरिरहेका थिए । नारद ऋषिमुनिहरूले गरेको यज्ञ देखेर अति सन्तुष्ट भए । मुनिहरू पनि नारद आएको देखेर उन्लाई संम्मान स्वागत गरे । मुनिहरूले पनि आफूले गरेको यज्ञका वारेमा संक्षेपमा वताए । यज्ञका संवन्धमा भनेका कुरा सुनि नारद धेरै खुशी भै भन्नु भयो । हे ऋषि हो तपाईंहरूले लोक

मुनिवर नारदले आफ्ना मनमा भएको संसय व्यक्त गर्नु ।

कल्याणका लागि यो यज्ञ गुर्न भएको रहेछ । भगवान् कतै त्रिमूर्ति मध्ये कुन चाहिले यस यज्ञको फल देलान भनी सोध्दा कुनै ऋषिहरूले वताउन सकेनन् । नारदले भने शोच विचार विना गरेको यज्ञ निस्फल हुन्छ । भनी शास्त्रमा वताएको छ । पहिला तपाईंहरू नै निश्चय गर्नु हवस् त्रिमूर्तिमा कसमा सत्व गुण वा शान्त स्वभाव छ उसैले नै यज्ञको फल दिने हकवाला हुन्छ । नारदको यस्तो भनाई सुनेर मुनिहरू आपसमा शोच्न लागे । त्रिमूर्तिमा सत्व गुणवाला कुन हो । कसैले ब्रह्मा जीलाई भने त कसैले विष्णुलाई, त कसैले महेश्वर लाई भने । पारस्परिक निश्चयमा आएनन् । यसै विषयका लागि झगडा सुरु भयो । यज्ञस्थल युद्धस्थल भयो । मन्त्रोच्चारणका बदला पारस्परीक गालिगलोज वढ्यो । यस्तो अवस्था देखेर नारदले भने हे ऋषि हो पारस्परिक झगडा गर्नु उचीत छैन । तपाईंहरूले सर्व प्रथम यो जान्नु पर्‍यो कि त्रिमूर्तिमा सत्व गुण तमो गुण यी तीनमा सत्व गुण प्रधान हो । त्रिमूर्तिमा सत्व गुण कस्मा अधिक छ । नारदका यस्तो सल्लाह सुनि कुनै ऋषि अगाढि वढ्न सकेनन् । कसैलाई पनि त्रिमूर्तिको परीक्षा लिने साहस वा आँट भएन् । अन्त्येमा नारदले भने तपाईंहरू मध्येमा श्रेष्ठ तपोधन भएका भृगु ऋषि हुनु हुन्छ । भृगु ऋषि नै यो परीक्षा गर्न सक्नु हुन्छ । नारदको यस्तो सल्लाह सुनी सवै ऋषि खुशी भए र भृगु ऋषिलाई नै सबै ऋषिहरूले यो परीक्षा लिने अधिकार दिए । भृगु महऋर्षिले पनि त्रिमूर्तिको परीक्षा लिने स्वीकार गर्नु भयो । त्रिमूर्तिको परीक्षा लिन भृगु ऋषि सत्य लोक गएको देखि नारद मन मनै खुशी भए । भृगुको घमण्ड अव तोडिन्छ ।

भृगु ऋषिले ब्रह्मदेवलाई परीक्षा गरेको :

सत्यलोकमा पत्नी सरस्वतीका साथ स्वर्ग सिंहासनमा ब्रह्माजी वसी रहेका थिए । सिंहासनका एक तिर ब्रह्मर्षि र राजर्षि देवर्षि आदि महामुनिहरू वसीरहेका थिए । अर्को तर्फ यक्षँ गन्धर्व किन्नर किंपुरुष आदि देवताहरू पनि वसि रहेका थिए । ब्रह्माजी त्यस वखत वेद-धर्म शास्त्रको उपदेश दिई रहेका थिए। त्यसै वखत भृगु ऋर्षि सभामा प्रवेश हुनु भयो । चारै तर्फ फर्कि निरलज्जा एवं घमण्डद्वारा ब्रह्माजीका आज्ञाविन (सभाको उच्च आसनमा वसे) भृगु ऋर्षि आएको देखेर सबै सन्तुष्ट थिए तर भृगुले गरेको अपमानले सबै उत्तेजीत भए । भृगुको अनुचित व्यवहारलाई देखि ब्रह्माजी रिसाउनु भयो । कठोर शव्दमा भन्नु भयो । हे भृगु तिमी ब्राह्मण कुलमा जन्मेर पनि सभाको मर्यादा गर्न जान्दैनौ । सभाको सभापति भएको मलाई केहीं वास्तै नगरि सोझै वस्यौ तिम्रो यो धमण्ड यस्तो हिम्मत के को धमण्ड हो ? यो सभामा वस्ने महानुभाव गौतम महामुनि, जमदग्नी,भन्दा पनि शक्ति साली हौ । भन्ने कुरो मैले कहिल्यै पनि शोचेको थिईन । तिमी यस्तो मूर्ख छौ भन्ने यति भनी ब्रह्माजीले भृगुलाई हकार्नु भयो । ब्रह्माजीको अपमानित वचन सुनेर भृगु ऋर्षिले शोच्नु भयो । ब्रह्माजीमा सत्वगुण छैन । राजाहरूले भने जस्तै रजो गुणयुक्त वचन वोलिरहेका छन् । यिनी यज्ञ फलका लागि लायक छैनन् भन्ने शोची आसनबाट उठी क्रोध स्वरले भने । हे ब्रह्मदेव म आएको कारण नै विचार नगरी मलाई अपमान गर्‍यौं तिमी जस्ता अयोग्यलाई मेरो श्राप यही नै हो कि यस पृथिवी तलमा तिम्रा लागि मन्दिर वन्ने छैन । तिम्रो पुजा पनि कहिल्यै हुने छैन । भनी श्राप दिई भृगु ऋषि कैलाश तर्फ लाग्नु भयो ।

भृगु महर्षि ब्रह्मदेवको परीक्षा गरेका

भृगु महर्षिले कैलासमा महादेवको परीक्षा गरी श्राप दिएकोः

भृगु ऋषि शिवजीको दर्शन गर्न कैलास पुग्नु भयो तहाँ नन्दी भृङ्गी चंडी इत्यादि प्रमथ गण सहित सबैले शिवजीको नाम स्मरण गरिरहेका थिए। कैलासमा शिव स्मरण वाहेक अरु केहीँ थिएन। यो देखेर भृगुका मनमा अनेक शंका पैदा भयो यहाँ पनि म आएको कसैले चासो देखाएनन्। यस्तो सोच्दै भृगु ऋषि शिवजीको एकान्त मन्दिरमा प्रवेश गर्नु भयो द्वारपालहरूले भृगुलाई रोकी दिए। हे महर्षि शिव पार्वती एकान्तमा हुनु हुन्छ। यस्तो अवस्थामा कुनै पनि भित्र जान सक्तैनन् भन्दा भन्दै पनि उनीहरूलाई हटाई भृगु महर्षि भित्र जानु भयो।

पार्वती-परमेश्वर त्यस वखत प्रणयतापमा हुनु हुन्थ्यो। अचानक भृगु आएको देखेर पार्वती लज्जित भै शिवदेखि टाढा हुनु भयो। यो अवस्थादेखि शिवजी क्रुद्ध भए। हे भृगु तपाईं हरेक वेदना जान्नु भए पनि यस वखत एकान्तमा आउनु मुर्खता हो। भनी त्रिशूल उठाए। यस्तो अवस्था देखि पार्वतीले शिवजीलाई शान्त गराउनु भयो पार्वतीले सम्झाएपछि शिवजीले त्रिशूल हटाए। यो अवस्था देखि भृगु ऋषि उत्तेजीत भई कठोर वचन वोले। हे परमेश्वर तपाईंले म यहाँ आएको कारण जान्नु भएन। अज्ञानताले मलाई त्रिशूल उठायौ। म तिमीलाई श्राप दिन्छु पृथिवी तलमा तिम्रो मन्दिरमा लिङ्गको पूजा हवस यस्तो श्राप दिई भृगु ऋषि वैकुण्ठ लोक तर्फ गए।

भृगु ऋषिले महादेवलाई श्राप दिएको।

भृगु ऋषि श्री विष्णुको परीक्षा गरि वक्षस्थलमा लात्ताले हिर्काए :

भृगु कैलासबाट फर्कि वैकुण्ठ लोकमा गुगे । भित्र प्रवेशगर्न लाग्दा भृगु ऋषिलाई यस्तो डरलाग्यो कि यहाँ पनि पहिलाको जस्तै निरास हुनु पर्छकी भन्ने सोच्दै वैकुण्ठ पुगे । तीनै लोकमा वैकुण्ठलोक ज्यादा सुन्दर र शेभायमान थियो । यहाँ लक्ष्मी नाची रहेकी थिईन "घनम् मुलम् मिदम् जगत" यस्तो वचनले लक्ष्मीको निवास वैकुण्ठ थियो । लक्ष्मीको धेरै प्रभाब र तेजोमय कान्तिले विराजमान थियो । यस्तो सुन्दर लोकमा गएर भृगु ऋषि विष्णुलाई इर्ष्याभावले हेरिरहेका थिए । श्री विष्णु शेषशैयामा हुनु हुन्थ्यो । लक्ष्मी नगीचै वसी कोमल हातले श्री विष्णुको पाउ दावी रहनु भएको थियो । भृगु आउने कुरा विष्णु भगवान्लाई पहिला नै थाहा थियो । तै पनि नजाने जस्तो गरि आँखा चिम्लि वस्नु भएको थियो । भृगु गएर विष्णुलाई देखे । विष्णुभगवान्बाट भृगुको स्वागत भएन । क्रोधित भै भृगुले शेषशैयामा सुतेका विष्णुको छातिमा वायाँ खुट्टा उठाएर हिर्काए । यस्तो घटना देखि लक्ष्मी इन्तुन चिन्तु भईन । लात्ति खाए पछि श्री विष्णुले आँखा खोली मुस्कुराउदै भृगुलाई प्रणाम गरि स्वागत गर्नु भयो । श्री हरिले नै विनय पूर्वक भन्नु भयो । हे महर्षि मलाई क्षमा गर्नु होवस् । तपाईं जस्ता ऋषि आएका छन् भने नजान्नु नै मेरो अपराध हो । आउनु होस् वस्नुस् भनी शेषशैयामा वसाए । उनलाई सेवा गर्दै भने ।

भृगु ऋषिले श्रीहरिको छातीमा लात्ताले हिर्काएको ।

तपाईं जस्ता ऋषि मेरो वैकुण्ठं लोकमा आउनु मेरो लागि अहो भाग्य हो । भन्नु हवस् तपाईंले मलाई किन लात्ताले हान्नु भयो । तपाईंको खुट्टामा चोट त लागेन यति भनी श्री हरि भृगुको वायाँ खुट्टा सुम्सुम्याउनु लाग्नु भयो । विष्णु भगवान्को ज्ञान नेत्र फैलाएका कारण भृगुको घमण्ड तोडियो । भृगुका आँखा खुल्यो । श्री हरिको सेवा देखेर भृगु र शेषशैयावाट उठि दुखित भै दयनीयभावले श्री हरिको प्रार्थन गर्न लागे । हे भगवान् वैकुण्ठवासी मलाई क्षमा गर्नु हवस् । म अपराधी हुँ । मबाट भएको अपराधको प्रायश्चित हुदैन म जस्ता पापीलाई शिक्षा हुनु पर्‍यो । भनि भृगु श्री हरिका चरणमा आलिङ्गन गरि रोए, कराए । श्री हरिले भृगु आउनुको कारण वुझि आफ्ना खुट्टामा परेका भृगुलाई उठाई भन्नु भयो । हे भृगु तपाईं निरपराधी हुनु हुन्छ । तिम्रो कुनै भूल छैन र तिमीले गर्दा मेरो कीर्ति संसार भर फैलने छ मैले क्षमा गरिदिए । तिमी निश्चित भै वस । हे ऋषि तपाईं जुन आशा लिएर यहाँ आउनु भएको छ । त्यो अवश्य पुरा हुने छ । श्री हरिको यसै वचन सुनि भृगु अति आनन्दित भै श्री हरिलाई नमस्कार गरि भूलोक आउनु भयो ।

पृथ्वी लोकमा आई गंगा नदीका किनारमा पुगी कश्यपादि मुनीहरूलाई आफूले त्रिलोकको यात्रा गरेको यात्रामा भएको सवै अनुभव वताए । भृगुको यस्तो साहसी काम सुनी कश्यपादि ऋषि खुशी भए । भृगुले भने हे कश्यप यज्ञको फल स्वीकृत योग्य त्रिमूति मध्येमा श्री हरिनै हुन् । यस कारण श्री नारायणलाई नै फल मिल्नु पर्छ । भृगुका यस्तो वचन सुनी ऋषिगण श्री हरिलाई नै यज्ञ फल दिने निश्चय गरे ।

लक्ष्मी श्री हरिसंग रिसाई भूलोक पुग्नु भयो

भूलोक गगांनदीको किनारमा कश्यपादि ऋषिहरूले यज्ञ यथोचित प्रारम्भ गरी वेदमन्त्र द्वारा निर्धारित एक मण्डल वनाई अठ्चालीस दिनको यज्ञ पुरा गरे । यज्ञ समाप्त हुंदाका वखत श्री हरि प्रत्येक्ष भै आईपुगेको देखि सवै ऋषिहरू आनन्दित भै श्री हरिलाई सामूहिक यज्ञफल समर्पित गरे । श्री हरि ऋषिहरूद्वारा समर्पित यज्ञ फल स्वीकार गरी अन्तरधान भई वैकुण्ठ लोक गए ।

वैकुण्ठ लोकमा भृगु ऋषिले गरेको अपमानले दुखित भै लक्ष्मी रिसाएर वसिरहेकी थिईन् । लक्ष्मीलाई धेरै संझाउदा पनि नसंझि वसेकी हुनाले

लक्ष्मी देवीलाई खोज्दै श्री हरि भूलोकमा प्रवेश गरेको ।

लक्ष्मी विना श्री हरिलाई वेचैन थियो । लक्ष्मीलाई जति संभाए पनि नसंभि वसेकी श्री हरिको वक्षस्थल लक्ष्मीको निवास यस्तो पवित्र वक्षस्थलमा ऋषिले लात्ताले हानेको त्यस्मा पनि विष्णुले त्यो पाउ सुमसुम्याएको देखि लक्ष्मीका मनमा श्रीहरिले दण्ड देलान भन्नुको वदला पाउ दवाएको देखि विरक्त वेचैन भै हराएकी थिइन् ।

श्री हरि लक्ष्मीको यस्तो अवस्था देखि वेचैन भै लक्ष्मीलाई सम्भाउने कोशिस गरि भने हे लक्ष्मी भृगु निमित्त मात्र हुन उन्को केहीँ दोष नै छैन । भृगुले जुन व्यवहार गरे यो मानव कल्याणको लागि विजाङ्कुर मात्र हो । भृगु हाम्रो छोरा समान हाम्रा भक्त हुन् । छोराले कुनै अपराध गरेमा बाबु आमाले दण्ड दिन सक्तैनन् । त्यही अनुरुप मैले पनि पुत्र सम्भि दण्ड दिनै सकिन तिमी शान्त होऊ । यी सबै कुरा विर्सिदिउ भन्दा पनि लक्ष्मीलाई विश्वास भएन । श्री हरि सबै विषयमा आफ्नो नाटक देखाउने सुत्रधार हुन् भन्ने सम्भिईन श्रीहरि जस्तो वात गर्छन उस्तै अभिनय गर्ने लक्ष्मीले संभिन र श्री हरिका नाटकमा विश्वासै भएन । लक्ष्मीको हठिपन देखि श्री हरि वैचैन भै सर्वत्र कला विहिन देखिए । श्री हरिको अवस्था देखि लक्ष्मीले सोधिन चौध भूवन र तेत्तिस कोटी देवताका मालिक भएर पनि एउटा मामुली मुनिका मार खाएर उनलाई विना दण्ड उल्टै आदर गरि उनैको पाउ आफै दवाउने के यो लज्जा होइन ? के यो सबै सहन सक्नु हुन्छ ? म सहन सक्तिन यो अपमान देखि मेरो मन ज्यादै दुखेको छ । मैले तपाईं यस्तो असमर्थ हुनु हुन्छ भन्ने कहिल्यै सोचेकी थिईन । यति भनी लक्ष्मी वैकुण्ठबाट निस्किई भूलोक जान हींडिन । लक्ष्मीलाई श्री हरिले रोके । लक्ष्मी वैकुण्ठबाट निस्कदै भनिन् जुन

ऋषिले हामी दुई वीच अलग गराए उनलाई दण्ड नदिई छोड्दिन । जुन व्राह्मणले गर्दा हामी दुई अलग भयौं । उनै व्राह्मण जाति पृथिविमा दरिद्र होउन् । आफ्नो विद्या वेचेर जीवन निर्वाह गरुन् । यस्तो श्राप दिई लक्ष्मी कोल्हापुर गाउमा आई तपस्या गरि वसिन् ।

श्री हरि लक्ष्मीलाई खोज्दै भूलोकमा प्रवेश :

लक्ष्मी बैकुण्ठ छाडी भूलोकमा पुगिन । महालक्ष्मी बैकुण्ठवाट निस्कना साथ देवताहरूमा पारस्परिक तनाव हुन थाल्यो । लक्ष्मी बीना बैकुण्ठ कला विहीन भयो । श्री हरिको अवस्था पनि उस्तै भयो । जव महालक्ष्मी श्री हरिसंग रिसाएर गएपछि वैकुण्ड शून्य भयो । जुन सुकै तवरले भएपनि लक्ष्मीलाई वापस वोलाउनु पऱ्यो वैकुण्ठ वासीका विन्तिसुनी दुखित भै लक्ष्मीको खोजीमा श्री हरि भूलोक आए ।

श्री हरि पृथ्वी तलमा पुगी लक्ष्मीलाई यत्रतत्र खोज्न हैरान भए । कहि खोज्दा पनि लक्ष्मी फेला परिनन् । आखिर श्री हरि पात पतिङ्ग रुख पशुपंक्षिका साथ पागल रुपमा लक्ष्मीका वारे सोद्धै सोद्धै खादै नखाई निरास भै तिरुमला तिरुपति पुग्नु भयो । तिरुमलामा आदि बाराह स्वामिका आस पासमा रहेको ईमलीको रुखमुनिको सर्पको दुला भित्र पसि लक्ष्मीको ध्यान गरी तही तपस्या गरि वसे । महालक्ष्मी र श्री हरि बैकुण्ठमा नहुदा बैकुण्ठ नै कलाविहीन भयो । यो खवर नारद मुनिले थाहा पाए । नारदले ब्रह्माजीसंग विन्ति गरे हे जनक तपाईको आज्ञा अनुसार श्री हरि भूलोकमा अवतार लिन उपाय



सर्पको दुलोमा बसेका श्रीहरि ।

रचिरहेका छन् । यस कारण श्री हरि र लक्ष्मी देवीका वीच झगडा भै रहेछ । लक्ष्मी देवी श्री हरिसंग रिसाई बैकुण्ठवाट हिडिन् र कोल्हापुरमा तपस्या गर्न वसिन । लक्ष्मी देवीलाई खोज्दै खोज्दै बैकुण्ठनाथ श्री हरि भूलोक आउनु भयो । लक्ष्मीलाई खोज्दा खान, वस्न, सुत्न समेत छोडदा पनि पत्ता नलाग्नाले तिरुमलामा सर्पको दुलोमा वसी विना खाना लक्ष्मीको ध्यान गरि श्री हरि वसेका छन् । कुनै उपायद्वारा श्री हरिलाई खाना पुऱ्याउनु पर्छ । नारदको वचन सुनि ब्रह्मदेव नारदलाई लक्ष्मीका पास पठाएर महादेवसंग भेट्न आफु कैलाश पुगे । ब्रह्मदेव आएको देखि महादेवले ब्रह्मदेवलाई स्वागत गरे । ब्रह्मदेव शंकर संग लक्ष्मी र श्री हरि वीच भएको घटनाका विवरण सुनाए । शंकर र ब्रह्मदेव दुवै निश्चय गरेकि ब्रह्मा गाईको रुप धारण गर्ने र शंकर वाच्छो वन्ने । दुवै मिलेर दूध दिई श्री हरिलाई रक्षा गर्ने । ब्रह्मदेवको सल्लाह शंकरले स्वीकार गरे ।

नारद लक्ष्मीलाई श्री हरिको वारेमा वताए :

नारदमुनि कोल्हापुरमा पुगी लक्ष्मीका पास गए र लक्ष्मीलाई विनय पूर्वक नमस्कार गरि भने हे माता बैकुण्ठवासी भएर पनि एक सामान्य स्त्री झै गेरु वस्त्र लगाई एकान्तमा तपस्या गरि वस्नु भएको छ । तपाईं नभएका कारण बैकुण्ठ कलाहीन छ । श्री हरि पनि तपाईंलाई खोज्दै बैकुण्ठ छोडी भूलोक घुमि रहनु भएको छ । नारदको यस्तो वचन सुनी लक्ष्मी धेरै दुःखित भइन् । नारदले लक्ष्मीलाई भने की तपाईंलाई खोज्दै खोज्दै श्री हरि निरास भै शेषाद्रि पहाडको ईमलीको रुखमुनि एक सर्पको दुलोमा लक्ष्मी लक्ष्मी भन्दै खान पान छाडी तपस्या गरि रहेका छन् । यस कारण श्री हरिलाई वचाउन ब्रह्मा र शंकर मिलेर श्री हरिलाई खानपान पुऱ्याउने उपाय शोध्नु हवस् भनी लक्ष्मीसंग विदालिई नारद गए ।

ब्रह्मा, महेश्वर, गाई र वाच्छोको रुप धारण गर्नु :

लक्ष्मीदेवी आफ्नो पतिका अवस्था सुनेर वेचैन भइन् र श्री हरिलाई निराहारवाट वचाउन ब्रह्मा र महेश्वरलाई ध्यान गरिन् । लक्ष्मीको प्रार्थना सुनेर ब्रह्मा र शंकर लक्ष्मीका अगाडी खडा भए । लक्ष्मीले ब्रह्मा र महेश्वर दुवैलाई नमस्कार गरिन् । पति विष्णुलाई यस किसिमका शंकटवाट वचाउने

प्रार्थना गरिन् । शिव र ब्रह्मामा एक आपसमा विचार गरि लक्ष्मी देवीलाई भने हे लक्ष्मी ब्रह्म देव गाईको रुप र शंकर वाच्छोको रुप धारणा गर्नेछौ तपाईं गोपिनीको रुप लिई गाई र वाच्छोलाई साथै लिइ चन्द्रागिरी चोल राजाकहां गई वेची देउ । हामीदुलोमा वसेका श्री हरिलाई दैनिक गाईको दूध दिएर वचाउने छौ । ब्रह्मा र शंकरको यस्तो वचन सुनी सन्तुष्ट भईन् ।

लक्ष्मीले गाई र वाच्छो चोल राजालाई विक्री गर्नु :

ब्रह्मा गाई र शंकर वाच्छोको रुप धारण गरि लक्ष्मीदेवी गोपिका वनै गाई र वाच्छो लिई चोल राज्यमा पसे । चोल राज्यमा घुम्दै गोपिका राजका दरवारमा वाच्छो लिएर पुगिन । राजासंग भनिन् यो गाई र वाच्छो असल जातका हुन् । यिनलाई सामान्य मानिसले पाल्न सक्तैन । त्यस कारण म तपाईंलाई वेच्न आएकी हु चोल राजा र उन्की स्त्री गाई र वाच्छोलाई देखि धेरै खुशी भए । गोपिकालाई मागे अनुसारको मूल्य दिई गाई र वाच्छो खरीद गरे लक्ष्मी देवी राजालाई गाई र वाच्छो दिई फेरी तपस्याका लागि कोल्हापुर गइन् । राजाले आफ्ना गोठालालाई यो उत्तम जातका गाई र वाच्छो जिम्मा दिई भने यो गाईलाई राम्रो संग पाल्नु । यस्को दूध दैनिक हामीलाई पठाउनु राजाका यस्तो वचन ध्यान पूर्वक सुनि गोठालो गाई र वाच्छोसंगै लिएर गयो । गोठालो सबै गाईका वगालसंग त्यो गाई पनि बेंकटाचलमम चराउन जान्थ्यो । तर त्यो गाई वगालवाट अलग भएर सोझै श्री हरि वस्को सर्पको दुलोमा आफ्नो दूध दिई पुन फर्कि वगालमा आई मिसिन्थ्यो । त्येक दिन सोही अनुरुप गर्थ्यो एक दिन गाईले दूध दिएन् । एवं रितले कैयौंदिन विते ।

लक्ष्मीले गाई, बाच्छो, चोल राजालाई विक्री गर्नु

गोठालाले राजा कहाँ दूध लगेन । महारानीले गोठालालाई वोलाएर सोधिन हे पशु पालक तिमीलाई त्यही गाईको दूध दैनिक ल्याउन भनेका थियौं । तर एक दिन पनि ल्याएनौ । यो दूध तिमी आफै पिउछौं कि वेच्छौ ? रानीले कठोर शव्दले भनीन् । यो सुनेर गोठालो डरायो र काँपेर जवाफ दियो । महारानी सबै गाईको झै दूध दुहुन गयो यो गाईको थुनमा एक थोपा पनि दूध हुदैन । यो के भएको हो वुझ्नै सकिन रानीलाई गोठालाको यो बाक्यमा विश्वास लागेन । रानीले भनीन् वाच्छो भएको गाईको दूध हुदैन ? तिमी धोकेवाज हौ भोली यस्को दूध अनिवार्य ल्याउनु । यति भनि गोठालालाई हप्काएर पठाईन् । पशुपालक रानीको आज्ञा सुनी डराएर निस्कियो ।

दुलोमा वसेका श्री हरिलाई गाईले लुकेर दूध दिनु :

गोठाला दैनिक गाई चराउन बेंकटाचलमा लैजान्थ्यो । यो नयाँ गाईलाई कर्के आँखाले हेर्ने गऱ्यो । दैनिक गाई श्री हरिलाई दूध दिन प्वाल नेर पुगी थुनवाट श्री हरिलाई दुध दिन थाली यस्तो आश्चर्य घटना गोठालाले रुखको आडवाट देख्यो र रिसाई हातको लट्ठी उठाएर गाईलाई पिट्न दौड्यो । श्री हरिले पहिले नै यो घटना जानी सकेका थिए । गाईलाई वचाउन प्वालवाट वाहिर आए । त्यसै वखत गोठालाको लट्ठी श्री हरिको टाउकोमा लाग्यो । र श्री हरीको टाउकोबाट रगत वग्यो यो घटना देखेर गोठालो वेहोस भै लडयो रगत गाईको डाडमा पनि लाग्यो लट्ठीले लागेका कारण श्री हरि दुलोमा पनि आउन सकेनन् तही वसे । गाईको यस्तो अवस्थादेखि तहाँ देखि दौडादै चोल राजाको अगाडी उभियो । राजा रगतले मुछिएको गाईलाई देखर चकित

दुलो भित्र बसेका श्रीहरिलाई गाईले लुकेर दुध दिनु ।

भए । गाईलाई राजाको नजिक आउने इसारा गरे । राजा गाईको ईसारा संभि्क गाईसगै बेंकटाचलमा पुगेर वेहोस भै लडेको गोठालालाई देखे सर्पको दुलोमा वाधा पूर्वक कराई रहेको आवाज सुनियो । यो आवाज सुनेर राजाले सीपाई रक्षकलाई चारै तर्फ हेर्न पठाए । राजा खुद शव्द सुनी सर्पको दुलोमा हेरे प्वालको तल देखे की श्री हरि घायल भै कराई रहेका थिए ।

चोल राजालाई श्री हरिले श्राप दिनु :

राजाले श्री हरिलाई देखेर भने । हे महापुरुष तपाईं को हो तपाईंको यस्तो अवस्था कसरी भयो । नजानी कन गरेको अपराधको क्षमागर्नु हवस् । राजाको यो वचन सुनी श्री हरि आँखा खोलेर राजालाई देखि भने हे मुर्ख म को हुँ । मलाई हेर्न चाहन्छस् भने हेर भनी श्री हरिको स्वरुप देखि डरले थर थर कापि श्री हरिका चरणमा पऱ्यो । प्रार्थना गर्न लाग्यो । हे प्रभु मलाई क्षमा दिनु हवस् । राजाको यस्तो वचन सुनेर श्री हरिले रिसाई भने त पिशाच भई गएस् । श्री हरिले राजालाई यस्तो श्राप दिए । राजाले धेरै दुखित भई श्री हरिलाई प्रार्थना गरि भन्यो स्वामी म निरापराधी हु मलाई यो केहीँ जानकारी नै थिएन । मैले आफ्ना नोकरलाई यो केहीँ आज्ञा दिइन यो मेरो पाप होइन मलाई क्षमा दिनु हवस् । राजाको वचन सुनी श्री हरि राजालाई भने नोकरको अपराधले अपराधी भई सकिस् यस्को परिणाम तिमीले नै भोग्नु पर्छ ।

चोलराजालाई श्राप दिइ श्री हरिले चोल राजालाई श्राप विमोचन वताउनु :

नारायणको यस्तो वचन सुनेर चोलराजाले दुःखित भै भने । हे नारायण पुरुषोत्तम यो मैले जानिन की तपाईं यो सर्पको दुलोमा हुनु हुन्छ भन्ने । यो मैले पहिला नै जान्दथे भने मनै खुद दैनिक तपाईंको सेवा गर्ने थिए । मलाई केहीँ पत्तै थिएन यस्तो परिणाम निस्केला भन्ने । म वेकसुरको हुँ मलाई क्षमा गर्नुहवस् । राजाले यस किसिमले श्री मन्नाराणलाई पटक पटक प्रार्थना गरे । श्री हरिले चोल राजालाई भने मैले दिएको श्राप अटल हुन्छ । यस्लाई फिर्ता गर्ने अधिकार मलाई पनि छैन । त्यसकारण तपाईं श्राप ग्रस्त भएर यो शरीरलाई छोडी देऊ । अर्को जन्ममा तिमी फेरी यही चोल वंशमा आकाश राजाको नामले जन्म भै तिम्रो छोरी पद्मावतीको विवाह मसंग गरि मोक्ष

चोल राजालाई श्री हरिले श्राप दिएको ।

पाउने छौ । यस प्रकार चोल राजाका श्राप विमोचन वताउनु भयो । वेहोस भई लडेको गोठालोलाई होस् आएपछि श्री हरिलाई देखि श्री हरिका शरणमा परि रोईकराई भन्यो हे प्रभो म मूर्ख हु मलाई क्षमा गर्नुहवस् । अनजान पूर्वक गरेको मेरो अपराधमा मलाई क्षमा गर्नु हवस् । यस अनुरुप गोठालोले तरह तरह प्रार्थना गऱ्यो । श्री हरिले गोठालालाई देखि भन्नु भयो । हे पशुपालक तिमी निरापराधी छौ । त्यस कारण तिम्रो दोष छैन । सोही अनुरुप तिम्रो रक्षा गरेको छु । यो भूलोकमा पहिले तिमीले नै मेरो दर्शन गऱ्यौं । यसै कारण यो अवतारमा मेरा मन्दिरमा पनि तिम्रा वंश गोल्लवंशलाई नै पहिला दर्शन मिल्ने छ । अव तिमी निश्चिय भै वस श्री हरिका यस्तो वचन सुनी पशुपालक श्री हरिसंग विदाभई गयो । श्री हरि गोठालालाई दिएको पहिला दर्शन अनुसार आज तकपनि उसैकावंशले श्री हरिको पहिला दर्शन गरि रहेका छन् । त्यसपछि वाकी कार्यक्रम हुन्छ । श्री हरिलाई लौराले हिर्काउने पशुपालक वंशलाई आज पनि हामी देख्न भेटन सक्तछौं ।

भूवराह मूर्तिको वृत्तान्त :

पूर्व कालमा सनक र सनन्दन नाम गरेका महामुनि श्री हरिको दर्शन गर्नका लागि कुब्ज रुपधारण गरि बैकुण्ठमा आए । त्यहाँ जय विजय नाम गरेका द्वारपालले सनक सनन्दन मूर्निलाई प्रवेश गर्न रोकी दिएर उनीहरूलाई पछाडी फर्काए । सनक सनन्दन मुनिले यो अपमानलाई सहन सकेनन् । यिनै द्वारपाल जय र विजयलाई श्राप दिए तिमीहरू राक्षस वनी जाओ । जय विजयले आफ्नो भूल संझिएर मुनिहरूलाई वरावर प्रार्थना गरे । सनक सनन्दन जय

विजयका प्रार्थना सुनेर क्षमा दिनलाई भने । तर हाम्रो श्राप अटल हुनेछ दिएको श्राप पनि विशाप त हुन्छनै । तिमी दुवै जना ३ तीन जन्म तक राक्षस भै रहेका वखत श्री हरिद्वारा मारीए पछि तिमीहरू पून: द्वारपालक भै बैकुण्ठमा निवास गरौला । यो विशाप दिएर सनक सनन्दन मुनि बैकुण्ठवाट फर्किए । जय विजय भूलोकमा हिरण्याक्ष र हिरण्य कश्यप राक्षस भएर जन्मिए ।

सनक सनन्दन महामुनिहरूको शरापले पृथ्वी लोकमा हिरण्याक्ष हिरण्य कश्यप राक्षस भएर जन्मिए पछि यी दुई हिरण्याक्ष धेरै कुमार्गी थिए । यो सदा सर्वदा ऋषिमुनिहरूलाई सताउथ्यो । एक दिन हिरण्याक्ष पृथ्वीमा लुटपुटिई पातालमा लुक्यो । देवताहरू हिरण्याक्षले सताएका कारण विष्णु भगवान् भएका ठाउँमा पुगे । राक्षसले सताएको वारे विस्तार गरे श्री हरिले देवताहरूलाई संझाई वुझाई वराबर धैर्य धारण गर्न भने । श्री हरिले भने भूदेवीलाई बचाउनलाई स्वेत वराहको अवतार लिए । तेजो मय दाह्राद्वारा हिरण्याक्षलाई संहार गरि पातलमा रहेकी भूदेवीलाई वचाई राखे । श्री हरिले वराह रुपमा हिरण्याक्षलाई संहार गरेपछि देवता गन्धर्व मुनि गण वराह स्वामीको प्रार्थना गरे । जुन भूमण्डललाई तपाईले वचाउनु भयो । त्यही भूमण्डलमा रहेर भक्तहरूको रक्षा गर्नु भएको छ। वराहले मुनिहरूको रक्षा गर्न लागे । भूलोकमा धेरै मानिस वराह स्वामीको भक्त बने । उनै भक्तमा श्रेष्ठ वकुलादेवी भईन । वकुलादेवी सधै भक्ति श्रद्धासंग वराह स्वामीलाई पूजा गर्दन्थिन् ।

वकुलादेवीको पूर्व जन्मको वृत्तान्त :

द्वापर युगमा द्वारकावासीहरू श्री कृष्ण अवतारको समाप्तीका वारेमा सुनी सबै लोक शोकाकुल भएका थिए । यो खवर माता यशोदा देवीसम्म पुग्यो । यशोदा मैया आकुल व्याकुल भै कृष्ण समीप पुगिन र भनिन् । कुमार मैले तिम्रो यो अवतारमा वाललीला प्यार पनि देखे तर तिम्रो कल्याण देखिन मेरो यो प्रार्थना पुरा गर । श्री कृष्णले माता यशोदाको वचन सुनि दु:खित माता यशोदालाई संझाई भने । आमा म कलियुगमा श्री वेंकटेश्वर नामले अवतार लिने छु। त्यस अवतारमा पनि तपाईंका सहमतले मेरो विवाह हुने छ। कलियुगमा तपाईं वकुलादेवीका नामले जन्म लिई मेरो अंश वराह स्वामीलाई सदा सर्वदा पुजा गरि रहनु हुनेछ । म तहा आएर तपाईंसंग मिलि वस्ने छु। यस अनुरुप माता यशोदालाई वरदान दिए । कृष्णका प्रिय वचन

सुनि यशोदा देवी खुशी भइन् । कलियुगमा वकुलादेवीको नामले जन्म लिईन शेषाचलमा श्री वराह स्वामीको सेवा गरि वसिन् ।

श्री हरि गोठालाले हिकाई वनाएको घाउलाई औषधी लगाउन जंगल जंगलमा घुमफिर गरि रहे । श्री हरिका यो अवस्था सुनी देव गुरु वृहस्पति बेंकटाचलमा आई श्री हरिसंग भेट गरे । श्री हरि वृहस्पतिलाई आदर गरि आफ्ना टाउकामा लागेको घाउ देखाई भने यस्लाई ईलाज गर्न औषधी खोजि रहेको छु । केहीँ औषधी वताऊनु हवस भने ।

वृहस्पति श्री हरिलाई देखि भने भक्त जनको रक्षा गर्न तपाईंले आफै खुद कष्ट सहनु पऱ्यो । तपाईंको घाउको लागि एउटै औषधी छ । त्यो हो गुलर रुखवाट दूध निकाली मदारका रुवा भिजाई त्यही रुईले घाउमा लगाई दिने यस अनुसार हप्ता दिनमा घाउ ठीक हुन्छ । यति भनी देवगुरु वृहस्पति श्री हरिसंग विदा लिई यथास्थान पुगे ।

श्री हरि गुलरको रुख खोज्दै जंगल धुमे । जंगल धुमेका वखत श्री हरिले एउटा कुटी देखे । विस्तारै विस्तारै त्यही कुटी पास पुगे । त्यस पर्णशालामा श्री कृष्णको भजन भै रहेको थियो । श्री हरिले आफ्नो घाउ दुखेका कारण भजन सुनेनन् । घाउ दुखेको हुनाले श्री कृष्णले ऐया आमा ऐया आमा भनी त्यही कुटी नेरै वसे । श्री हरिको आवाज सुनी वकुलादेवी भजन छोडी वाहिर आइन् । हरिलाई लिई भित्र गइन् । श्री हरिले देव गुरु वृहस्पतिद्वारा वताएको औषधी वकुलादेवीलाई वताए । वकुलादेवी यो सुनी त्यही अनुरुप श्री हरिलाई औषधी लगाई फलफूल खिर खुवाई आरामसंग सुताइन् । सुतेर उठेपछि वकुलादेवीले श्री हरिसंग सोधिन वावु तिमी को हा ? कहाँवाट आयौ? यो घाउ कसरी भयो भनी सोधिन । श्री हरिले आफ्ना वेदना वताए । श्री हरि वकुला माता व्याकुल भएको देखि आमा म को हुँ मलाई केहीँ थाहा छैन । भन्दै पछिल्लो जन्मका श्री कृष्ण अवतारलाई देखाए । वकुलादेवी प्रशन्न भैइन् । श्री हरिलाई आगालो मारिन् । श्री हरिले वकुला मातालाई आफ्नो वितेको घटना वताए ।

दोस्रो दिन विहानै वकुलादेवीले श्री कृष्णलाई उठाएर स्नान गराईन् । खानपिन गरेपछि भनिन् कुमार यो शेषाचलमा आदि वराह मूर्ति छ । एक पटक उनै स्वामीको दर्शन गरि आउ भने पछि । श्री हरिलाई वराह स्वामीको मन्दिरमा लगिन र श्री हरि र वकुलादेवी भै भक्ति श्रद्धा साथ स्वामीको पूजा गरे ।

श्री हरि वराह स्वामीसंग बस्ने ठाउँ मागे :

वराह स्वामीले श्री हरिलाई र वकुलादेवीलाई आशिर्वाद दिए । वराह स्वामीले श्री हरिका स्थितिलाई आफ्ना दिव्य दृष्टिद्वारा देखे । श्री हरिले वराह स्वामीलाई विन्ति गरी हे स्वामी यो पुरा शेषाचल तपाईंको अधिनमा हवस् । तपाई यस्को अधिपति हुनु हुन्छ । त्यसकारण तपाईं मलाई यहाँ वस्नका लागि केहीँ जमीन दिनु हवस् । श्री हरिको यस्तो वचन सुनी वराह स्वामीले श्री हरिलाई भने । जमीनको मूल्य चाहे जति नै लिनु हवस् वराह स्वामीको यस्तो वचन सुनी श्री हरिले भने हे स्वामी म सुकुम्वासी हुँ । जुन वखत लक्ष्मी मसंग रिसाएर गईन् त्यहाँ देखि नै म गरिव छु । अहिले मेरा साथ केहीँ छैन । म निर्धनी हुँ । जमिनको मूल्य दिन सक्तिन यस कारण मलाई वस्नको लागि जमीन दिनु हवस् । यसको मूल्य यसै कलीयुगमा जति मेरा मन्दिरमा दर्शन गर्न आउँछन् ति सवैले पहिला तपाईंको दर्शन गर्ने छन् । पहिला तपाईंको पूजा र नैवेध दक्षिणा इत्यादि अर्पण गर्ने छन् । त्यसपछि मेरो दर्शन गर्न अउलान् । भक्तका सेवा वाहेक मेरा साथ केहीँ छैन । जस्ले तपाईंका सेवा गर्दैनन् उस्को तिरुमला यात्राको फल मिल्ने छैन । श्री हरिको यस्तो वचन वद्धता वराह स्वामीलाई राम्रो लाग्यो । श्री हरिलाई एक सय फूट जमनि दिए । यसपछि वकुलादेवी र श्री हरि वराह स्वामीसंग विदा भै आफ्ना कुटीमा आए । त्यस वखतसम्म श्री हरिलाई वकुलादेवीले कुनै नाम भनेकी थिइनन् । श्री हरिसंग भनीन् कुमार यस युगमा तिमीलाई के नामले वोलाउ ? वकुलादेवीको यस्तो आकांक्षा वुझी श्री हरिले भने आमा यो

श्रीहरिले वराह स्वामीसंग बस्ने ठाउँ माग्नु ।

वालकलाई जे भनेर वोलाए पनि मान्छु । श्री हरिका यस्तो प्रिय वचन सुनी वकुलादेवी खुशी भइन् । श्री हरिलाई श्री निवास भनी नाम राखिदिइन । तहादेखि आजसम्म कैयो करोड भक्तका मनमा रह्‍यो । त्यही श्री निवास आचन्द्रार्क चिरस्थायी भै रह्‍यो । श्री हरिले वराह स्वामीलाई दिएको वचन अनुसार आज तक भक्तहरूले श्री निवास मन्दिरको वगलमा पुष्करिणीका पास मन्दिरमा रहेका वराह स्वामीलाई नै पहिले दर्शन गर्दछन् । पछि मात्र श्री निवासलाई दर्शन गर्छन् । यो संप्रदाय सिद्ध हो ।

आकाश राजको वृत्तान्त :

नारायणपुर तिरुपतिदेखि वीस माईल टाढा छ । यहाँ सुर्धम नामका राजा राज्य गर्थे । उनका राज्यमा प्रजा सुखी थिए । सुर्धम राजा प्रजालाई आफै वाल वच्चा भै पालपोषण गर्दथे । यहाँ विष्णुका श्रापले चोल राजा पिचास वनि घुम्दै फिर्दै पछि पिचास योनी छोडे । पछि नारायणपुरका राजा सुर्धमका पत्नीका गर्भमा प्रवेश गरि तही जन्म लिए । राजा सुर्धमले आफ्नो छोराको आकाश राजा भन्ने नाम राखे । उसलाई प्यार पूर्वक लालन पालन गरे । राजा सुर्धम एक दिन शिकार खेल्न गए । शिकारवाट फर्कीएका वखत आराम गर्न कपिल तीर्थमा वसे । त्यही वखत कपिल तीर्थको पुष्करिणीमा सुन्दरी नाग कन्या नुहाई रहेकी थिईन् । राजा सुर्धम सुन्दरी नाग कन्यालाई देखि मोहित भए । उनै कन्याको इच्छानुसार राजाले गान्धर्व विधीले विवाह गरे । सुर्धमको नागकन्या तर्फ एक पुत्र जन्मियो । उसको नाउ तोडमान थियो । सुर्धमका मृत्यु पछि आफ्नै जेठो छोरा आकाश राजालाई राजा वनाई राज्याधिकार दिए । सानो छोरो तोडमान ठूलो छोराको जिम्मा दिई उनी मरे । आकाश राजा पनि पटरानीका साथ राज्य गर्न लागे । उनका पालामा देशमा कुनै केहीँ कमि थिएन । आकाश राजाको कीर्ति जताततै फैलिएको थियो । तहाँ कुनै चिजको कमि थिएन । केवल सन्तान नभएका कारण एक मात्र सन्तानको चिन्ता थियो ।

आकाश राजाले पुत्र कामेष्टि यज्ञ गर्नु :

आकाश राजा सन्तान नभएको पशचातापमा थिए । एक दिन आकाश राजाले शुभ दिन विचार गरि कुल गुरु शुक महामुनिलाई वोलाए । राजाको

आज्ञा अनुसार शुक महामुनि राजा कहाँ आए । कुल गुरु शुक महामुनिलाई आकाश राजाले स्वागत गरे । मुनिले आशिर्वाद दिई सोधे राजन मलाई वोलाउनुको प्रयोजन के हो ? मलाई के कारणले वोलाएको हो । आकाश राजाले मुनिलाई प्रणाम गरि आफ्नो मनमा भएका कुरा वताए । हे मुनि मेरो सन्तान छैन । पाउने कुनै उपाय छ भने वताउनु हवस् भने पछि शुक महामुनिले विचार गरि भने । हे राजा पूर्व कालमा राजा जनकले पुत्र कामेष्टि यज्ञ गरि सन्तान भयो । तपाईं पनि त्यही यज्ञ गर्नु हवस् सन्तान हुने छ । भगवान् तिम्रो भलो गर्ने छन् । यस प्रकार कुल गुरु शुक महामुनिको सल्लाह अनुसार आकाश राजाले वेदज्ञाता ब्राह्मणहरू वोलाई यज्ञ समारोह गरे । यज्ञ पूर्व यज्ञ स्थललाई जोत्नका लागि राजा स्वयं सूवर्ण हलो लिएर जोत्न लागे । हलो चलाउँदै रोकियो । राजाले हलो रोकिएको ठाउँमा खोतलेर हेरे पछि एउटा पेटी भेटियो । राजाले पेटी खोलेर हेरे त्यसमा सहस्रदल कमल कावीचमा एक तेजोमय वच्चा भेटियो । राजा खुशी भएर बच्चा काखमा लिए । अचानक उनलाई आकाशवाणी भयो । हे राजा तिमी भाग्यमानी छौ । तिम्रा पूर्व जन्मका पूण्यका कारण तिम्रो वंशमा पुत्री जन्मिई । यही पुत्रीद्वारा तिम्रो वंशको कीर्ति वढ्ने छ । यति भनेर आकाशवाणि सुनेर खुशी भए । वच्चालाई काखमा लिएर यज्ञ समाप्त गरे । वेद ब्रह्मणद्वारा आशिर्वाद पाएर वच्चालाई यज्ञशालावाट राज महल प्रवेश गराए ।

आकाश राजाले शुक महामुनिलाई विन्ति गरे । हे गुरुदेव यज्ञकालमा प्राप्त पुत्रीलाई तपाईंले नै नामाकरण गरिदिनु होला । राजाको यस्तो विन्ति सुने पछि शुक महामुनिले भने राजन पद्मासनमा प्राप्त पुत्रीका नाम पद्मावती नै राम्रो हुन्छ । राजा रानी गुरुका वचनलाई खुशी माने । बच्चाको नाम पद्मावती राखि उसलाई प्यार पूर्वक पालन पोषण गर्न लागे । पद्मावती पाएका केहीं समय पछि रानी धरणीदेवी गर्भवती भइन् र शुभ साइतमा पुत्र जन्म दिइन् । छोराको वसुदान नाम राखे । पद्मावती र वसुदान दुवैलाई प्यारसंग पालन पोषण गर्न लागे ।

पद्मावतीको पूर्व जन्म वृत्तान्त :

पूर्व कालमा पद्माक्ष नामका राजा थिए । उन्का सन्तान थिएन् । यसकारण सन्तान प्राप्तका लागि राजाले वरलक्ष्मीब्रत गर्न लागे । केहीं दिन

पछि वरलक्ष्मीका अनुग्रहले राजाका एक पुत्री जन्म लिईन्। राजाले त्यस कन्यालाई मापलुंगी नाम राखि प्यार पूर्वक पाल्न लागे। मापलुंगी शुक्ल पक्षको चन्द्रमा झैं दिन दिनै वढ्दै गइन्। यही अनुरुप सोह्र वर्षकी भइन्।

मापलुंगी वचपन देखि नै श्री हरिलाई प्यार गर्थिन्। उन्का मनमा श्री हरि वसी सकेका थिए। श्री हरिलाई नै आफ्नो मन अर्पण गरि श्री हरिसंग विवाह गर्ने निश्चय गरिन्। राजाले मापलुंगीको अवस्था देखि उनलाई विवाह गर्ने निश्चय गरि स्वयंवरको व्यवस्था मिलाए। स्वयंवरका लागि देश विदेशका राजा आए। लंकाधीश रावणले पनि थाहा पाए। मापलुंगीको सौन्दर्यका वारेमा पहिले नै सुनेका थिए। रावण स्वयंवरमा नडाकीकन पनि स्वयंवर मण्डपमा आईपुगे। रावणलाई देखेर तहाँका राजकुमारहरू डराएर भागे। स्वयंवर मण्डप पुरा विभत्स भएर रणभूमि वन्यो। राजापद्माक्षले रावणलाई हमला गरे। रावणले गदायुद्ध गऱ्यो राजा पद्माक्षलाई माऱ्यो। मापलुंगीलाई रावणले खोजी रहेको थियो। मापलुंगी स्वयंवर मण्डपवाट भागी श्री हरिको मन्दिरमा गइन्। तहाँ श्री हरिललाई ध्यान गर्न लागिन्। श्री हरिका कृपाद्वारा मापलुंगी गायव भइन्। रावण निरास भै तहाँवाट फर्की लंका तर्फ हिड्यो।

मापलुंगी तहाँवाट गायव भै जङगलमा वेद पढी रहेका मुनिका अगाडी खडाभईन्। मुनिहरूले दिव्य दृष्टिद्वारा जानी वेद पढने समयमा नै उत्पन्न भएकाले यिनको नै वेदवती भन्ने नाम राखे। वेदवती मुनिहरूको आशिर्वाद लिई तपस्या गर्न तहाँवाट हिम गिरी पर्वतमा गईन्। तही तपस्यामा वसीन्।

केहीँ समय पछि रावण आफ्नो विमानमा वसी गगन विहार गरि रहेको थियो। हिम गिरीमा तपस्या गरि रहेकी वेदवतीलाई चिन्यो। रावण विमानवाट उत्रिएर तपस्या गरि रहेकी वेदवतीका सामुन्य आए। वेदवती आँखाँ चिम्लिई तपस्यामा संलग्न थिइन्। त्यहाँ उस्ले रावण तहाँ आएको पत्तै भएन। रावणले वेदवतीलाई देखेर भन्यो हे मापलुंगी त्यस दिन राज भवनमा गायव भई आज यहाँ तपस्विनी वनि तपस्या गरी रहेकी छस्। अब त कहाँ जालिस देखुला, पक्षि वाहनहरू तलाई कसरी वचाउलान्। यति भनी आफ्नो हातका औंलाले वेदवतीका गालामा मुसारे। वेदवती आश्चर्य चकित भै आँखा खोलिन्। रावणलाई अगाडी देखिन रावणले वेदवतीलाई भन्यो। हे सुन्दरी तिमी यती राम्री भएर पनि किन तपस्या गर्नु पऱ्यो तिमी मसंग विवाह गर। म तिमीलाई लंकाको पटरानी वनाउला। रावणको यस्तो वचन सुनी वेदवती

क्रोधित भइन् र भनिन् हे मूर्ख रावण अनमनी कन्यालाई अत्याचार गरि रहेकोछस् लि मेरो शराप । जुन कन्यालाई तैले अत्याचार गर्दछस् उही कन्या तेरा सर्वनाश गर्लिन् । तेरो नाम निशान रहेने छैन यति भनी वेदवती अग्नि देवलाई ध्यान गरी अग्नीमा प्रवेश गरी भस्म भइन् ।

वेद वतीलाई वरदिए सीतारामले :

श्री भगवान् राम चन्द्र आफ्ना वावुको आज्ञा अनुसार चोध वर्ष वनमा वस्नका निमित्त सीता र लक्ष्मण सहित गए । त्यसै जंगलमा वर्णशाला वनाएर वही रहन्थे । रावण सीतालाई हरण गर्नका लागि एक माया मृग पठायो । राम र लक्ष्मण दुई भाइ वर्णशालावाट अलग भए । त्यसै वखत रावण माया रुप धारण गरि सीता हरण गरि लग्यो । रावणलाई यो माया रुपहो भन्ने कुरा अग्नी देवले पहिला नै जाने वुझेका थिए । यस कारण अग्नि देव आफ्ना पास रहेकी वेदवतीलाई माया सिता रुप वनाई वर्णशालामा राखेर असली सीतालाई आफ्ना साथ लगीराखे । रावणले नक्कली सीता (वेदवती) लाई उनै सीता संझिई उठाई लग्यो । वेदवती सीता वनेर लंकामा रावणद्वारा दिएको कष्ट सहि रहिन् । श्रीराम चन्द्रले रावण संहार पछि सीतालाई अग्नी परीक्षा गरे । नक्कली सीताले अग्नीमा प्रवेश गरिन् । अग्नि देवले सीता, माया सीता दुवैलाई अग्निकुण्डवाट वाहिर ल्याए र भने हे रामचन्द्र रावणका मायालाई म पहिला नै जाने वुझेको थिए । त्यसकारण यि वेदवतीलाई माया सीता वनार असली सीतालाई मैले आफ्ना साथ लगि राखेको थिए । वेदवतीले सीताका लागि लंकामा रावणद्वारा दिएको अनेक कष्ट सहेर महान त्याग

वेदवतीलाई राम सीताले वर प्रदान गर्नु ।

गरिन् । यही त्यागको फल तपाईंले वेदवतीका साथ विवाह गर्नु पऱ्यो । सीता देवीले पनि वेदवतीका लागि रामचन्द्रसंग विन्ति गरिन् । राम चन्द्रले अग्नि देवसंग भने हे अग्नि देव म यस अवतारमा एक पतीव्रतमा छु । त्यस उस्ले दोस्रो विवाह गर्न सक्तिन । तर कलियुगमा वेदवती आकाश राजा कहाँ पद्मावती नामले जन्म लेलिन । म वेंकटेश्वरको अवतार लिएर पद्मावतीसंग विवाह गरौला । श्रीरामचन्द्रको वचन सुनेर वेदवती यस जन्ममा पद्मावती भई जन्म लिएकी हुन् ।

नारद महर्षि पद्मावतीलाई भविष्य वताए :

आकाश राजाले पद्मावतीलाई वालकैमा सबै विद्या सिकाए । पद्मावतीले सबै विद्या सजिलैसंग सिकिन् । शुक्ल पक्षका चन्द्मा भै वढ्न लागिन् । चौध वर्षकी पद्मावती तेजोमय सौदर्यले भरिपूर्ण थिइन र वच्पनमा सिकेको विद्यामा नै पूर्ण अनुभव पाई सकेकी थिईन् । पद्मावती ठूला वडाका साथ विनय पूर्वक व्यवहार गर्ने गर्द थिइन् । सवको मर्यादित थिइन् । पद्मावती हरेक शुक्रवार गौरीको पूजा गर्थिन् । एक दिन पद्मावती गौरी पूजा गरेर आफ्ना साथी सहेलीसंग अन्तपुरमा खेली रहेकी थिइन् । त्यसै वखत नारदा मुनि हरिनाम कीर्तन गर्दै पद्मावती समिपमा पुगे । नारदलाई देखेर पद्मावतीले साष्ट्राङ्ग प्रणाम गरिन् र उचीत सत्कार गरिन् । नारद मुनि पद्मावतीको अतिथि सत्कारवाट अति सन्तुष्ट भै आशिर्वाद दिएर भने कुमारी पद्मावती म तिम्रो भविष्य वताउछु । तिम्रो हात देखाऊ । यसो भन्दा पद्मावती लज्जावती भइन् । र नारद मुनिलाई आफ्नो हात देखाइन् । नारद मुनि



नारद मुनिले पद्मावतीको भविष्य बताउनु ।

पद्मावतीको हातको रेखा देखेर चकित भए र भने । तिम्रो हातमा पद्मध्वज र मत्स्य रेखा छ । यस्तो रेखाले यस्तो वताउछ की तिमी जरुर श्री मन्नारायण भगवान्की पत्नी हुने छौं । पद्मरेखाले धन धान्य र संपम्त्ति मत्स्य रेखाले सुखी जीवन र ध्वज रेखाले रानी वासको सूचना दिन्छ। यी सवै रेखा साधारण स्त्रीको हातमा हुदैन् र तिमी ठूलो भाग्यमानी हुनेछ्यौ । तिम्रा हात्का यस्तो रेखाले तिमीलाई सवैबाट आदर मिल्नेछ। त्यस प्रकार नारद मुनिले पद्मावतीको भविष्य वताए । नारदका यी वचनद्वारा पद्मावती लज्जित भइन् नारद मुनि पद्मावतीलाई आशिर्वाद दिएर चाँडै नै कल्याण हवस् भनी तहावाट हिडे ।

श्री निवास शिकार खेल्न गए :

वेंकटाचलमा श्री निवास माता वकुलादेवीद्वारा गरिएको मर्यादा पाएर दिन विताई रहे । एक दिन श्री निवासको मनमा शिकार खेल्ने इच्छा प्रकट भयो । श्री निवास वकुलादेवीको सामु आएर आफ्नो मनमा उव्जेका कुरा वताए। वकुलादेवी श्री निवासको यी वात सुनी निरासा भै भनिन् कुमार तिमी सुकुमार छौ । तिमीले यस्तो काम गर्ने आवश्यकता के हो । वनमा विभिन्न हिसात्मक जनावर आवत जावत गर्दछन् । यी जनावर देखि मलाई डर लाग्छ। त्यसकारण तिमी यो इच्छालाई छोडी देउ। श्री निवासले वकुलादेवीको यस्तो वचन सुनेर भने माता तपाईं मेरा उपर अति प्रेम वूर्वक यस्तो भन्नु भएको छ । तर जङ्गली जनावरहरूले मलाई केहीँ पनि गर्दैनन् । मेरो लागि प्रेम पूर्वक यस्तो भन्नु भएको छ । आमा मेरा इच्छा पुरा गरिदिनुस्

श्री निवास सिकार खेल्दै हात्तीको पछि लाग्नु ।

र मलाई आशिर्वाद दिनुस् वकुलादेवीले श्री निवासको वचन मानि उनलाई शिकार खेल्न अनुमति दिइन् । श्री निवासले शिकारको वस्त्र लगाएर हातमा धनुषवाण लिए । वकुलादेवीको आशिर्वाद पाई शिकार गर्न वेंकटाचलका महाअरण्यमा गए । जङ्गलमा घुम्दै फिर्दै श्री निवास आफ्नो धनुका वाण चढाई अन्तरिक्षसम्म प्रयोग गरे । त्यही धनुकाप्रभावले आकाशमा विजुली चम्कन लाग्यो र धनुषटङ्कारको आवाजले चारै तर्फ जङ्गल गुञ्जियो यो गंम्भिर आवाजले जङ्गलका वाघ, सिंह, मृग, भालु इत्यादि जनावरहरू भयभित भएर यताउता भाग्न लागे । जनावरहरू भागेको देखि श्री निवास धनुवाट तेज वाणलाई छोडी मृगलाई मार्न लागे । सारा जंङ्गल हा हा कार भयो । धेरै जनावरहरूले येन केन प्रकारेण आफ्नो प्राण वचाउन लागे ।

श्री निवासले जंगलमा धेरै मृगहरूलाई मारे । श्री निवासका अगाडी परेका कुनै पनि जनावर वचेनन् श्री निवासले जंङ्गल भरी खोज तलास गरे । टाडा जंगलमा एउटा हात्ती कराएको आवाज आयो । श्री निवासले हात्तीको कराई सुनी उतै तर्फ गए । हात्ति दौडियो । श्री निवास उस्को पिछा लाग्न मुस्किल भयो । श्री निवासले ब्रह्मदेवलाई ध्यान गरे । ब्रह्मदेव श्री निवासका ईच्छा संझि एक श्वेत घोडालाई सृष्टि गरे । त्यही घोडाचढी हात्तीका पिछा लागे । आखिर हात्तीले हारमानि शिर झुकाई प्रणाम गऱ्यो । श्री निवासलाई दया लागि छोडी दिए । हात्ती प्रसन्न भयो । श्री निवास शिकार खेल्दा खेल्दा हैरान भए भोक प्यास लागि सो मिटाउन एक उद्यानमा पसे ।

पद्मावती वन विहारमा श्री निवासलाई ढुङ्गा हिर्काउनु :

श्वेत घोडा साथै लिई श्री निवास उद्यानमा गए । श्वेत घोडालाई पानी खुवाई आफूले पनि खाए आराम गर्न वरको वृक्ष मुनी वसी आरम गरे । पद्मावती दैनिक साथी सहेलीहरूका साथ विहार गर्न वनमा पुगिन पद्मावती खेल्दै गाउदै कदम रुख मुनी वसेका श्री निवासका नगिच आइन् । श्री निवासले साथीहरूसंग खेलेको पद्मावतीलाई देखे । पद्मावतीको रुप लावण्यदेखि श्री निवास चकित भए । शोचे कि यी रुपवती युवती को हुन् । कहीं देव लोकवाट त आईनन् । देव लोकका अप्सराको पनि यस्तो सौन्दर्य हुदैन । यिनलाई कुनै तवरले पनि विवाह गर्नु पऱ्यो । यही शोचाईमा परे श्री निवास । पद्मावतीले पनि श्री निवासलाई देखिन् र साथीलाई भनिन् यो

पुरुष को हो । यहाँ किन आएको यो जान्नका लागि एक साथी श्री निवास समक्ष पठाइन् ।

श्री निवासले पद्मावतीका वचन सुनी साथीसंग भने । हे कन्या मणि म शेषाचल निवासी हुँ । मेरो नाम श्री निवास हो । म यो जंगलमा शिकार खेलेर आराम गर्न यहाँ आएको आफ्नो वारे यति भनी पद्मातीसंग भने । हे युवती तिमी को हौ तिम्रो वावु आमा को हो ? तिम्रो शुभ नाम के हो ? श्री निवासले सोधे पछि पद्मावतीले जवाफ दिइन् । आर्य मेरा वावुको नाम आकाश राजा हो आमाको नाम धरणीदेवी हो । तपाईं जस्ता पर पुरुषलाई यो उद्यानमा आउन पहिला देखि नै निषेध गरिएको छ । त्यसकारण तपाईं यहावाट तुरुन्त जानुहोस् । पद्मावतीले यस्तो भने पछि श्री निवासले भने हे युवती तिम्रो रुप लावण्यदेखि म चकित् भए । म तिमीलाई प्यार गर्दछु । तिमी विना म वाच्दीन तिमीलाई छोडी जान चाहन्न । तिमीले मसंग विवाह गर्नु पर्छ । श्री निवासले यस्तो भने पछि पद्मावतीले रिसाएर भनिन् । जुन जंगलमा शिकार खेली वसेका छौ । शिकारीसंग म विवाह गरुला ? यो कुरो मेरा वावुले थाहाँ पाए तिमीलाई एक क्षण पनि वाच्न दिने छैनन् । पद्मावतीले यति भनेको सुनी श्री निवास हास्तै भने । कुमारी तिमीले जे भन्यौ त्यो ठिक हो । तर प्रेमका वीचमा उचनीच हुदैन । तिमीले मेरो प्यारलाई स्वीकार गर । तिमी मसंग विवाह गर यो वचन सत्य हो । म तिमीसंग विवाह गर्दछु । श्री निवासका यी वचन सुनि पदमावतीले साथीहरूलाई ईशारा गरिन् । पद्मावतीको ईशारा वुझी साथीहरूले श्री निवासको सेतो घोडालाई ढुङ्गाले हिर्काए । ढुङ्गाले लागी श्री निवासको सेतो घोडा तही लडयो र श्री निवास पनि धायल भै दौडिए ।

वकुल माताद्वारा श्री निवास आफ्नो मनका कुरा भन्नु :

श्री निवास शिकारमा घायल भै आफ्नो कुटीमा आई पुगे । वकुलादेवीले श्री निवास आएको देखिन् । साथै उन्का शरीरबाट रंगत बगेको देखि कराएर भनिन् । वावु कुमार यो के भएको हो । यो घाउ कसरी भयो । मैले पहिलानै नजाउ भनेको थिएँ शिकार खेल्न नजाउ भन्दा तर तिमीले मानेनौ अब देख्यौ यो दूर्दशा । यति भनी वकुलादेवी चिन्तित भईन् । श्री निवास वकुलादेवी

चिन्तित् भएको देखि भने । यो घाउ शिकारका कारण होइन । म शिकारका शिलशिलामा एउटा भयंकर हात्तीका पिछा लागे । आखिर हात्ती मेरो शरणमा आयो । म उस्का पछि धेरै टाढा तक गएँ । प्यास लाग्यो र नजिकको कुवामा गई पानी खाएर आराम गरि वसेको थिएँ ।

यसै अवस्थामा आकाश राजाका छोरी साथी सहित खेल्दै तहाँ आइन् । म ती सुन्दरीलाई देखि आश्चर्य चकित भएँ । उनीसंग विवाह गर्न प्रस्ताव राखें र पद्माबती रिसाई साथी सहित पद्मावतीले ढुङ्गाले हिर्काई र म घाइते भएँ । वकुलादेवी श्री निवासका वचन सुनी डराएर भनिन् । वावु तिमी कहाँ राज कुमारी कहाँ यो कसरी हुन सक्छ र तिमी त गरीव छौं । उनी त संपन्न राज कुमारी तिमी दुई वीच आकाश जमिनको फरक छ । त्यसकारण राजाले हामीलाई वाच्न दिदैनन् । वकुलादेवीका वचन सुनी श्री निवासले भने ।

आमा म त्रेतायुगमा श्री रामचन्द्रका अवतारमा आफ्ना बाबुको आज्ञा अनुसार चौध वर्ष वनवास गर्न निमित सीता र भाइ लक्ष्मण साथ निस्किए । रावणले मायाद्वारा सीता अपहरणका लागि आयो । अग्निदेवले पहिले नैरावण आउने जानी सीता वसेको ठाउँमा वेदवतीलाई मायाको सीता वनाई राखी दिए र सीतालाई रक्षा गरि आफ्ना साथ लगे । रावणलाई संहार गरी सकेपछि । सीता देवीलाई अग्नि प्रवेश गराए । अग्निदेवले दुबै सीतालाई लिई आए र भने हे रामचन्द्र रावणको माया रुपलाई मैले पहिला नै जानी वेदवतीलाई सीता वनाई सीताका स्थानमा राखी दिएँ । यति भनी अग्निदेवले रामचन्द्रसंग विन्त गरे हे रामचन्द्र ईनै वेदवतीलाई पनि विवाह गरी आफ्नी पत्नी स्वीकार गर्नुहवस् । सीतादवीले पनि अग्निदेवका वचनको पुष्टि गरिन् ।

अग्निदेवको विन्ती र सीताका वचन सुनि रामचन्द्रले भने । हे अग्निदेव त्रेतायुगमा म एक पत्नी व्रतमा छु । दोस्रो श्रीमती स्वीकार गर्न सक्तिन वेदवतीको यो ईच्छा कलियुगको अवतारमा पूरा गरुला । वेदवती कलियुगमा आकाश राजाका छोरी पद्मावती भई जन्मनेछिन् । म वेंकटेश्वर नामले अवतार लिई वेदवतीको ईच्छा पूरा गरुला । उनै वेदवती अहिले आकाश राजाकी छोरी पद्मावती हुन् । यही प्रकारले श्री निवासले त्रेतायुगमा दिएको वरदान आज पुरा गर्ने निश्चय गरे । भन्ने कुरा सुनाए ।

पद्मावतीका बीरह वेदना :

पद्मावती आफ्नै साथीहरूले श्री निवासलाई ढुङ्गाले हिर्काए पछि । श्री निवासको स्थितिलाई देखेर मनमा पश्चाताप हुन लाग्यो । पद्मावती आफ्ना साथीहरू साथ वगैंचावाट राज महलमा आइन् । यो घटनाका वारेमा हर समय चिन्ता गरिरहन्थीन् । जव परपुरुष शिकारीका रुपमा श्री निवासलाई देखिन तहाँ देखि पद्मावतीलाई श्री निवाससंग प्रेम वस्यो । राज दरवारमा गएपछि पहिला जस्तै उत्साहित भईनन् । सधै श्री निवासकै याद गर्दथिन् । श्री निवासलाई सदा संझि खानपान नै छोडिन् । आफ्नो मनको कुरो वावु आमालाई भन्दा पनि श्री निवाससंग आफ्नो विवाह गर्न सक्तिनन् । यही शोची आफ्नो मनको कुरो साथीहरूद्वारा वावु आमासंग भन्न सकिनन् । यही चित्ताले दिन दिनै दुवलाउदै गईन् । खानपान छोडिन् । साथीसंग सदा झै खेलडुल गर्न छोडिन् । सधै शोच्दा शोच्दै निदाउदै ननिदाउने भईन् । यस प्रकारका वेदनाले पद्मावती विरामी भईन् । पद्मावतीको यस्तो हालतदेखि आकाश राजाले राजवैद्यलाई वोलाई औषधी गराए र भूत प्रेत मन्साए । पद्मावतीको नामवाट मन्दिरमा पूजा गराए तव पनि पद्मावतीको विमार ठीक भएन । अनुहार विग्रियो तै पनि पद्मावतीलें आफ्नो मनका कुरा वावु आमा वा कसैलाई पनि भनिनन् ।

यता श्री निवास वकुलादेवीसंग पद्मावतीका पूर्व वृत्तान्त पुरा वताएपछि । वकुलादेवी धेरै खुशी भईन् । यता श्री निवासको अवस्था पनि पद्मावतीको जस्तै भयो र उनी पनि सदा पद्मावतीलाई नै संझन थाले ।

श्री निवासका यस्तो दयनीय हालत देखि वकुलादेवी अति चिन्तित भई उनलाई शान्त्वना दिई भनिन् । बाबु तिमीले चिन्ता नगर म आकाश राजा कहाँ गएर उनलाई हरेक तर्फबाट संझाई पद्मावतीसंग तिम्रो विवाह गरौंला । यति भनी वकुला देवी आकाश राजासंग भेट गर्न नारायणपुरम् तर्फ लागिन् । श्री निवास माता वकुला देवीको कुरो सुनि आनन्दित भै वसे । तर पनि उनको चिन्ता कम भएन र मनमा यो शंका उत्पन्न भयो । माता वकुला देवीको वचन मानेर आकाश राजाले पद्मावती मलाई देलान त मैले गल्ति गरे । पद्मावतीलाई मैले उही दिन असली रुप देखाउनु पर्ने थियो । त्यही वखत मलाई चिनी मसंग विवाह गर्न निश्चयनै मान्थिन होली । मलाई शिकारी रुपमा चिनिन् यस्तै सोच्ता सोच्तै वेहोस भए ।

किरातिनीको रुपमा श्रीनिवास पद्मावतिको भविष्य वताउछन् :

श्री निवासको मन मा अनौठो आलोचना उत्पन्न भयो । उनले फेरी यो निश्चय गरे की माता भन्दा पहिले नै म पद्‌ावतीसंग भेट हुन पर्‌यो । यस्तो निश्चय गरि श्री निवासले किरातिनीको भेष भूषा लगाउन लालसारी र हरियो चोलो लगाए । मुखमा रंगी विरंगी सिन्दूर लगाए । शिरमा टोकरी राखेर स्वत किरातिनी वनेर वकुलामाता भन्दा पहिलानै नारायणपुर पुगे । राजमहलको अगाडी "भविष्यका कुरा वताएर मनका कुरा वताइने छ" भनी कराए । रानी धरणी देवीले किरातिनीको आवाज सुनेर उस्लाई भित्र वोलाए र भने पद्मावतीलाई देखाई यस्को मनको चिन्ता के हो ? सत्य सत्य भन त तिमीलाई धेरै ठूलो इनाम पारिश्रमिक दिनेछु । किरातिनी आफ्‌नो टाउकोबाट टोकरी भुईमा राखी टोकरीवाट धागो निकाली दिई रानीले धागामा असल मोती भरी दिइन् । किरातिनीले आफ्‌नो देवताहरूलाई अनेक किसिमले पूजा पाठ गर्न लागी फेरी ती देवताहरूलाई मनले संझि भनिन् किरातिनीले हातमा लट्ठिलिई पद्मावतीका हातमा राखेर भनिन् यो मेरो वोली होइन देवताको वोली हो । यिनी भाग्यमानि छिन् । नील मेघ घनश्यामलाई यिनले आफ्‌नो मन चढाएकी छन् । तिनै मेघ घना श्याम शिकारीका रुपमा यिनीसंग भेट भैसकेको हुनु पर्दछ । यिनले उनलाई चिन्न सकिनन् । उनले आफनो मन यिनीलाई दिई गए । यिनी उनैको चिन्तामा छिन् । अरु कुनै संका नगर । यिनी दुईको विवाह कसैले रोक्न सक्तैन । यसैमा यिनको कल्याण हुन्छ । अव चिन्ता नगर मेरो कथनमा निश्चय लाग्दैन भने टोकरीमा हेर निश्चित हुन्छ ।

किरातिनीका भेषमा श्रीनिवास पद्मावतीको भविष्य बताउनु ।

किरातिनीले भने पछि पद्मावतीले टोकरीमा हेरिन त वनमा देखेका शिकारीलाई देखियो । उनलाई देख्नासाथ पद्मावती लज्जित भईन् र हासी दुई हातले मुख छोपिन र उठेर गइन् । पद्मावती हसिलो देखेपछि रानी धरणी देवी आश्चर्य चकित भइन् र धरणी देवीले केटीहरूसंग वनमा भएको घटना सोधि वुझिन् किरातिनीरानीसंग विदा भएर तहाबाट हिडीन ।

श्री निवासका वारेमा आकाशराजासंग धरणी देवी विचार विमर्श गर्नु :

किरातिनीको कुरा सुने पछि पद्मावतीलाई जोड चल्यो र पहिला जस्तै उत्साहित भईन् । पद्मावतीको अवस्था देखि उनका साथीहरू खुशी भए तर धरणी देवी चिन्तामा डुविन । उनी एक शिकारीसंग आफ्नी छोरीको विवाह गर्न चाहन्न थिईन् । धरणी देवी आकाशराजाको पास गएर किरातिनीले भनेको सबै कुरा वताइन् । राजाले धरणी देवीका सबै कुरा सुनी भने । रानी नारद महामुनिको वचन व्यर्थ हुंदैन । उनको भनाई अनुसार हुन्छ । तिमी चिन्ता नगर । हाम्रो कुल गुरुलाई डाकेर उनीसंग सल्लाह गर । सोही अनुसार रानीलाई धैर्य गराए । पद्मावती खुसीसाथ खेल डुल गर्दै अचानक राज मंन्दिरमा पुगिन तहाँ बावु आमासंगै वसेको देखि अगाडी आएर भनीन् । हे पिता मैले उद्यानमा जुन महापुरुषलाई देखो उनैलाई मेरो मन दिई सकेको छु । उनैसंग विवाह गर्छु अर्कोसंग होइन । यो मेरो निश्चय हो । सूर्य चन्द्र आफ्नो स्थिति वदल्लान तर मेरो मन वदल्ने छैन । पद्मावतीले भनेको सुनि राजदम्पती आश्चर्यमा परे । यस्तो वचन दिएकी तिम्रो ईच्छा अनुसार नै गरौंला । यस्तो सुनी पद्मावती सन्तुष्ट भै तहाँबाट निस्किन् ।

दूत वनेर वकुलादेवी आकाश राजा कहाँ पुग्नु :

वकुला देवीले आकाश राजा कहां जानु भन्दा पहिले वराह स्वामीसंग भेटघाट गरि श्री निवासको अवस्था वराह स्वामीलाईभनीन र उनको आशिर्वाद लिई नारायणपुर तिर गइन् । वकुलादेवी नारायण पुर र आकाश राजालाई दर्शन गरिन आकाशराजा र रानी धरणी देवी दुवैले वकुला देवीलाई स्वागत गरे । र विनय पूर्वक वकुला देवीले राजाले गरेको सत्कार देखि खुशी भै उनलाई आशिर्वाद दिइन् । आकाश राजाले वकुलादेवीसंग सोधे माता तपाईंको

शुभ नाम के हो ? कुन कामको लागि यहाँ आउनु भयो ? म तपाईंको लागि के सेवा गरौ ? आकाश राजाको यस्तो प्रिय वचन सुनी वकुला देवीले भनिन् हे राजा म यहाँको शेषाचल निवासी हुं । मेरो नाम वकुला देवी हो । म छोराका साथ यही बस्छु । मेरो छोरो असमान वीर छ । यो तीनै लोकमा उसका समान कोही छैन समय अनुसार ऊ निर्धन छ मेरा छोरा श्री निवासले शिकार खेल्दा वनमा तपाईंकी छोरीलाई देख्यो र उन दुईमा प्रेम भयो र उनीसंग विवाह गर्न निश्चय गऱ्यो । मेरो छोरो श्री निवास श्री हरिको अवतार हो । यिनै चिरञ्जिवीका साथ तपाईंकी छोरी पद्मावतीको बिबाह भएमा तपाईं धन्य हुनु हुन्छ । यो सत्य हो । तपाईंको परम पवित्र मोक्ष मिल्ने छ । वकुलादेवीका यस्तो वचन सुनी आकाश राजा आनन्दित भै भने माता म ठूलावडा संग सल्लाह र विचार गरि उनैका सल्लाह लिई चाँडै नै तपाईंका साथ खवर पठाउला । वकुलादेवी राज दम्पतिलाई आशिर्वाद दिई तहाबाट निस्कि शेषाचलमा पुगिन् ।

आकाशराजाले शुक मुनिलाई वोलाए :

बकुलादेवी आकाश राजासंग विदा भई गएपछि राजाले आफ्ना भाइ तोडमानलाई वोलाई भने । भाइ छोरी पद्मावतीको विवाहको वारेमा कुलगुरु शुक महर्षिसंग केहीँ सल्लाह लिनु परेको थियो । त्यस कारण तिमी तुरुन्त गै शुक महामुनीलाई वोलाई संगै लिई आऊ । आकाशराजाको यस्तो वचन सुनी तोडमान तुरुन्त गै कुलगुरु शुक महर्षिलाई लिई आए । राजा शुक महर्षिको आदर सत्कार गरि पद्मावतीका वारेमा वनमा भएको घटना र वकुलामाता, श्री निवास र पद्मावतीको विवाहको सन्देश लिएर आउनु किरातिनीले पद्मावतीका वारेमा भविष्यवाणि गर्नु नारद महर्षिका कथन आदि सबै विषयमा सविस्तार मुनिलाई सझाउनु भयो । शुक महामुनिले आकाशराजाको सबै कुरा सुनि राजालाई भने हेराजन् तपाईं भाग्यवान हुनु हुन्छ । श्री निवास सामान्य मानिस होइन उनी केवल श्री हरिका अवतार हुन् । साक्षत श्री हरि तपाईंको ज्वाई हुनु तपाईंको पूर्व जन्मको प्रभाव हो । र यस कारण तपाईं ढीला नगर्नु हवस् छीटो छीटो यों विवाहको प्रवन्ध गर्नुस् । भन्ने शुक महर्षिका कुरा सुनि राजा धरणी देवी, तोडमान, वसुदान र पद्मावती सबै खुशी भए ।

शुक महर्षिले भने पछि आकाशराजा पद्मावतीको विवाह श्री निवाससंग गर्ने निश्चय गरि देव गुरु वृहस्पतिलाई वोलाई गुरुदेवद्वारा सवै समाचार वताए । हे गुरु देव तपाईंले यस विवाहको लग्न पत्रिका लेख्नु पर्छ । राजाको विन्ति सुनी वृहस्पति आनन्दित भै भने । हे राजन् म धन्य हु । श्री निवास र पद्मावतीको लग्न पत्रिका लेख्नु मेरो भाग्य हो । वैकुण्ठवासी श्री हरिलाई ज्वाई वनाउनु तपाईंहरूको पनि अहो भाग्य हो । तपाईंहरूको तर्फवाट सवै मानवकोटी र सवै देवता, महर्षि, गरुड, गन्धर्व, किन्नर, किं पूरुष, यक्ष इन्यादि सवै श्री हरिलाई देख्न सक्छन् । यति भनी वृहस्पति पात्रो हेरी श्री निवास पद्मावतीको नाम नक्षत्रलाई गणना गरी एउटा असल लग्न वैशाख शुक्ल दशमी शुक्रवार निश्चय गरि आकाश राजालाई आफनो निश्चय वताए । आकाश राजाले खुशी भएर वृहस्पतिलाई भने । हे गुरुदेव तपाईंलेनै उस वखतको लग्न पत्रिका लेख्नु हवस् । राजाको आज्ञा मानेर वृहस्पति यस प्रकार लग्न पत्रिका लेख्न लागे । श्री श्री शेषाचल निवासी श्री निवासको आकाश राजाले लेखेर प्रस्तुत गरिएको

शुभ लेख विशेषता:-

आर्य तपाईंका वारेमा विद्वान महार्षिहरूद्वारा सुनी आनन्द भए । म आफ्नी प्रिय पुत्री पद्मावतीलाई तपाईंका साथ विवाह गर्ने निश्चय गरी वैशाख शुक्ल दशमी शुक्रवारका दिन शुभ लग्न मुहुर्तमा कन्यादान गर्ने निर्णय भयो । यस कारण तपाईं आफ्ना वन्धु मित्र परिवारका साथ मेरो घरमा आएर मद्वारा दिएको कन्यादान स्वीकार गर्नु हवस् र हामीलाई चरितार्थ वनाउनु हवस् ।

तपाईंको
नारायणपुर निवासी
आकाश राजा ।

शुक मुनि शुभलेख लिएर श्री निवासको दर्शन गराउन र दिनु

२६, शुक महर्षि शुभ लेखलाई लिएर श्री निवासलाई दिनु :

गुरुदेव वृहस्पतिले लेखेको शुभ लेख आकाश राजाले शुक महर्षिलाई दिएर भने मुनिवर तपाईं हाम्रो पूजनीय हुनु हुन्छ । तपाईंलेनै यो शुभ लेख



शुक महर्षि शुभ लेखलाई लिई श्रीनिवासलाई दिनु ।

लिएर श्री निवासलाई पुऱ्याई यस्को जवाफ लिएर आउनु । यस्तो प्रार्थना सुनी शुक महर्षिले संतोष पूर्वक स्वीकार गरे शेषाचलमा श्री निवासको दर्शन गर्न निस्किए । शुक महर्षि हिडेर शेषाचलमा वस्ने श्री निवासको दर्शन गरे । श्री निवासले शुकमुनिलाई आदर सत्कार गरे । वकुलादेवीले शुक मुनिलाई चमेना खुवाई सन्तुष्ट वनाए । शुक महामुनि अतिथी सत्कार स्वीकार गरि शुभलेख श्री निवासलाई दिए । श्री निवासले शुभलेख स्वीकार गरी पढी खुशी भए ।

श्री निवासले आकाश राजालाई पठाएको जवाफः

श्री निवासले आकाश राजाको शुभलेखलाई स्वीकार गरि यस प्रकार जवाफ दिए :-

श्री श्री राजाधिराज राज शेखर पूज्य आकाश राजाका समक्ष शेषाचल निवासी श्री निवास विनय पूर्वक प्रणाम गरि लेखेको पत्र । महाराज तपाईंले लेखेर पठाएको शुभलेख देखे वहुतै खुशी भए । तपाईंको निर्णयानुसार शुम लग्नमा हामी आफ्नो परिवारका साथ आएर तपाईंले दिएको कन्यादान स्वीकार गरौला ।

तपाईंको

शेषाचल निवासी

श्री निवास

यस प्रकार जवाफ लेखेर श्री निवासले शुक महर्षिलाई दिए । शुक महामुनि श्री निवाससंग विदा भई शेषाचलबाट नारायणपुरम् पुगी आकाश राजालाई श्री निवासको जवाफ दिए । श्री निवासको जवाफ पढेर राजा खुशी भए । राजाले शुक महर्षिलाई सम्मान गरे । सम्मान पाई शुक महर्षि आफ्ना आश्रम गए ।

श्री मन नारायण वेकुण्ठलाई छोडी पृथिवी लोक आए पछि पहिलो पटक नारद महर्षि श्री निवासलाई भेटन आए । श्री निवासले नरदमुनिलाई प्रणाम गरि उचीत आसनमा बसाए । नारदमुनिले श्री निवासलाई देखि भने हे परमधाम हे आर्तजन रक्षक त्रेतायुगमा वेदवतीलाई दिएको वचन पुरा गर्ने समय आईपुग्यो । तपाईंको यो कल्याणलाई हेर्ने अवकाश पाएकोमा भाग्यवानी हुँ म धन्य हुँ ॥

श्री निवास निरास भै चिन्ता ग्रस्त भए र विचारमा डुविरहेका थिए । विवाहका समयमा यस्तो अवस्था देखि नारद महर्षिले सोधे हे स्वामी तपाईं यो खुशीको अवस्थामा तपाईं के विचार गर्नु भयो । नारदका यस्तो वचन सुनी श्री निवास हाँसेर भने । नारद जव लक्ष्मी मसंग रीसाएर अलग भईन् तहादेखि म धनहीन भएको छु । अब मेरा साथ एक कौडी पनी धन छैन बिबाह कसरी होला । यस प्रकार श्री निवासले आफनो असमर्थतालाई व्यक्त गरे । नारद मुनिले श्री निवासलाई सल्लाह दिए । श्री निवास तपाईं चिन्ता नलिनु हवस् यस्को प्रवन्ध हुन्छ । तपाईं कुवेरसंग गई जति संपत्ति चाहिए पनि त्यत्तिनै संपत्ति ऋण किन लिदैनौ ?

श्री निवासले कुवेरसंग कर्जा लिनु :

२७ श्री निवास कुवेरसंग कर्जा लिनु :

नारदको सल्लाह सुनेर श्री निवास यस वाहेक अर्को कुनै वाटो नहुंदा कुवेरसंग ऋण लिने निश्चय गरी गरुड वाहनलाई वोलाई कुवेरलाई वोलाउन पठाई वोलाए । नारद मुनि कुवेरलाई देखेर भने कुवेर यही वैशाख शुक्ल १० दशमीका दिन श्री निवासको बिबाह हुने वाला हो । यस वियषमा तिमीलाई पनी थाहै छ । तर श्री निवाससंग एकपैसा पनि छैन । यस कारण तिमीले धन दिएर सहायता गर । यसबाट तिम्रो कीर्ति वद्ने छ । नारदको वचन सुनेर कुवेर आनन्दित भए । श्री निवासलाई चौसठी करोड तीन हजार तीन सय मोहर धन ऋण दिएर तमुक लेखिलिए । त्यस तमसुकमा व्रह्मा महेश्वर अश्वत्थवृक्षले साक्षीमा सहिछाप गरेका थिए ।

श्री निवासले कुवेरसंग ऋण लिनु

श्री निवासले कुवेरसंग भने कुवेर तिम्रो धनको व्याज कलियुगको अन्तमा पुरा व्याज र पुराधन तिरुला । श्री निवासका यस्तो वचन सुनेर नारद र कुवेर संतुष्ट भै गए ।

श्री निवासको बिबाह सम्पन्न प्रयत्न :

कुवेरबाट धन पाएपछि श्री निवास आफ्नो विवाहको प्रयत्नमा लागे । सहायताका लागि भाइ गोविन्दराज स्वामीलाई वोलाई कुवेरसंग लिएको सवै धन उनैको हातमा दिएर भने । भाइ यो धन लिएर बिबाहको प्रवन्ध मिलाउ । विश्वकर्माले योग्य बस्ने घर बनाउने छन्। श्री निवासको वचन सुनी योविन्द राजस्वामीले धन लिएर विश्वकर्मालाई बोलाए उनैले बिबाह मण्डप र वस्ने घर वनाए ।

विश्वकर्माले आफनो कला चातुर्यले विवाहस्थललाई भूलोकमा पनि वैकुण्ठलोकमा झैं शेभायमान वनाए । गोविन्दराज स्वामीका हातमा सुवर्ण रेखा थियो । उनी एक खर्च गरे ४ भाग धन वृद्धि हुन्थ्यो । यस वारे श्री निवासलाई पहिला नै थाहा थियो । यसै कारण उनलाई यो काम जिम्मा दिइयो । यस पछि श्री निवासले वकुला मातालाई वोलाएर सोधे । आमा निमन्त्रण-पत्र कसकसलाई पठाउनु पर्छ । वकुलामाताले भनिन् वाबु तिमी देववेद हौ यो संसार नै तिम्रो हो । यस कारण चौध भूवनलाई नै निमन्त्रण पठाउनु तिम्रो कर्तव्य हो । वकुलामाताले भने पछि श्री निवासले गरुडलाई वोलाए उनै द्वारा चौधभूवनमा सबैलाई निमन्त्रण एवं विवाहको आव्हान पत्र

पठाए । श्री निवासका वोलावट पाएर व्रह्मा, सरस्वती ,शिव पार्वती इन्द्रशचि, देवी, नारद, वृहस्पति, अष्टदिक्पाल, अत्रि महामुनि, भरद्वाज, गोतम, किन्नर, किं पुरुष, यक्ष, सिद्ध, तारागण, ध्रुव, प्रह्लाद, हनुमान ईत्यादि चिरंजीवी रंभा, उर्वशी, मेनका, तिलोतमा, वंदिभागध, सावत्री, अरुन्धती, अनसुया इत्यादि पतिव्रता र मुसुर, भक्तवन्द, तपोधन, देवयानी, वल्ली, सुब्रह्मण्य, स्वामी विनायक, संगीत, मूल, विराट, तरणि तदरणी, तदित्तर सवै शेषाचल पुगे । शेषाचल कोलाहल साथै शोभायमान भयो ।

अग्निदेव आएर अतिथीहरूलाई पञ्चभक्ष्य परमान्न भोजन र आहारले संतुष्ट गराए । कस्तुरी चन्दनादि ताम्वुल दिन संलग्न भए । वायुदेवले सुगन्धित हावा चलाए । सुमति, अनसुया, पार्वती, सावित्री, सरस्वती, यी पतिव्रताहरू श्री निवासलाई मण्डल स्नान गराई कस्तुरी तिलकले सजाएर पिताम्वर आदि वस्त्र लगाई शिरमा वज्र, वैडूर्य, नवरत्न जटित किरीट लगाई गरुडमा चढी नारायण पुरम रवाना भए । गणपति शंकर व्रह्मदेव इत्यादि देवता आ-आफ्नो वाहनमा वसे पण्डितहरू वेदमन्त्र पड्दै गए । मंगल वाजाले भरिएको समारोह शेषाचलवाट नारायणपुरम् नजिक शुक महामुनिका आश्रमसम्म पुगे । शुक महामुनि आफ्ना आश्रममा आएका अतिथीलाई देखेर सन्तुष्ट भए । श्री विवासका पादपद्मलाई पूजा गरी हे श्री निवास परंधाम तपाईं मेरो आतिथ्यलाई स्वीकार गरी मलाई पवित्र वनाउनु हवस् । श्री निवास शुक महामुनिले भनेका वचन सुनेर भने हे मुनिश्वर म अकेला छैन मेरा साथ धेरै अतिथी छन् । म एक्लै कसरी अतिथी सत्कार लिनु । श्री निवासको यस्तो वचन सुनेर शुक महर्षिले भने हे श्री निवास तपाईंको करुण दृष्टिले यी सवैका आतिथ्य हुन्छ । भक्तको ईच्छा वुझि श्री निवासले आफ्नो संकलपद्धारा आश्रममा पञ्चभक्ष्य पकवान फल इत्यादिले भरी भराउ भयो । शुक महामुनिले श्री निवासका यस्तो लीलालाई देखेर खुशी भै अतिथीहरूलाई पञ्चभक्ष्यादिले सत्कार गरे । शुक महामुनिको सत्कारले सवै सन्तुष्ट भए । श्री निवास शुक महामुनिलाई देखेर मुनिवर अव तपाईंको ईच्छा पूरा भयो होइनत ? अव हामीलाई जाने अनुमती दिनु हवस् । शुक महामुनिले श्री निवासलाई प्रणाम गरि भने हे श्री निवास तपाईंत आपत्कालीन वान्धव हौ, दीन रक्षक हौ, तिम्रो करुण कटाक्षले म चरितार्थ भए । यस वमोजिम भनेको सुनि शुक महामुनि संग विदा लिई तहाँवाट हिंडे ।

आकाश राजा श्री निवासलाई स्वागत गर्नु :

आकाश राजाले नारायणपुरलाई हरिया हरिया तोरण फूल सजाएर अनेक थरीका वत्ति वाली नगरलाई झिलिमिलि प्रकाशमान पारे । सबै ठाउँमा मंगलध्वनी भई रहेको थियो । यता अन्तपुरमा पद्मावतीलाई मंगल स्नान गराई पहेलो वस्त्र लगाउन दिए । वस्त्र, वैंडूर्य, नवरत्न आदिले सजाएका गहना लगाई दिए । श्री निवासले आफ्नो जन्ति लिएर नारायणपुरमा प्रवेश गरे । आकाश राजाले श्री निवास जन्ति सहित आएको देखि मंगलवाजाका साथ श्री निवासको जन्तिलाई स्वागत गरे । र श्री निवासलाई हात्तिमा वसाली नगरका गल्ली गल्लीमा घुमाई जन्तिका लागि सजाएको ठाउँमा प्रवेश गराए । जन्तिका साथ आएका ठूलावडाको आदर सत्कार गरे । उनीहरू बस्ने ठाउँको प्रवन्ध मिलाए । खाना पछि उनीहरू सबैलाई पान, सुपारी दिई आदर सत्कार गरे । खाना खाएपछि जन्तिहरू यथायोग्य आ-आफ्नो ठाउँमा आराम गर्न गए । आकाशराजाका परिवारजन लग्नको प्रवन्धमा संलग्न भए ।

पद्मावती श्री निवासको कल्याण महोत्सव:

प्रातकालमा शुभ मुहूर्तको समय आई पुग्यो । वशिष्ठ महामुनि आकाशराजा र धरणी देवीलाई वोलाई श्री निवासको पाउ धुने अनुमति दिए । अनुमती पाएर आकाश राजा र धरणी देवी दुवैले क्षीर, पन्नीर, चंदन लिएर धुपदीपले श्री निवासका पाद पूजा गरे । त्यस पछि मोतीले सजाएको आसनमा वसाएर वेदमन्त्र पढेर मंगलवाजाले श्री निवासलाई कल्याण मण्डपतक



पद्मावती श्री निवासको कल्याण महोत्सव ।

लिएर आए र नवरत्न जडित कल्याण वेदीमा वसाए । वृहस्पति र व्रह्मदेव वेदमन्त्र पढ्न लागे । वशिष्ठ महामुनिका आज्ञानुसार धरणी देवीले पद्मादेवीलाई सिंगारी कल्याण वेदीमा वसाइन् । आकाशराजाले पद्मावतीको हात आफ्नो हातमा लिए र धरणी देवी सुनका करुवामा गंगाजल लिएर आइन् र उनैका हातमा पानी राखी कन्यादान गरे ।

२९. पद्मावती श्री निवासको कल्याण महोत्सवः

वशिष्ठ महामुनिले श्री निवास र पद्मावतीका हातमा औंठी कुशको वाजु लगाए र मंगलगान कपुर आरती दिए र सबैका अगाडी नै श्री निवासले पद्मावतीका घाँटीमा मंगलसूत्र लगाई दिए । व्रह्मदेव शंकर आदि वेवताहरूले पद्मावती र श्री निवासका शिरमा अक्षता चढाई आशिर्वाद दिए । सरस्वतीदेवी र पार्वतीदेवी दुवैले श्री निवास र पद्मावतीलाई मंगल आरती गरे । गन्धर्व समूहले आकाशवाट फूल वर्ष गरे । यस प्रकार श्री निवास र पद्मावतीको कल्याण वैभव भयो वकुलादेवी श्री निवासका कल्याण महोत्सव देखि आनन्दित भै श्री निवास र पद्मावतीलाई आशिर्वाद दिइन् ।

आकाशराजाले पद्मावतीलाई श्री निवासका हातमा दिए :

पद्मावती र श्री निवासको कन्यादान पछि आकाश राजा आफ्ना ज्वाई श्री निवासलाई भेटीका रुपमा वस्त्र, वैडूर्य, चौध हजार सुनका मोहर, मणिका कण्ठाहार, माणिक्य, मकर कुण्डल, सिंह ललाट, कङ्कण हिराका गहना अपरंजिद्वारा पादरक्षा खानको लागि सुनको थाल, रत्नका चद्दर, एकहजार हात्ती, दशहजार घोडा इत्यादिका साथ दासदासी पनि दिए ।

आकाश राजा आफ्नी छोरी पद्मावतीका लागि रेशमी वस्त्र, सुनका माणिक्यमय गहना, दुई हजार गाउ भेटीका रुपमा लेखिदिए । विवाहमा अतिथिलाई गौरवका साथ सत्कार गरे । पण्डित पुरोहितलाई प्रसस्त दक्षिणा दिई सन्तुष्ट वनाए । यस प्रकार पाँचदिन तक ठूलो वैभव साथ श्री निवास र पद्मावतीको विवाह भयो । आकाश राजा र धारणी देवी पद्मावतीलाई श्री निवासको हातमा राखी भने श्री निवास मैले जानेको छु तपाईं श्री हरि हुनु हुन्छ । मेरा पूर्व जन्मका प्रभावले तपाईं मेरो ज्वाई हुनु भयो । तपाईं नै सकल धर्म रक्षक हो । फेरी पनि मेरो विन्ति छ की पद्मावती नामर्द हुन ।

उनले तपाईंलाई नचिनी कुन भूलले आफ्ना साथीसंग ढुङ्गाले हिकाई । हे प्रभो तपाईं उनलाई क्षमा गर्नु हवस् । यो कुरा मनमा नलिनु होला । यही विन्तिले श्री निवासलाई संझाए आकाश राजा र धरणी देवीले पद्मावतीलाई पनि भने । छोरी हाम्रो वचनलाई ध्यानमा लिईराख । तिमी भाग्यवती हौ । तिम्रा पूण्यफलका प्रतापका प्रभावले श्री हरिले तिमीसंग विवाह गरे । तिमीले सदा उनै को सेवा वरि रहुँ । पतिदेवका वचन कहिल्यै नकाट । सावित्री अनुसूया माताहरूलाई संझि उनीहरूकै राय सल्लाह अनुसार रहुँ । यस प्रकार हाम्रो ससुरालीतर्फ अर्थात माईति तर्फको कीर्ति वढाउ । यही अनुरुप माता पिताले पद्मावतलीलाई नीति वचनले संझाए । श्री निवास सासु ससुरा संग विदा लिई पद्मावतीलाई लिई आफ्ना वाहन गरुडमा चढी हिडे । अरु अतिथिजन आ-आफ्ना वाहनमा चढी नारायणपूरमबाट रवाना भए ।

श्री निवास अगस्त्य ऋषिका आग्रहले उनैको अतिथिवने :

श्री निवास आफ्ना परिवारका साथ हिडि रहेकोमा वाटोमा अगस्त्य आश्रममा पुगे । अगस्त्य महामुनिले श्री निवासलाई आएको देखि उनीलाई स्वागत गरे र उनीले सबै अतिथिहरूको सत्कार उचीत तवरले गरे । अगस्त्यमुनिले नयाँ दम्पति श्री निवास र पद्मावतीलाई देखि भने । आर्य नयाँ दम्पति छ महिना तक पहाडमा चढ्नु निषेध छ । यो शास्त्र वचन हो । यसै कारण तपाईं छ महिना मेरो आश्रममा वसी मलाई कृतार्थ गरि दिनु हवस् । श्री निवासले अगस्त्य मुनिको वचन मानी छ महिना तक तही वस्ने निश्चय गरे । व्रह्मदेव शंकर आदि देवता श्री निवाससंग विद मागी आ-आफ्नो ठाउँमा गए । श्री निवास पद्मावतीका साथ अगस्त्य मुनिका आश्रममा वसे ।

आकाश राजाको मोक्ष प्राप्ति :

केहीं दिन पछि एकदिन नारायणपुरमबाट एकदूत अगस्त्य महामुनिका आश्रममा आए र श्री निवास पद्मावतीलाई देखी दुःखित स्वरमा भने । हे स्वामी मेरा स्वामी आकाशराजा अचानक वेरामी भए । वहाँ तपाईंहरूलाई तुरुन्त देख्न भेटन चाहनु हुन्छ । तपाईंहरू छिटो जानु हवस् । दूतको वचन सुनी श्री निवास पद्मावती वकुलादेवी र अगस्त्य मुनिलाई पनि साथै लिएर

चाडैनै नारायणपुरम तिर लागे । सबै जना राजभवन पुगे । यसै वखत आकाश राजा वेहोस भए । रानी धरणी देवी पद्मावतीलाई देखि अंकमाल गरी आत्तिई रोइन् । श्री निवास आकाशराजाको अवस्था देखि धेरै पछुताई रहे । आकाश राजाले विस्तारै विस्तारै आँखा खोली श्री निवासलाई देखि दुःखित भै भने ।

३०. अन्तिम घडिमा आकाश राजा श्री निवाससंग वातचित गर्नुः

हे गोविन्द परंधाम मेरा अन्तिम भडीमा म तिमीलाई देखि रहेको छु । म धन्य हुँ । मलाई अरु केहीं चिन्ता छैन । हे श्री निवास मेरो एउटा विन्ति छ कि मेरो छोरा वसुदान र भाइ तोडमान यी दुवै नामर्द छन् । यी दुवैलाई तपाईले रक्षा गर्नु होला आकाशराजाले पद्मावतीलाई देखि भने । छोरी तिमी

अन्तिम अवस्थामा आकाश राजा श्री निवास बाचचित गर्नु ।

सारा लोककी आमा हो । तिमीलाई पाएर म धन्य भए । आजबाट तिम्रो र मेरो ऋण अन्त भयो । यस प्रकार भनी आकाशराजाले आफ्नो पार्थिव शरीर छोडे । यो अवस्था देखि सवैजना दुःखित भए । श्री निवासले आकाशराजाको दाह संस्कारको व्यवस्था मिलाए । रानी धरणी देवीले आफ्ना पतिका साथ सहगमन गरिन सती गइन् यस अनुरुप सबै क्रिया भए पछि श्री निवास फेरी अगस्त्य भुनिको आश्रममा पुगी वाँकी दिन विताए ।

राज्याधिकारका लागि वसुदान र तोडमान दुवैमा झगडाः

अगस्त्य महामुनिका आश्रममा श्री निवास पद्मावती र वकुलादेवीका साथ वाँकी दिन खुशी साथ विताए । आकाश राजा मरेपछि वसुदान र

तोडमान दुवै आफ्नो आफ्नो राज्याधिकारका लागि आपसमा लड्न लागे। वसुदान भन्थे पिता मेरेपछि राज्याधिकार छोरा कै हुन्छ। यसै कारण यो राज्यको अधिकारी मनै हुं। तोडमान भन्छन् जेठो दाजु मरे पछि राज्याधिकार भाइलाई हुनु पर्छ। त्यस कारण यस राज्यको आधिकार मैले पाउनु पर्छ। यसै कारण दुवैमा वैरभाव वढ्न गयो दुवै आ-आफ्ना सेना एकत्रित गर्न लागे र युद्ध गर्न तयार भए। वसुदान र तोडमान दुवै श्री निवाससंग सहायता माग्नका लागि अगस्त्य महामुनिका आश्रम पुगे। श्री निवासले दुवैको स्वगत गरे, दुवैको अभिप्राय बुझ्रे श्री निवास वसुदान र तोडमानका वीचमा युद्ध रोक्न कोशिष गरे। तर दुवै मिलेनन्। अन्तमा युद्ध गर्न निश्चय भए पछि तोडमानलाई शंख, चक्र दिएर उनी वसुदानका पक्षमा गए। तोडमान शंख, चक्र लिएर युद्ध गर्न तयार भए। वसुदान श्री निवासका साथ युद्ध भूमिमा पुगे। दुवै वीच भयानक युद्ध भयो। दुवैका हजारौं सिपाही मरे। श्री निवास अकेला रथमा चढी तोडमानका छोरासंग भयंकर युद्ध गरे। उनी श्री निवासका अगाडी टिक्न सकेनन्। आखिर तोडमान श्री हरिको ध्यान गरि सुदर्शन चक्रलाई श्री निवासका उपर प्रयोग गरे। त्यही सुदर्शन श्री निवासका हृदयमा गै लाग्यो। सुदर्शनका प्रभावले श्री निवास वेहोस भए। यो खवर सुनी पद्मावती तुरुन्त रणभूमिमा गई आफ्ना पतिको सेवा गर्न लागिन्। केहीं समय पछि श्री निवास होसमा आए। पद्मावतीले श्री निवासलाई देखि भनिन्। हे स्वामी यी दुवै मेरा हुन। एक दाजु दोस्रो काका यी दुवैमा कसैको हानी भए पनि म सहन सक्तिन। यस कारण यी दुवैलाई शान्त हुन दिनुस्। राज्य दुबैलाई आधा आधा वाडेर युद्धको अन्त गरी दिनुस्। पद्मावतीको यी

रणभूमिमा वेहोस भएका श्री श्रीनिवास

वचन सुनी श्री निवासले तोडमान र वसुदानलाई संझाई राज्य आधा आधा वाडी दिए । तोडमान र वसुदान श्री निवासका वचन मानि युद्ध अन्त्ये गरि आफ्ना आफ्ना राज्य लिई आपसमा खुशी साथ राज्यको पालन गर्न लागे ।

तोडमान श्री निवासका लागि घर निर्माण गर्नु:

श्री निवास आफ्नो छ महिनाको अवधि बिताई अगस्त्य मुनिसंग विदा भई पद्मावती र वकुला मातालाई लिई अगस्त्य आश्रमबाट निस्किई शेषाचल पुगे । त्यस पछि एक शुभ दिनमा आफ्ना भक्त तोडमानलाई वोलाई भने । हे भक्त तोडमान तिमी पूर्व जन्ममा रंगदास नामका मेरा भक्त थियौ । त्यस वखत तिमी स्त्री लीलामा थियौ । त्यसै कारण यस जन्ममा राजा वन्यौ । म यो कलीयुगको अन्त्येसम्म यसै शेषाचलमा निवास गर्न चाहन्छु । वराह स्वामीजीले मलाई वस्नको लागि आफ्नै पुष्करिणीका पास जग्गा दिएका छन् । यस कारण तपाईं मलाई बस्नको लागि एक मन्दिर बनाई देउ ।

श्री निवासले भनेको सुनी तोडमानले श्री निवासको आज्ञा लिई उनैको भनाई अनुसार सुन्दर मन्दिर निमार्ण गर्न विश्वकर्मालाई वोलाए । र आलय निर्माणको प्रवन्ध गरे । भवनमा कति कोठा, मण्डप रसोईघर, गजशाला, गोशाला, अश्वशाला, सुनको कुवा, गोपुर शेषाचल पुग्न यात्रीहरूलाई सुविधा युक्त वाटो वाटोमा गोपुर मण्डप, सोपान मंडप ईत्यादि वनाए र कार्य पुरा भएपछि श्री निवासलाई बुझाए । श्री निवास सुन्दर मन्दिर देखि खुशी भै भक्तलाई समाचार पठाए । श्री निवासका समाचार लिएर व्रह्मदेव शंकर आदि देवता भूलोकको शेषाचलमा आए । एक शुभ मुहूर्तमा मुनिहरूले वेद मन्त्र पढी शुभ साइतमा श्री निवासले पद्मावतीका साथ मन्दिरमा प्रवेश गरे । र आएका अतिथिहरूलाई भोजन, तांवुल, दक्षिणा, आभरण इत्यादि वस्तु दिएर सत्कार गरे । श्री निवासका समिपमा आएर सत्कारपाई सबै आ-आफ्ना स्थान गए ।

श्री श्रीनिवासको व्रह्मोत्सव:

तोडमानले वनाएको मन्दिरमा श्री निवास प्रवेश गरे पछि व्रह्मदेवले दिएको दीव्यज्योतीलाई बालेर भने कलियुगको अन्त्येसम्म नै यो ज्योति वलिरहने छ भनि भनेर प्रणाम गरे । यस पछि व्रह्मदेव श्री निवासलाई दर्शन



लक्ष्मी पद्मावती श्रीनिवास एवं शिलारुप धारण गर्नु ।

गरी भने । हे परमात्मा मलाई खासै तपाईंको पूजा गर्ने ईच्छा छ । मेरो यो ईच्छा पूरा गर्ने अवसर दिनु हवस् । व्रह्मदेवले भनेको सुनी श्री निवासले भने हे व्रह्मदेव तपाईंको यो अभिष्ट ईच्छा म नकार्न सक्तिन । लोक कल्याणका लागि तपाईं जे गर्नु हुन्छ त्यो मेरो मञ्जुर हुने छ । व्रह्मदेवले श्री निवासका विन्तिलाई कलियुगमा जस्ले तपाईंको पूजा गर्छ त्यसलाई धन धान्य, संपद, आयु, आरोग्य पाउने आशिर्वाद दिनु हुवस् । यसैबाट मानव आफ्नो पाप कर्मबाट मुक्ति पावस । व्रह्मदेवको वचन माने । व्रह्मदेवले तोडमानलाई बोलाई भने की व्रह्मोत्सवका अवसरमा प्रयोग हुने वाहन ईत्यादि पनि बनाउनु । तोडमानले व्रह्मदेवको वचन सुनी विश्वकर्मालाई वोलाई ध्वजारोपण मोतिले जडित मंदिल सर्वभूपाल वाहन र हंसवाहन हुनुमन्त वाहन, अश्ववाहन र रथ ईत्यादि वाहनलाई विश्वकर्माले वनाएर व्रह्मदेवको हातमा राखी दिए । व्रह्मदेवले यिनै वाहनमा श्री निवासलाई राखेर तिरुमलको चारै तर्फका गल्लि गल्लीमा घुमाई उत्सव गरेर व्रह्मदेवद्वारा गरिएको उत्सवलाई नै व्रह्मोत्सव भनिन्छ । यस उत्सवमा कर्नाटक, कामोज, केरला, आन्ध्र, द्राविण, वंग, अंग, कालिङ्ग महाराष्टका राजा प्रजा हरेक वर्ष आशिवन महिनामा आई उत्सवमा सहभागि भै आफ्नो जन्मको सफलता मानिरहेछन् ।

नारदका व्रह्मले लक्ष्मी र पद्‌मावती वीच वादविवाद देखि श्री निवास शिलारुप धारण गर्नु :

कोल्हापुरममा लक्ष्मी देवी आफ्ना पति श्री हरिको नाम जपरिहेकी

थिइन् । एकदिन नारद नारायणको नाम जप्दै लक्ष्मी देवी भएका ठाउँमा पुगे । लक्ष्मी नारद आएको देखि उनलाई प्रणाम गरि भनिन् हे नारद सन्चै हुनु हुन्छ ? मेरा पतिदेवका वारेमा केहीँ जानकारी भयो ? कहि केहीँ संकेत पनि छैन । लक्ष्मी देवीको यी वचन सुनि नारद आश्चर्य प्रकट गरी भने । हे देवी तपाईंलाई पत्तो छैन । श्री हरि पद्मावतीसंग दोस्रो विवाह गरि श्री निवास नामले शेषाचलमा निवास गरेका छन् । यो अपशोचको कुरा हो तपाई हुदा हुदै तपाईंको सहमती विना नसोधी श्री हरिले दोस्रो विवाह गरे यो त ठीक होइन । नारदका कुरो सुनि लक्ष्मी देवी तुरुन्तै शेषाचल गइन् । शेषाचलमा श्री निवास पद्मावतीका साथ आसपास पहाड, जल, प्रपात, सुन्दर वन र प्रकृति सौन्दर्य हेरी आनन्द पूर्वक घुमफीर गरी आफ्ना भवनमा गए । लक्ष्मी देवी शेषाचलमा पुगी श्री निवास र पद्मावतीका प्रणय लीला देखि क्रुद्ध भै महलमा पुगिन । श्री निवास लक्ष्मी देवीलाई देखि अचेत भए । लक्ष्मी आएको देखि पद्मावती लक्ष्मीका समीप आई सोधिन तिमी को होऊ ? यस प्रकार पति पन्ती वसेको ठाउँमा आउनु ठीक होइन । यहाँ वाट गईहाल । यसै वमोजिम भने पछि पद्मावतीलाई देखि लक्ष्मी बढी रिसाई भनिन् तिमी को हौ ? मेरा पतिका साथ वसेर मलाईनै उल्टै हप्काउने । म नै हु यिनको असली पत्नी । यिनले मलाई अग्नी साक्षी राखेर विवाह गरेका हुन् । तिमी को होऊ ? यस प्रकार दुवै आपसमा दुर वचन वोल्न थाले । पारस्परिक गालि गर्नलागे । श्री निवास यी दुवैलाई केहीँ भनेन्न । यी दुवै आपसमा झगडा गरेको देखि श्री निवास आफू वसेको ठाउँबाट सात कदम पछि हटि भयंकर ध्वनि प्रकट भयो । तही शिलारुप लिए । लक्ष्मी र पद्मावती दुवैले भयंकर ध्वनि सुनी पछाडी फर्की हेरेत श्री निवासको शिला देखे । लक्ष्मी पद्मावती दुवै श्री निवासका शिलाको दायाँ बायाँ उभिई शोकाकुल भए ।

लक्ष्मी र पद्मावती दुवैलाई श्री निवासका आदेश:

शिलारुपमा श्री निवास लक्ष्मी पद्मावतीलाई देखि भने । हे लक्ष्मी यी पद्मावती तिम्रै अंशले नै पैदा भएकी हुन् । म त्रेतायुगको रामावतार कालमा रावणको घरमा माया सीता वनि अनेक कष्ट खाई ईनले तिम्रै रक्षा गरेकी थिइन् । उनै वेदवती पद्मावतीको नामले जन्म लिइन् । रावण संहार पछि सीतालाई अग्नी प्रवेश गराए । त्यसै पखत अग्नी देवले दुवै सीतालाई लिई आए र वेदवतीलाई देखाई मलाई भने हे रामचन्द्र यी वेदवतीलाई पनि

आफ्नी पत्नी वनाऊ । अग्निदेवका वचन सुनी तिमीले पनि वेदवतीलाई पत्नी स्वीकार गर्न आग्रह गरेकी थियौ । म त्रेतायुगका रामवतारमा एक पत्निव्रतमा थिए । यसै कारण वेदवतीसंग विवाह असमर्थ भई गरिन । वेदवतीलाई मैले यही वरदान दिएकी कलि युगमा म तिमीसंग अवश्य विवाह गरुला । मैले आफूले दिएको वरदान पुरा गरे । तिमीले यो नजानिकन परम भक्त पद्मावतीसंग आपसमा झगडा गर्न लाग्यौ । यस्मा कसैलाई दोष छैन । श्री निवासका यी वचन सुनि लक्ष्मी देवीले आफ्ना दिव्यदृष्टिले हेरी यी सबै कुराजानी पछुताउन लागिन् र आफ्ना पतिदेवसंग माफी मागिन र पद्मावतीलाई आलिङ्गन गरि भनिन् । वहिनी मैले नजानीकन तिमीसंग झगडा गरे यो मेरो भुल हो यस्मा क्षमा गर भनि पुन अङ्गमाल गरिन् ।

लक्ष्मी पद्मावती दुवैलाई श्री निवासका वक्षस्थलमा प्रवेश गर्नुः

हे लक्ष्मी तिमी मसंग रिसाई गए पछि म धनहीन भै रहेछु । मेरो विवाहको लागि कुवेरसंग कर्जा लिएको छु । यस्का लागि हरेक वर्ष व्याज दिनु पर्छ वचनवद्ध भै तमसुक पनि लेखि दिएको छु । मलाई यही चिन्ता छ की व्याज कसरी तिरु भन्ने । त्यसकारण मेरा भक्तहरूलाई धन देऊ म उनीहरूलाई सपनामा भनुला तिम्रो पाप कर्मबाट मोक्ष पाउनका लागी यहा आएर कपाल काटी वस्तुदान, धनदान र इच्छादान गरि मेरो दर्शन गर्नु । यही मेरो वचन हो । तिमी उसैलाई संपत्ति देऊ । मेरा भक्तहरू तिमीले दिएको संपत्तिबाट थोरै भाग मलाई भक्तिपूर्वक अर्पण गर्नेछन् । म त्यसैबाट कुवेरका व्याज तिरुला । कलियुगका अन्तमा पुरा धन तिरी हामी आफ्नै वैकुण्ठलोक जानेछौं । भृगुऋषिले हिकाई अपवित्र भएको वक्षस्थल अब पवित्र भयो । तुरुन्त तिमी यस जग्गालाई फेरी पुरा गरि देऊ । श्री निवासका कुरा सुनि लक्ष्मी देवी खुशी भै श्री निवासका छातीमा पुगिन । पद्मावती पनि श्री निवासका आज्ञानुसार उनैको वक्षस्थलमा पुगिन । श्री निवास लक्ष्मी देवीलाई देखि भने हे लक्ष्मी तिमी आफ्नो प्रत्येक्ष रुपलाई मेरो वायाँ छातीमा राखि तिम्रो अंशद्वारा पद्मसरोवरमा प्रवेश गरि सदा सर्वदा भक्तहरूलाई रक्षा गर्नु । म दिन दिनै आधारात पछि सुप्रभात यहाँ आई पुग्ने छु । र फेरी सुप्रभातका समयमा आनन्द निलय हुने छु । आफ्नो पतिका आज्ञानुसार लक्ष्मी देवी खुशी भै अलिवेलु मङ्गलापुरम्मा विश्वकर्माद्वारा निर्माण गरिइको पद्मसरोवनमा उत्पन्न भई मन्दिरमा प्रवेश गरिन र तही शिलारुप धारण गरिन ।

श्री निवासका गलामा वकुलामाता तुलसी मालावनाई रहिन:

वन विहारका लागि गएका श्री निवास पद्मावति अवेरसम्म पनि फर्कि आएनन्। वकुलादेवी आफ्नो जेठो छोरो गोविन्दराज स्वामीसंग आनन्द लिन पुगिन्। तहा पुगेपछि श्री निवासलाई शिलारुपमा देखिन वकुलादेवी यस्तो देखि धेरै दुखित भइन्। श्री निवास दुखित वकुलामातालाई देखि भने। आमा अव तपाईंको मुक्ति आई पुग्यो। म मोक्ष दिन्छु। तपाईं तुलसीको माला वनि मेरा घाँटीमा वस्नु। श्री निवासले भने पछि वकुलामाता आनन्दित भइन र तुलसीमाला वनि श्री निवासका घाँटिमा वसिन्। यसै कारण श्री निवासलाई तुलसीमा धेरै माया र प्यारो भएकोले आजसम्म पनि दैनिक तुलसी पत्तालेनै स्वामीको पूजा गरिन्छ।

३४ पद्म सरोवरमा लक्ष्मी देवीको निवास :

गोविन्द राजस्वामीले शिलारुप भएका भाइलाई देखि भने श्री निवासको धन भण्डारवाट धन निकाल्दै निकाल्दै थाके जतिधन निकाले पनि धन भण्डार घटेन। गोविन्दराज स्वामिका वचन सुनी श्री निवासले भने भाइ तिम्रो हातमा धन रेखा छ। त्यसै कारण तिम्रो हातमा कतिल्यै धन सिद्धिदैन। अब तिमी थाक्यौ। पहाडको तल तिरुपतिमा गई विश्रान्ति लिनु हवस्। श्री निवासको वचन मानि गोविन्दराज स्वामी पहाडका मुनि तिरुपतिमा पुगी तही शिलारुप धारण गरे। गोविनदराज स्वमीले वनाएको नगर पहिलेनै गोविन्दराज स्वामी नगरका नामवाट प्रशिद्ध भएको छ। कालक्रम अनुसार त्यही तिरुपति नामले प्रशिद्ध भई गयो।

पद्म सरोवरमा लक्ष्मीदेवी र श्रीनिवास

पर्वतहरूको नाम:-

श्री तिरुपति वैंकटेश्वर स्वामीले वसाएको पहाडका नाम सात प्रकारका छन् ।

१ शेषाचलम:जुन आदिशेषका रुपमा विद्यमान छ ।

२ बेदाचलम्:जस्मा वेदगणहरूको निवास छ ।

३ गरुडाचलम्:जहाँ गरुड ल्याए ।

४ वृषभाद्रिनिलय:जस्मा वृषभासुरले मोक्ष पाएका थिए ।

५ अंजनाद्रि:जहाँ अंजनी देवीले तपस्या गरी हनुमानको जन्म दिईन ।

६ आनन्दगिरी:जहाँ वायुदेव र आदिशेष दुवैले आ-आफ्नो शक्ति प्रकट गरेका थिए ।

७ वेंकटाचलम्: जहाँ पापको परिहार हुन्छ । पाप पखालिन्छ । यस प्रकार सात पहाड सात नामले प्रसिद्ध भएका छन् ।

हाथीराम वावाजीको कथा :

बाबाजी नामका एक ठूला भक्त उत्तर हिन्दूस्तानबाट तिरुमलामा आई तही एक आश्रम वनाई वसेका थिए । बाबाजी प्रत्येक दिन तीन पटक स्वामी पुष्करिणी तीर्थमा स्नान गरि श्री वेंकटेश्वरस्वामीको दर्शन गरि पछि आश्रममा पुगी वेंकटेश्वर स्वामीलाई भक्ति श्रद्धा द्वारा ध्यान गरि पुजा गर्दथे । यसै अनुरुप प्रतिदिन पूजा पाठ गरी श्री निवासको भजन गाई आफ्नो आश्रममा पासा खेल्थे । पासामा श्री निवासका तर्फ र आफ्ना तर्फ दुवै तर्फ खासै उनै खेली रहन्थे । आश्रममा यही अनुरुप भइरहन्थ्यो । यस्तो देखि वावाजीलाई झुटा भक्त पाखण्डी संझन्थे । तर वावाजी कसै तर्फ पनि ध्यान दिदैनथे । आफ्ना काम एकाग्र भै सधै गर्दथे ।

एक दिन आश्रमको वाहिर अचानक एक विचित्र घटना घट्यो । आश्रम वाहिर सुगन्धित हावा चलिरहेको थियो । त्यसतर्फ तेजोमय कान्तिद्वारा ढाकिएको थियो । वावाजी अचानक यस अवस्था देखि चकित भए । त्यही कान्तिमा एक दीव्य स्वरुपसंग साक्षात्कार भयो । वावाजीले त्यस सुन्दर मूर्तिलाई देखि तल्लिन भए र भने हे गोविन्द नारायण हरे वेंकटेश हरे श्री निवास भनी खुट्टामा पल्टीए । श्री निवास आफ्ना चरणमा परेका वावाजीलाई देखि उनलाई आफ्ना चरणबाट उठाई भने वावाजी आउनु हवस् दुवै जना पाशा खेलौं । श्री निवासको यस्तो वचन सुनी वावाजी धेरै खुशी हुनु भयो र श्री निवासलाई आश्रमका भित्र लिई जानु भयो । तहाँ मृगचर्ममा वसाली उनका दीव्य मंगल रुपलाई हेर्दा हेर्दै तल्लिन भएर आफैं वसे । श्री निवास यस्तो अवस्था देखि वावाजीसंग सोधे वावाजी पासा खेल्न आउदैन । श्री निवासको यस्तो वचन सुनि वावाजी होसमा आई श्री निवासका साथ खेल्न तयार भए । श्रीनिवास भक्त वावाजीलाई देखि खुशी भए । आखिर श्री निवास वावाजीसंग हारे । वावाजीले जीते पछि श्री निवासले भने भक्त तिमी जित्यौ जे चाहिन्छ माग वरदान दिन तयार छु । वावाजी श्री निवासका वचन सुनि प्रार्थना गरे हे परमधाम श्री निवास मलाई केहीं पनि चाहिदैन । म केवल तपाईंको विश्वरुप देख्न चाहन्छु । त्यही नै मलाई दिनु हवस् । वावाजीका

प्रार्थना स्वीकार गरि आफ्नो विश्वरुपको दर्शन दिए । वावाजीले विश्वरुप दर्शन पाई आनन्दले भक्तिपूर्वक स्तोत्र पाठ गरे र श्री निवास वावाजीलाई भने हाथीराम वावा जो कोई पनि मबाट प्रतिफलका ईच्छा विना पूजा गरोस त्यही मानिस मेरा प्रिय पात्र हुनेछ । यति भनी श्री निवास आँखाबाट गायव भै गए ।

श्री निवास दिनदिनै वावाजी कहाँ आएर पासा खेली रहन्थे । यही अनुरुप कैयौं दिन विते पछि एक दिन वावाजीसंग तास खेल्दा खेल्दै भने । हथीराम वाहिर तिमीलाई कसैले वोलाएको छ गएर हेर । वावाजीले खेल छोडी वाहिर आई हेरे कोही केहीँ थिएन चारै तर्फ हेरे केहीँ देखेनन् । वावाजी कुटी भित्र पसे तास खेल्ने ठाउँमा वालाजी थिएनन् । वालाजी कहाँ गए भनी आश्रमको चारै तिर हेरे तर श्री निवासको केहि पत्ता लागेन । यताउता खोजी वावाजी तासका अगाडी पुगे । तही श्रीनिवासको कण्ठहार देखे । वावाजी हारलाई देखि श्री निवासले भूलेर छोडीजानु भएको होला फर्कि आएपछि दिने इच्छा गरि रात भर श्री निवासको बाटो हेरी रहे । प्रातकालतक हेरे आएनन् वावाजी हार लिई श्री निवासलाई दिन मन्दिर भित्र दौडदै गए ।

मन्दिरमा श्री निवासका गलामा कण्ठाहार नभएको देखि मन्दिरका पुजारी डराई डराई मन्दिरका अधिकारीहरूले यस्तो विचार व्यक्त गरे । पुजारी र अधिकारी दुवै चारै तर्फ खोज्न हिडे तर हार पाउन सकेनन् । यसै वीच वावाजी हार लिई मन्दिर भित्र आए । वावाजीका हातमा हार देखि पुजारी वावाजीलाई चोर संभि वावाजी संग सोधे । वैरागी भएर पनि तिमीले किन चोरी गर्‍यौ ? वावाजीले आफ्ना आश्रममा दैनिक भएको सारा वृत्तान्त अधिकारीहरूलाई वताए । तर कसैले पनि विश्वास गरेनन् र भने कहाँ भगवान् कहा वैरागी । भगवान् आएर यिनीसंग तास खेल्ने कुरा संभव होला ? यो असंभवको कुरा हो । यो वैरागी चोर हो । यस्तो निर्णय गरि वावाजीलाई कृष्ण देवरायका स्थानमा चोरीको अभियोग लगाई पेश गरियो । पुजारीहरूको भनाई सुनेर कुष्ण देवरायले मनमा विचार गरे सत्ये कुरा नवुझीकन कुनै पनि भक्तलाई दण्ड दिनु हुँदैन । यस्तो विचार गरी भने । वावाजी म तपाईंको परीक्षा गर्दछु । तर त्यो परीक्षामा उत्तीर्ण हुनु भयो भने तपाईंलाई छोडी दिनेछु । होइन भने कठीन दण्ड दिने छु । यस्तो भनी देवराय वावाजीलाई एक पाताल गृहमा लगे । त्यो घरको कोठा भरी

उखु राखी भरी दिइयो र वावाजीलाई देखाई देवरायले भने यदि तिमी सच्चा भक्त होऊ भने विहानसम्ममा उखु खाई सक्नु भनी वावाजीलाई कोठा भित्र राखी ढोकामा ताल्चा लगाई चारै तिर पाले पहार राखियो । वावाजीले यो सबै देखि वालाजीसंग प्रार्थना गरी तहीँ सुते । भक्त परायण वालाजी वावाको रक्षा गर्नका निमित्त एक हात्तिका रुपमा आई भित्र भएको सबै उखु खाए ।

विहानै हात्ती गम्भिर स्वरमा गर्जे र सुँडले वावाजीलाई उठाएर आशिर्वाद दियो । हात्तिको गर्जन सुनेर सिपाहीँ चुपचाप अधिकारीहरूलाई भएका कुरा वताउन दौडेर गए । हात्ति वावाजीलाई आशिर्वाद दिई तहाँबाट निस्किई पाताल गृहको ढोकालाई आफ्ना सुँडले धक्का दिई ढोकाको पपलेटा फ्याँकी दौडी निस्क्यो । अधिकारीहरू आश्चर्य भै यो हेर्न थाले । हात्ति तहाँबाट दौडदै दौडदै विलिन भयो । जताततै खोज्दा पनि पत्ता लागेन । भक्तलाई रक्षा गर्ना निमित्त वालाजी हात्तिको रुपमा आएर सबै उखु खाई दिए । आफ्ना भक्त वावाजीलाई रक्षा गरे । वावाजी परम भक्त हुन् भनी सबैजना सराहना गर्न लागे । त्यस पछि वावाजीलाई चोर भनी हिर्काउनेहरू वावाजीको पाउमा परी उनीसंग वरावर क्षमा मागे । तर वावाजीले हात्ति तर्फ हेरी हे श्री निवास मेरो रक्षाका लागि हात्ति वनी सारा उखु खाई जानु भयो । यसै प्रकार ध्यान गरी वावाजी हात्तिराम हात्तिराम भनी पुकार्दै मन्दिर तर्फवाट दौडादै निस्किए ।

श्री कृष्ण देवराय भक्त वावाजीलाई देखेर प्रार्थना गरे की हेस्वामी तपाईं यस मन्दिरका पुजारी भई वस्नु हवस् भने । उनैका आज्ञामानी वावाजी वालाजीका मन्दिरमा पुजारी भई श्री स्वामीजीका पूजा पाठ उत्सव आदि अत्येन्त वैभवसंग निभाई थोरै समय पछि वावाजी श्री वालाजीमा नै लीन भए । वावाजीको स्मरणमा मन्दिरको दक्षिण भागमा उनैको नामबाट एक मठ वनाइएको छ । वालाजीको दर्शनका लागि जुन यात्रीहरू आउँछन् यी सबै वावाजीको पनि दर्शन गर्दछन् । हात्तिरामको मृत शरीरलाई पापनाशम जाने वाटोमा समाधि वनाई दिएको छ । आजतक यात्री वावाजीका समाधिको दर्शन गरी पूजा गर्दछन् ।

तेस्रो – भाग

तीर्थ महिमा

कलियुगमा वेंकटाचलम धेरै विस्तृत हुने छ। लगभग ३६४ तीनसय चौसट्ठी पूण्य तीर्थ द्वारा विराजित छ। जो कोही भक्तिपूर्वक यस क्षत्रमा स्नान गरि पूजा पाठ गर्नाले जो जस्को पनि पंच महापाप हट्नेछ। यी मानिस शुख भोग पाएर खुशी हुने छन्। यस विषयलाई कैयौं पुराणहरूमा वताएको छ।

१. स्वामि पुष्करिणी तीर्थ महिमा :

कैंकटाचलमा जति ३६४ तीनसय चौंसट्ठी तीर्थमा स्वामी पुष्करिणी तीर्थ सुप्रसिद्ध हो। श्री मन्नारायण आफ्नी पत्नीका साथ यसै पुष्करिणीमा स्नान गरि रहेका थिए। एक दिन चन्द्र वंशि राजा नन्द आफ्ना छोरा धर्म गुप्तलाई राज्य पट्टाभिषेक गरि उनी खास वनमा गए र तपस्या गरि रहेका थिए। केहीँ दिन पछि धर्मगुप्त शिकार खेल्नका लागि सोही जङ्गलमा पुगे।

शिकार खेल्दै खैल्दै थाके। रात परेपछि उनी आत्म रक्षाका लागि एउटा रुखमा चढी वसे। त्यसै वखत एक सिंहले भालुलाई पिछा गरि रहेको थिए। भालु डरले गर्दा आएर राजाको उही रुख मुनि वस्यो। राजा भालुलाई देखि धेरै डराए। डराई रहेका राजालाई देखि भालुले राजालाई धैर्यता दिई भन्यो। राजन् तपाईं नडराउनु हवस्। डराएर हामीमा कोही तल रुखबाट खस्ने हो भने त्यस सिंहको आहार वनिने छ। त्यस कारण तपाईं आधारातसम्म सुत्नु हवस्। आधारात पछि म सुतौंला। भालुले भने पछि राजा सुति हाले। राजा सुतेको देखेपछि सिंह भालुलाई देखेर भन्यो हे भालु तिमीले राजालाई तल झार म उनलाई खाएर फर्किजाउँला यसबाट तिमी वच्ने छौं। सिंहका यस्तो कपटी कुरा सुनेर भालुले राजालाई वचाउने निश्चय गरे। आधारात विते पछि राजा उठे र भालु सुत्यो। भालु सुते पछि सिंहले त्यही अनुरुप राजालाई यही कुरो भन्यो। म गए पछि तपाईंलाई जुन सुकै तवरबाट पनि भालुले खानेछ। राजा कपटि सिंहको कथनमा विश्वास गरि भालुलाई तल झारी दिए। तल झर्दै गरेको भालु भगवान्का कृपाले रुखको एक हाँगालाई समाति वच्यो। भालुले राजाको यस किसिमको घातक चाल देखि भन्यो। म भयंकर भालु भएर पनि दिएको वचन पुरा

गर्नका लागि तपाईंको रक्षा गरें । तर तिमीले त्यसका सट्टा मलाई हानी हुने काम गऱ्यौ । यस कारण तिमी पागल भै जाउ । राजालाई शराप दिए पछि भालुले सिंह लाई देखेर भन्यो । हे सिंह तिमी पूर्व जन्ममा भद्र नाम गरेका कुवेरका मन्त्री थियौ । गौतम महामुनिको शरापले सिंह वन्यौ । म भृगु वंशका घान्यकाष्ठ नाम गरेको व्यक्ति हुँ । तिम्रो शराप विमोचनका लागि कामरुपले भालु भएर यस प्रकारको व्यवहार गरे । भनी भालुले आफ्नो वास्तविक रुप धारण गऱ्यो । भालु आफ्नो रुप धारण गरेपछि सिंहको पनि शराप विमोचन भयो । उस्ले पनि आफ्नो पूर्व रुप लियो र यस पछि आ-आफनो गन्तव्य स्थानमा पुगे ।

राजा धर्मगुप्त शराप ग्रस्त भएका कारण पागल भए । देशदेशमा घुमिरहेका थिए । शिकारबाट नफर्किएका कारण मन्त्री वा सिपाहीहरूद्वारा राजालाई खोज तलास गरि रहेका थिए । आखिर तपस्या गरि रहेका राजा नन्दलाई यही समाचार सुनाई दिए । राजा नन्द आफ्ना छोरा धर्मगुप्तलाई खोजेर उसलाई जयमुनि महामुनिका आश्रममा ल्याई राजनन्दले आफ्ना छोराको सबै हालखवर वताए । मुनि आफ्ना दिव्य दृष्टिले जानेर नन्दसंग भने । राजा तपाइ आफ्ना छोरालाई वेंकटाचालम लगेर स्वामि पुष्कारिणीमा स्नान गराई दिनुस् । उसको शराप विमोचन हुनेछ । जैमिनि महामुनिले भनेपछि राजा नन्दले आफ्ना छोरा धर्मगुप्तलाई वेंकटाचलममा गएर पुष्करिणीमा स्नान गरे पछि धर्मगुप्तको शराप विमोचन भयो र यथापूर्व पहिला जस्तै ज्ञान आयो । राजानन्दले केहीँ हार र काफि धन श्री स्वामीलाई अर्पण गरे र धन्य भए । यस कारण स्वामि पुष्करिणीमा स्नान गर्ने व्यक्तिको सबै पाप हटि जान्छ । त्यस व्यक्ति सज्जन हुने छ ।

प्राचीन मुख्य तीर्थ :

१. पांडव तीर्थ :

कुरुक्षेत्र महासंग्राम परि समाप्त भए पछि पाण्डवहरूले आफ्नो व्रहम हत्या महापाप निवारण गर्न यसै तीर्थमा नुहाएर क्षेत्रपालको पूजा गरिसके पछि श्री निवासका दर्शन गरे । पाण्डवहरूले नुहाएकाले पाण्डव तीर्थ नाम भन्ने गरिएको यो तीर्थ मन्दिरका उत्तर तर्फ छ ।

२. सनक सनन्दन तीर्थ :

सनक सनन्दन यही तपस्या गरि मोक्ष पाए । यस तीर्थमा मंसिर महिनाको शुक्ल पक्षद्वादशीका दिन स्नान गर्नाले मोक्षा मिल्दछ । यो तीर्थ पाप विनाशक तीर्थको उत्तर पट्टी भागमा एक मील टाढा छ ।

३. कुमार धारा तीर्थ :

माघ महिनाको पूण्य दिनमा यस तीर्थमा स्नान गर्नाले सन्तान प्राप्ति होला र सबै कार्य सिद्ध होला । यो तीर्थ देवालयबाट छ माइल टाढा पर्दछ ।

४. तुम्वुरु तीर्थ :

यस तीर्थमा तुम्वुरु र नारदले तपस्या गरि मोक्ष पाएका थिए । यसै कारण यस तीर्थमा फाल्गुण शुक्ल परेवाका दिन स्नान गरे भने सबै किसिमका पाप नाश भई जान्छ । यो तीर्थ देवालयबाट दशमाईल टाढा पर्दछ । फाल्गुण शुक्ल परेवाका दिन यहाँ जान सुविधा मिल्दछ । मन्दिरका पुजारी यात्रीहरूलाई पानी तीर्थ इत्यादि दिन्छन् ।

५. नाग तीर्थ :

यस तीर्थमा स्नान गर्नाले कन्याहरूले राम्रो पति पाउँदछन् । यो तीर्थ मन्दिरबाट १ माईल टाढा पर्दछ ।

६. चक्रतीर्थ :

महाभारत युद्ध समाप्ति पछि श्री हरिको सुदर्शन चक्रलाई पञ्च महापातक लागेको थियो । यहाँ सुदर्शन चक्रलाई स्नान गराए । यहाँ स्नान गर्नाले व्रह्मह‌त्या पाप, शिशुहत्या पाप हटेर पवित्र हुन्छन् । यो तीर्थ श्री हरिका मदिरबाट २ दुई कीलो मिटर टाढा पर्दछ ।

७. जावाली तीर्थ :

यस तीर्थमा जावाली नाम गरेका महामुनिले तपस्या गरेका थिए । यहाँ स्नान गर्नाले भूत, प्रेत, पिशाच हटी जान्छन् र मनका ईच्छा पुरा होला । यही तीर्थमा हनुमानको मन्दिर पनि छ । यो मन्दिर हात्तिराम वावा मठाधिपतिको अधीनमा छ । वहीबाट हनुमानलाई नित्य नैवेद्य राखिन्छ ।

८. वालतीर्थ :

यो तीर्थ नागतीर्थबाट २ दुई सय गज टाढा छ । यहास्नान गर्नाले वूढो पनि युवक हुन्छ । सृष्टिको प्रतिकूल हुने कारण यो तीर्थलाई वन्द गरि दिएको छ र यस तीर्थको पानी देखिँदैन ।

९. वैकुण्ठ तीर्थ :

यस तीर्थमा स्नान गर्नेहरूलाई वैकुण्ठ प्राप्ती हुन्छ । यो तीर्थ मन्दिरबाट पूर्वदीशा १ किलो मिटर टाढा पर्दछ। नगरका जनता यहाँ कहिले काहीँ वैकुण्ठ समाराधना गरि रहन्छन् ।

१०. शेषतीर्थ :

यस तीर्थमा स्नान गर्ने व्यक्तिलाई दोस्रो जन्म हुनु पर्दैन । यस तीर्थमा जान धेरै कठीनाई पर्दछ । पहाड र जल प्रतापलाई पार गर्न मुस्किल हुन्छ । यहाँको विशेष यही नै छ कि आदिशेष शिला रुपमा देखिन्छ । यहाँको केहीँ विशेषता यही नै हो नाग (सर्प) हिंडी रहन्छन् । यो तीर्थ मदिरबाट दश कीलो मिटर टाढा पर्दछ ।

११. सीता तीर्थ :

यस तीर्थमा सीता देवीले लव कुशलाई मरीच पिसेर खुवाएकी थिइन् । पिस्दा घोटिएको ढुङ्गालाई आज पनि देख्न सकिन्छ । यहाँ एउटा कुवा छ कुवाको पानी वाहिर देखिदैन । एउटा लामो काठ लिएर दुलाको भित्र घुसाए पछि पानी वाहिर निस्कन्छ । यस तीर्थमा महिलाहरू भक्तिपूर्वक स्नान गरेदेखि मोक्ष पाउछन् ।

१२. युद्धगल तीर्थ :

राम चन्द्रले रावण संहार गरेपछि व्रह्महत्या जस्तो पातक निवारण गर्नका लागि यस तीर्थमा स्नान गर्नु भयो ।

१३. विरजा नदी :

यो नदी श्री निवासका पाउ मुनिबाट वग्दछ । यस नदीको माथिल्लो मागमा श्री वेंकटेश्वर स्वामीको विग्रह खडा छ । श्री स्वामीको दोस्रो प्राङ्गणका पशिचम भागमा उग्रणको अगाडीको भूमिको समतलमा पानी पाईन्छ । यो एउटा सानो कुवा जस्तो देखिन्छ । यस्को जल शिरमा छर्कनाले पनि मोक्ष प्राप्ती हुन्छ ।

१४. पद्म सरोवर :

यस सरोवरमा स्नान गर्नाले सबै किसिमका भाग्य प्राप्ति हुनेछ र भूत प्रेत पिसाच पनि टाढा हुने छन् । यो पद्मावतीका मन्दिरको नगीचै छ । तिरु पतिबाट यो सरोवर पाँच किलो मिटर टाढा पर्दछ । यो सरोवरका पानी सुवर्णमूखी नदीमा गएर मिल्दछ ।

१५. मुख्य तीर्थ :

काम रसायन तीर्थ, फाल्गुणी तीर्थ, कटाह तीर्थ, वराह तीर्थ, विश्वक्सेन तीर्थ, पंचायुध तीर्थ, व्रह्म तीर्थ, सप्त मुनि तीर्थ, देवतीर्थ । यही अनुरुपबाट अनेक तीर्थ छन् ।

तिरुपति क्षेत्रमा नै कलियुगका वैठक :

श्री मन्ननारायण वैकुण्ठलाई छोडी यो कलीयुगमा लक्ष्मी पद्मावतीका साथ यस क्षेत्रमा विराजमान छ । मानव आफ्नो पाप कर्म र अनावश्यक कामबाट वाधा पाएर उसबाट मुक्ति पाउनका लागि आ-आफ्नो ईच्छा अनुसार दान दिनमा वाधा विरोध गरि श्री निवासका सामु पुगेर आफना वाध्यतालाई निभाई रहेका छन् । यस्ता भक्तलाई सदा भगवान् नै रक्षा गरिरहेका छन् । हामीमा वसेको घमण्डलाई हटाउनका निमित्त हामीसंग कपालकाटी लिन्छन् । जाने वखत केहीँ पनि साथमा छैन भनेर दान असुल गर्दछन् । पाइला पाइलामा प्रार्थना गरि लिएर हामीहरूलाई रक्षा गर्दछन् । भक्तजन श्री वेंकटेश्वर स्वामीका दीव्य रुप देखि मोक्ष पाउछन् । त्रेता युगमा श्री रामचन्द्र र द्वापर युगमा श्री कृष्ण यस कलियुगमा श्री वेंकटेश्वरका अवतार लिई सदा सर्वदा हाम्रै रक्षा गरिरहेका छन् ।

सुत महर्षिले शौनकादि मुनिहरूलाई श्री वेंकटेश्वर स्वामी (वालाजी) को जीवन चरित्र र विशेष गरी उनका महिमालाई सुनाए । यस कहानीलाई भन्ने वाला र सुन्ने वालालाई श्री वालाजी क्षेत्र दर्शन गर्नका लागि फल मिल्नेछ । यस क्षेत्रमा दर्शन गर्दछ भने उसलाई यही अवस्था मै सुख प्राप्त हुने छ ।

विना वेंकटेश ननाथो ननाथ
सदा वेंकटेश स्मरामि स्मरामि ॥
ॐ शान्ति शान्ति शान्ति

अस्तु ।

अन्त्यमा

अन्त्यमा राग द्वेष पुर्वक चिन्तन गर्नाले मनुष्यको पतन हुन्छ । विषयका ध्यानले मानव हृदयमा आसक्ति को अंकुर उत्पन्न गरिदिन्छ, आशक्ति सबै अनर्थको जड हो । आसक्तीद्वारा बुद्धि नष्ट भएपछि मानवको विनाश भई हाल्छ । बुद्धिनाशात् प्रणश्यति भनीएको छ । गृहस्था श्रमिले गृहस्थ धर्मको पालन गरेर पनि परमात्म लाई प्रप्त गर्न सक्छ । वान प्रस्थमा प्रवेश गरेर पनि परमात्मा लाई प्रप्त गरुन सन्यास आश्रम प्रवेश गरुन । वाहिरी भित्री तवर ले निरन्तर व्रहम चिन्तन गर्दै परमात्म लाई प्रप्त गरुन ।

जड चेतन गन्थीको नाम जीव हो । मानव मा जड अंशलाई लिएर सुख भोग संग्रहको इच्छा हुन्छ । चेतनअशंलाई लिएर मुमुक्षु अर्थात भगवन प्रप्तीको इच्छा हुन्छ । भुक्ति र मुक्तिको इच्छाहरूमा भोगको इच्छा जती प्रवल भए पनि परमत्मा प्राप्तीका इच्छालाई मेटनै सक्तैन । जडताले चेतनालाई केहीं समयसम्म ढाकी रहोस् तर त्यसको अस्तित्व मेट्न सकिदैन । परमत्मा प्राप्तीको इच्छा प्रवल र उत्कृष्ट भयो भने भोगेच्छाको इच्छाको अस्तित्व लुप्त हुन्छ । भोग र त्यसको इच्छा दुवै अनित्य हुन । परमात्माप्रति प्रेम नित्य हो । परामत्मा प्प्तिको इच्छा नै भगवान्को प्रेम स्वरुप बन्न जान्छ । प्रेम भन्नु र भगवान् भन्नु एक हो । जवसम्म भोगको इच्छा हुन्छ त्यतिन्जेलसम्मलाई साधान अवस्था भन्दा छन परमात्मा प्प्तिको इच्छा मोच्छयको इच्छा प्रेमपीपासा मुख्य इच्छा बन्न पुग्छ । जव भोगेच्छ मेटिन्छ त्यसपछि नित्य प्राप्त परमात्माको प्राप्ति हुन्छ । यस प्रकार मानव सजिलैसंग आफ्नो लक्ष्या प्राप्त गर्दछ । कृत कृत्य भई प्राप्त प्राप्रव्य ज्ञात ज्ञातव्य हुन्छ । उसले गर्न लायक सबैकुरा गरि सक्यो प्राप्त गर्ने सर्म्पुण लक्ष्या पाईसक्यो जान्न योगय सवैकुरा जानीसक्यो यसैमा मानवजीवनको सार्थकता एंव सफलता मान्दछ । यहि नै मानव जीवनको विषेशता हो । श्री भगवान् वैंकटेश्वर प्रभु तथा पद्मावति माताको मुर्तिलाई काठमाण्डौ सितापाईलामा स्थापन गरीने छ । भगवान्को मुर्ति तिरुपति बालाजी इन्डिया दक्षिण भारतबाट सक्कलै मुर्ति ल्याएको वर्षदिन भन्दा बढि भैसक्यो । सो स्थापना निम्ति ठाउँ जगगको छनौट भै पर्खाल लगाउने कामसमेत भैसकेको छ । अब यथा सक्या चाँडो मुर्तिलाई स्थापना गरी त्यसको प्रतिस्ठान गर्ने तर्फ कार्य अगाडि बढाईने कुरा पनि पाठक वर्गमा निवेदन गरिन्छ । यसको स्थापना र प्रतिस्ठान सम्बन्धी विस्तृत विवरण र विषय वस्तुको प्रशस्ती । दोस्रो संस्करणमा

विस्तार गरिने कुरा पनि सविनय अनुनय विनीय पूर्वक पाठक वर्गमा जानकारी गराईन्छ ।

त्रेतायुगमा भगवान रामचन्द्र सीता लक्ष्मण सहित पिताका आज्ञालाई शिरोपण गरि १४ वर्षको वनवासका क्रममा घुम्दै फीर्दै जानेक्रममा दक्षिण भारतको दण्डकारण्य पञ्चवटी अतिरिक्त उत्तरतर्फ हिमालका विभिन्न क्षेत्रहरूको पनि ठाउँ ठाउँमा घुमफीर गरेको स्थान विशेषका अभिलेख एवं पौराणिक कहानीबाट पनि विस्तार एवं व्याख्या गरेको पाइन्छ । काठमाडौं उपत्यकाको पशिचम तर्फ रामकोट भन्ने ठाउँ ज्यादै उर्वरा भूमि र सज्जन व्यक्तिहरूको बसोबास भएको रमणिय एवं दर्शनीय ठाउँ छ, तहाँ राम, लक्ष्मण, सीता धेरै अवधिसम्म बास बसेका त्यसक्षेत्रको आसपासमा घुमफीर गरेका थिए भन्ने कुरा स्थानीय परंपरागत कहावतबाट पनि जान्न बुझ्न सकिन्छ । जस्तै सीता पाइला भन्नाले त्यस समयमा त्यस ठाउँमा ज्यादै खडेरी पर्न गई पानी नपरेका कारण सूर्यको अत्याधिक ताप बढी ढुङ्गा पनि पग्लीएको अवस्थामा सीताले टेकेको ढुङ्गामा पाइला परी सीताका पाइला चिन्हित ढुङ्गा अद्यावदी छदैछ । त्यसै चिन्हित पाइलाका कारण सीता पाइला भन्ने नामले परिचित गराउँछ ।

सीता पाइलाको पशिचम निकटमा ठाउँमा हरिसिद्धि भगवान मन्दिर छ त्यहाँ राम सीताले तपस्या एवं आराधना गरी सिद्धि पाएका हुन् भन्ने कथन आजसम्म स्थानीय बासिन्दाका परंपरागत कहानीबाट ज्ञात हुन्छ । त्यसैको पशिचम आसपासमा राम कोट भन्ने ठाउँमा राम चन्द्र धेरै समय बसेको हुँदा त्यसै अवधिदेखि रामकोट भन्दै आएको भन्ने भनाइ छ । त्यसैको पशिचम भीम ढुङ्गा भनिन्छ पञ्चपाण्डव गुप्तवासको क्रममा बसेको ठाउँहरू मध्ये त्यस ठाउँ पनि हो र त्यसैलाई भीमसेनले खेलाएको ढुङ्गालाई भीम ढुङ्गा भनिएको हो । यस्तै यस्तै विभिन्न पौराणिक कहानी बोकेको सीता पाइलाको आसपासमा श्री भगवान वेंकटेश्वरको मन्दिर स्थापना गर्ने अन्तिम प्राय निर्णय भै सकेको छ । यस सम्बन्धमा विशेष खोज मेल तथा उत्खनन् एवं अन्वेषण गरी जसरी दक्षिण भारतको चिटुर जिल्लामा रहेका श्री निवासका बारेमा सप्ताद्रीको नामबाट विश्व प्रख्यात भै सकेको छ । त्यही अनुरुप पनि यस ठाउँको ऐतिहासिक पौराणिक एवं बौद्धिक प्रमाणबाट यस ठाउँलाई विशेष खोज गरी आगामीं दोस्रो संस्करणमा विस्तार पूर्वक प्रस्तुत गरी पाठक वर्ग समक्ष भगवानका स्वरुप देखाउने प्रयत्न गर्नेछु भन्ने विचार गरेको छु ।

श्रीमते रामानुजाय नमः

श्री लक्ष्मी वेंकटेश परब्रम्हणे नमः

अस्मद देशिक म स्मदीय परमाचार्यनशेषान् गुरून्
श्री मल्लक्ष्मण योगि पूङ्गव महापूर्णौ मुनिं यामुनम् ॥
रामं पद्म मविलोचनं मुनिवर नाथं शुठ द्वेषिणम्
सनेशं श्रिय मिन्दिरा सहचर्र नारायणं संश्रये ॥

श्री वेंकटेशाष्टोत्तर शत नामावली:

ॐ वेंकटेशाय नमः	ॐ हरिचंदन गोत्रेन्द्र स्वपमिने नमः
ॐ शेषाद्रि निलयाय नमः	ॐ शंखराजन्य नेत्रान्ज विषयाय नमः
ॐ इषदृग्गोचराय नमः	ॐ वसुपरिचर त्रात्रे नमः
ॐ विष्णवे नमः	ॐ कृष्णाय नमः
ॐ सदञ्जन गिरीशाय नमः	ॐ अब्धिकन्य परिष्वक्तवक्षसे नमः
ॐ वृषद्रि पतये नमः	ॐ वेंकटाय नमः
ॐ मेरू पुत्र गिरी शाय नमः	ॐ जनकेष्ट प्रदाय नमः
ॐ सरस्स्वामित टीजुषे नमः	ॐ मार्कण्डेय माता तीर्थ जात पुण्डेय प्रदाय नमः
ॐ कुमारा कल्प सेव्याय नमः	ॐ वाक्यपति व्रह्म दात्रे नमः
ॐ वज्रिद्रविषयाय नमः	ॐ चन्द्र लावण्य दायिने नमः
ॐ सुवर्चला सुतन्य स्व सेनापत्य भराय नमः	ॐ नारायण नगेशाय नमः
ॐ रामाय नमः	ॐ व्रह्म क्लृप्तोत्सवाय नमः
ॐ पद्म नामाय नमः	ॐ शंखचक्र वरानम्र लसत्कर तलाय नमः
ॐ सदा वायुस्तुताय नमः	ॐ द्रव न्मृगमदासक्त विग्रहाय नमः
ॐ गिरि कुञ्ज विहारिणे नमः	ॐ केशवाय नमः
ॐ त्यक्त वैकुण्ठलो काय नमः	ॐ नित्ययौवन मूर्तये नमः

ॐ अर्थितार्थं प्रदात्रे नमः
ॐ विश्वतीर्था घहारिणे नमः
ॐ तीर्थ स्वामिसरस्स्नात जनामीष्ट प्रदायिने नमः
ॐ कुमार धारिका वस स्कंदामीष्ट प्रदायिने नमः
ॐ जानुदघ्न समुद्भूत पोत्रिणे नमः
ॐ कुर्म मूर्तय नमः
ॐ किन्नर द्वंद्व शापांत प्रदात्रे नमः
ॐ विमवे नमः
ॐ वैखानस मुनि श्रेष्ठ पुजिताय नमः
ॐ सिंहाचल निवासाय नमः
ॐ श्रीमन्नारायणाय नमः
ॐ सद्भक्त नीलकण्डार्च्य नृसिंहाय नमः
ॐ कुमुदाक्षगण श्रेष्ठ सेनापात्य प्रदाय नमः
ॐ दुर्मेघः प्राणहर्त्रे नमः
ॐ श्रीधराय नमः
ॐ क्षात्रियांतकरामाय नामः
ॐ मत्स्य रूपाय नमः
ॐ पांडवारि प्रहत्रे नमः
ॐ श्रीकराय नमः
ॐ उपत्यकाप्रदेशस्थ शंकरध्यकतमूर्तये नमः
ॐ रूक्माब्जसरसीकूल लक्ष्मीकृततपस्विने नमः
ॐ लसल्लक्ष्मीकराम्मोज दत्तकल्हारक स्रजे नमः
ॐ सालग्राम निवासाय नमः
ॐ शुक्रदृग्गोचराय नमः
ॐ नारायण र्थिताशेषजन दृग्विषयाय नमः
ॐ मृगया रसिकाय नमः
ॐ वृषमा सुर हारिणे नमः
ॐ अञ्जना गोत्र पतये नमः
ॐ वृषभाचल वासिने नमः
ॐ अंजना सुत दात्रे नमः
ॐ माधवीयाघ हारिणे नमः
ॐ प्रियङगुप्रिय भक्षय नमः
ॐ श्रवेत कोल वराय नमः
ॐ नील धेनु पयोधारा सेक देहोद् भवाय नमः
ॐ शंकर प्रिय मित्राय: नमः
ॐ सुधामिणी सुचैतन्य प्रदात्रे नमः
ॐ मधु घातिने नमः
ॐ कृष्णख्य विप्र वेदान्त देशिकत्व प्रदाय नमः
ॐ वराहाचल नाथाय नमः
ॐ वलभद्राय नमः
ॐ त्रि विक्रमाय नमः
ॐ महवे नमः
ॐ हृषी केशाय नमः
ॐ अच्यूताय नमः
ॐ नीलाद्रि निलायाय नमः
ॐ क्षीराब्धि नाथाय नमः
ॐ वैकुण्ठा चल वासिने नमः
ॐ मुकुन्दाय नमः
ॐ नित्याय नमः
ॐ अनन्ताय नमः
ॐ विरिच्चाभ्यर्थितानीतं सौम्य रूपाय नमः
ॐ सुवर्ण मुखरी स्नात मनुजाभीष्ट दायिने नमः
ॐ हला युघ जगतीर्थ समस्त फलदायिने नमः
ॐ गोविन्दाय नमः
ॐ श्री निवासाय नमः

श्री लक्ष्मी अष्टोत्तर नामावली

ॐ प्रकृत्यै नमः	ॐ क्षमायै नमः
ॐ विकृतयै नमः	ॐ क्षीरोद संमवायै नमः
ॐ विधायै नमः	ॐ अनुग्रह परायै नमः
ॐ सर्वमूत हित प्रदायै नमः	ॐ ऋद्धये नमः
ॐ श्रद्धायै नमः	ॐ अनघायै नमः
ॐ विभूत्यै नमः	ॐ हरिवल्लभायै नमः
ॐ सुरम्यै नमः	ॐ अशोकायै नमः
ॐ परामात्मि कायै नमः	ॐ अमृतायै नमः
ॐ वाचे नमः	ॐ दीप्तायै नमः
ॐ पद्मा लयायै नमः	ॐ लोक शोक विना शिन्यै नमः
ॐ पद्मायै नमः	ॐ धर्मनीलयायै नमः
ॐ शुचय नमः	ॐ करूणायै नमः
ॐ स्वाहयै नमः	ॐ लोक मात्रे नमः
ॐ स्वधायै नमः	ॐ पद्म प्रियायै नमः
ॐ सुधायै नमः	ॐ पद्म हस्तायै नमः
ॐ हिरण्मयर्यै नमः	ॐ पद्माक्ष्यै नमः
ॐ लक्ष्म्यै नमः	ॐ पद्मसुन्दयै नमः
ॐ नित्य पुष्टायै नमः	ॐ पद्मोदभवायै नमः
ॐ विभावर्यै नमः	ॐ पद्म मुख्यै नमः
ॐ आदित्यै नमः	ॐ पद्मनाम प्रियायै नमः
ॐ दित्यै नमः	ॐ रमायै नमः
ॐ दीप्तायै नमः	ॐ देव्य नमः
ॐ वसुधायै नमः	ॐ पद्ममालाघरायै नमः
ॐ वसु धारिण्यै नमः	ॐ पदभिन्यै नमः
ॐ कमलायै नमः	ॐ पद्मगधिन्यै नमः
ॐ कान्तायै नमः	ॐ पुण्य गंधायै नमः

ॐ सुप्रसन्नायै नमः	ॐ उदारां गायै नमः
ॐ प्रसादा भिमुख्यै नमः	ॐ हरिण्यै नमः
ॐ प्रभायै नमः	ॐ हेम मालिन्यै नमः
ॐ चन्द्र वद नायै नमः	ॐ धन धान्यकर्यै नमः
ॐ चन्द्रायै नमः	ॐ सिद्धये नमः
ॐ चन्द्र सहोदर्यै नमः	ॐ स्त्रेण सौम्यायै नमः
ॐ चतुर्भुजायै नमः	ॐ शुभ प्रदायै नमः
ॐ चन्द्र रुपायै नमः	ॐ नृप वेश्मगत नन्दायै नमः
ॐ इन्दिरायै नमः	ॐ वर लंक्ष्म्यै नमः
ॐ इन्दुशीतलायै नमः	ॐ वसु प्रदायै नमः
ॐ आल्हाद जनन्यै नमः	ॐ शुभायै नमः
ॐ पुष्टयै नमः	ॐ शुभायै नमः
ॐ शिवायै नमः	ॐ हिरण्य प्रकारायै नमः
ॐ शिवकर्यै नमः	ॐ समुन्द्र तनयायै नमः
ॐ सत्यै नमः	ॐ जयायै नमः
ॐ विमलायै नमः	ॐ मङ्गल देव्यै नमः
ॐ विश्वजनन्यै नमः	ॐ विष्णु वक्षस्थलस्थितायै नमः
ॐ तुष्टये नमः	ॐ विष्णु पत्न्यै नमः
ॐ दारिद्रय नाशिन्यै नमः	ॐ प्रसन्नाक्ष्यै नमः
ॐ प्रीति पुष्करिण्यै नमः	ॐ नारायण समाश्रितायै नमः
ॐ शांतायैनमः	ॐ दारिद्रयध्वंसिन्यै नमः
ॐ शुक्ल माल्य वरायै नमः	ॐ देव्यै नमः
ॐ श्रियै नमः	ॐ सर्वोप द्रव वारिण्यै नमः
ॐ भास्कर्यै नमः	ॐ नवदुर्गायै नमः
ॐ विल्वनिलयायै नमः	ॐ महाकाल्यै नमः
ॐ वरारोहायै नमः	ॐ व्रह्म विष्णु शिवात्मिकायै नमः
ॐ यश स्विन्यै नमः	ॐ त्रिकालज्ञानसंमन्नायै नमः
ॐ वसुंधरायै नमः	ॐ भुवनेश्वयै नमः

श्री वेंकटेश्व चतुश्लोकी सुप्रभातम्

श्री मुक्तिनाथ चरणाम्वुज वारिपूते
श्री गण्डकी पवन पावित दिव्य देशे ।
वैकुष्ठ मण्डप पुरे सततं निवासिन
श्री श्री निवास भगवांस्तव सुप्रभातम् ॥१॥

श्री गण्डकी तनय भूत हरे मुरारे
यज्ञा चले निवसनेन पवित्र कारिन ।
गोदायती श्वर यतस्व जनाछ्हारिन
श्री श्री निवास भगवं स्तव सुप्रभातम् ॥२॥

सीता चलेन परिसेवित पादपद्मम्
हयत्युन्नतैच सरलै मुकुटायिते स्मिन् ।
रम्ये वने सुभवने वसतात्सदैव
श्री श्रीनिवास भगवंस्तुव सुप्रभातम् ॥३॥

निचैश्च भक्त निवहै परिवीत भूमौ
चोद क्विशाल धवला चलशोभिते ऽत्र ।
युक्ते च चक्र सरितो चिकटे निवासिन्
श्री वेङ्कदेश भगवस्तव सुप्रभातम् ॥४॥

श्री वेंकटेश चतुश्लोकी सुप्रभातम्
समाप्त

श्री वेंकटेश्वर आरती पञ्चम्:

श्री निवास दयासिन्धो नित्य श्री दशुभाश्रयः
श्री वेंकटे जगन्नाथ मंगल तेस्तु सर्वदा ॥१॥

कमले कमला वासी कमलाक्षि दया निधे
पद्म्म पादे पद्यम करे पद्मभूते नित्य मङ्गलम् ॥२॥

गोदे गोदात्री गोविन्दे गोकुले गोधने तव
भक्तं कल्प द्रुमे भक्ते गोपालस्यास्तु मङ्गलम् ॥३॥

यतिराज दया सिन्धो यतीश यतिशेखर
त्वदीय भक्त भन्दार नित्य श्रीस्ते च मङ्गलम् ॥४॥

श्रीशादि रम्याज मातृ मध्यामांदेशिका वलिम्
भजामि शुक गोपाल यतीन्द्रन्तांशु माश्रयम् ॥५॥

आविर्भाव स्तुति पञ्चम

मेषे धनिष्ठा संभूतं यज्ञाचल निवासिनम्
पद्मा गोदासमायुक्तं वेंकटेशं नमाम्यहम् ॥१॥

नन्दाग्नि स्वाक्षब्द दिवायुते श्री
मेषे सिते याम तिथौ रवौ च ॥२॥

सिंहे सुलग्ने श्रवणात्य सद्दे
प्रादुभवन्तं हरिमाश्रयाम ॥३॥

प्रतीच्यां गण्डक्या पुलहमुनि भुर्मृत्परि सरे
हरे मुक्ति क्षेत्रे भरत मुनि संतप्त तपसि ॥४॥

महीद्रे यज्ञिये क्षिति सुर कृते दिव्य निलये
स्थितान्गोदा पद्मायति पति हरीन् नौमि सततम् ॥५॥

श्री अथ वद्धाञ्जली प्रार्थना स्तुति पद्यम्

यति गोदा पद्मा भवतु शरणं वेंङ्कटपति ।
च वोमे स्वात्मानं हयवतु सततं चेतनगति ॥

हरौ स्यान्मेचेतः सकल समयं स्वार्ति हरति ।
दया पद्मा भर्तुभवतु परि गोप्त्रीतु नितराम् ॥

सदा भक्ति र्मेस्तु हरि गुरूषु तद्भक्त ततिषु ।
नमे पापं चस्याद्धरिनत तत्र मातिषु ॥

हरे मे पद्मेष सकल जनशेषिन्तर सखे ।
दया शीघ्रं मेस्याद परममददात्री यतिपति ॥

यते हे गोदेश वन जनिलये भूमि तनये ।
सदा भोग्यो हं ते तव चरण तन्त्रोस्मि भगवन् ।

प्रसादस्ते नित्यं हयवक इह मूयाद्धित कर ॥
शरीरस्य त्राणे तवहि मम भारो नहि परम् ।

विजयी भव वेंकटनाथ हरे, निखिलाहर भव पार कर ।
यतिराज दयार्ण पालयत्वं, चरणेशरणं तब रक्षतु माम ॥

भजन

मेरो शरीर म होइन म स्वतन्त्र छैन ।
मेरो लागि म होइन मेरो कोही छैन ॥

अहङ्कारी मानव अलंकारहीन बन्छ

श्रीमदभागवत महापुराणमा बताए अनुसार व्रम्हाको आयु धेरै लामो छ । यस्ता असंख्य आयु भएका व्रम्हजीबाट रचित विश्व ब्रम्हाण्ड मान्छेलाई कहिल्यै पनि र कहि पनि कसैलाई पनि काम नलाग्ने कसैको सर्वनाश गराउने र ईश्वरलाई सबै भन्दा मन नपर्ने वस्तु के हो भनी कसै कसैले म संग प्रश्न गर्दछ भने म निसन्देह र निडर र गर्जेर उत्तर दिन्छु र उसको उत्तरको अहङ्कार ।

वैदिक सनातन धर्म नैतिक पक्षमा आधारित कर्मशास्त्र, ज्ञान शास्त्र र भक्तिशास्त्रमा लेखिएको छ, गंगास्नान गर्नु सज्जनको मान गर्नु सकेको दान गर्नु गुरूको गुणगान गर्नु, मान्य जनको आदर गर्नु, मातृपितृको सेवा गर्नु ईश्वरको ध्यान गर्नु व्रम्ह प्राप्ति गर्नु, सदा हृदयमा आनन्दित भै स्नान दान मान गुणगान ध्यान गुणगान आदिको अभिमान नगर्नु अभिमान भन्दा अर्को शत्रु केही छैन र हुँदैन पनि ।

अहङ्कार भन्नु नै घमण्ड हो मानव जीवनको डरलाग्दो र ठूलो शत्रु कोही र केही छ भने त्यो घमण्ड नै हो । यो संपत्ति, पद, मान, ज्ञान रूप र अधिकारबाट उब्जन्छ । तापनि यिनीहरू सवमा परिचालन गर्न नजान्नाले समाजमा पतन हुन पुगिन्छ । अहङ्कारले शत्रु मात्र न भै यो महारोगको पनि काम गर्दछ । विभिन्न विषयको परिचालन गर्ने परिपाटीछ । जस्तै क्यान्सर रोगको अस्पताल छ डाक्टर पाइन्छ तर यो रोगको अस्पताल छैन डाक्टर पनि छैन ।

यस रोगले छोएपछि वा लागेपछि मानिस नै मर्नु या पशुपक्षिं जुनसुकै जातजाति जतिखाए पनि उ अघाउदैन मोटाउँदैन झन् झन् दुब्लाउदै जान्छ । जति धनी भएपनि झन गरीव हुँदै जान्छ । पण्डित महाज्ञानी भएपनि झनझन मूर्ख हुँदै जान्छ । अहंकारले जस्तो सुकै ठूलो वडो र महान मानिसलाई पनि मतिभ्रष्ट गराउँछ । नराम्रो विकराल गतिमा पुऱ्याउँछ । आलो घाउमा नुनचुक खुर्सानी दले जस्तै चहऱ्याउँछ । डहराउँछ कराउँछ अहङ्कारले अरूलाई होइन आफैंलाई विस्तार विस्तार खाई रहेको हुन्छ । अन्त्यमा समाप्त नै पारिदिन्छ ।

राज्य संचालन मा कुशल ज्ञानको आवश्यकता पर्छ भने जस्तै जीवन परिचालन गर्नमा पनि गहिरो विवेक प्रसस्त विचार पुराज्ञान धैर्य संयमको धेरै खाँचो हुन्छ । वीरता मात्र नभै धीरता पनि आवश्यक छ । धीरता मात्र नभै स्थिरता पनि आवश्यक छ । अभिमान पूर्वक अधिकार प्रयोग गर्दा कर्तव्यलाई

पन्छाउन हुँदैन । अधिकार कर्तव्य मानव जीवन रूपी रथका दुई पांग्रा हुन् । जोशमा होस पुऱ्याउन नसके बुद्धिमा शुद्धि भर्न नजाने रथमा चढेर लगाम हातमा लिने सारथी नै खाडलमा जाकिन्छ । भीरवाट खस्छ । चङ्गा उडाउन जान्नेले हवाई जहाज उडाउन खोजेजस्तै हुन्छ ।

विचारणीय कुरो के छ भने लगाम समाउन जान्यो भन्दैमा घोडा चढ्न जान्ने छ भन्न र स्टेरिङ्ग समात्न जान्दैमा मोटर चलाउन सिपालु छ भन्न मिल्दैन । श्री पहिरिनेले श्रीपेचको मूल्य भन्दा वढी आफ्नो टाउकाको मूल्य छ छैन जान्नु पर्छ । संसारमा यस्ता आतङ्ककारी मानिस पनि हुन्छन् । जस्ले आश्रय दिंदा टाउकोमा टेक्छ । उपदेश दिंदा मुन्टो वटार्छ । आदर गर्दा फकाएको संभन्छ । उपकार गर्दा अस्वीकार गर्छ । विश्वास गर्दा हानि पुऱ्याउँछ । क्षमा दिंदा दुर्वल ठान्छ । माया गर्दा आघात पुऱ्याउँछ । अश्वस्थामांको आयु राम चन्द्रको जस्तो कल्याणकारी कार्य दुर्योधनको जस्तो मान, भीष्म पितामहको जस्तो पराक्रम बलरामको जस्तो वलवान, युधिष्ठीरको जस्तो सत्यावादी विदुरको जस्तो ज्ञानी मार्कण्डेय ऋषि जस्तै बुद्धिमान र विवेकशील मानिसले कहिल्यै पनि अभिमान गर्न हुँदैन । यसै प्रसङ्गमा एउटा शिष्यले आफ्नो गुरूसंग प्रश्न गरे । हामी दाल भात खाएर बाँची रहेका छौं । ईश्वर के खाएर बाँच्छन् गुरू ? गुरूले उत्तर दिए मूर्खको अहङ्कार खाएर बाँच्छन । यसबाट के बुझिन्छ भने घमण्ड ईश्वरको आहारा हो । घमण्डको बारेमा एउटा सानो कथा छ । धेरै टाढा माथि उदाउने चन्द्रमा र सूर्यले यो संसारमा म भन्दा, माथी बस्ने र म भन्दा ठूलो अर्को कोही छैन भनी निकै घमण्ड गर्दथ्यो । एक दिन कालो बादल आयो । उसको अगाडि टम्मवसी दियो । संसार नै अध्येंरो बनाए चन्द्र सूर्यको अहङ्कार नाश गरिदियो । वादल गर्जदै भन्यो म चन्द्र सूर्यभन्दा ठूलो हुँ किन भने मैले चन्द्र सूर्यलाई ढाकी दिए । यत्तिकैमा बेसरी हुरी आएर बादललाई छिन्न भिन्न पारी दियो । चन्द्र सूर्य झलझलाकार भएर देखियो । बादलको अहङ्कार हरायो । बादल भन्दा म ठूलो भनेर घमण्ड गर्न थाल्यो । घमण्ड गर्दै हावा बेसरी दौडन थालेको थियो पहरामा ठक्कर खाएर चक्नाचूर भयो । यसरी हावाभन्दा म ठूलो हुँ भनेर पर्वतले अहङ्कार गऱ्यो । यसै अवसरमा मुसाको बथानले भन्यो हामी सबै भन्दा ठूला हौं किन भने जोख्दा हलुङ्गो र हेर्दा सानो भएतापनि भित्र भित्रै खनेर हामीमा सुमेरू पर्वतलाई ढाल्ने शक्तिछ । यस कारण कसैले कसैलाई कहिल्यै पनि सानो ठानेर अहङ्कार गर्न हुँदैन । बास अग्लो भएर पनि निहुरी नजानेको हुन्छ । त्यसैले त्यो धेरै वर्षसम्म बाँचीरहन्छ । केराको बोट र मोटो भएपनि होचो भए पनि मोटो त हुन्छ तर निहुरीन जान्दैन त्यसैले त्यो छिटै

ढल्छ धेरै समय सम्म टिक्तैन । विद्वानहरू भन्छन् जसमा होस छ त्यो कहिल्यै पनि घमण्ड गर्दन । अहङ्कारी घमण्डी तथा मन परी जे मन लाग्यो त्यही गरी विघ्न गर्नेहरू जस्ता समाजका घातक अरू कुनै हुँदैन ।

आफूलाई हात्ति सम्झने अरूलाई फिष्टे चरोजतिपनि नमान्ने र आफू सुरक्षित छु भनेर अरूलाई लछार पछार पार्ने लाज नमान्ने अहङ्कारीहरू हाम्रो समाजमा नभएका र नदेखिएका होइनन् । सानो भनेर हेप्न हुँदैन । एउटा भनाई छ हुटिट्याले समुद्र सुकाउन खोजको थियो । अन्यायमा परेकी सीतालाई छुटाउनु जटायु तंसिएको थियो । भुसुनाले हात्तिलाई सताएको देखिएकै छ ।

पौराणिक कथन अनुसार ब्रम्हाका पुत्र वशिष्ठ ऋषि काक भुसुण्डिसंग सत्संग गर्न जानु भएको देखिन्छ । काक भुसुण्डिले भन्यो हे मुनिश्वर जव हिरण्याक्षले पृथ्वीलाई लिएर पाताल गयो त्यो बेला पनि मेरो वृक्ष कम्पायमान भएनन् पछि देव दानव को युद्ध भयो त्यो बेला सवै पहाड पर्वत सवै ध्वस्त भए तर पनि यो वृक्ष स्थीर नै रह्यो । क्षीर सागरलाई मन्थन गर्न विष्णु भगवानले समुद्रलाई हातले उठाउदा पनि यो वृक्षि हल्लिएन । फेरी मन्दराचल पर्वतलाई उखलेर ठूला ठूला उपद्रप्रलयले मेघ पर्वत र सूर्य थर्कदा पनि मेरो वृक्ष चलने ।

व्रम्हाका सृष्टिमा जुन कीरी सुन किरी दुवै छ । अरू किरालेरीस गऱ्यो भन्दैमा जुन किरीमा भएको वत्ति तथा जुन किरीमा झल्कने सुनको रङ्ग हराएर जादैन । अरवको घोडा जतिसुकै पाइन्दार तेजिलो र ठूलो भएपनि देवराज इन्द्रले कुदाउने गरेको सात मुखे उच्चै श्रवाको दाजोमा उक्लन सक्दैन । चितवनको हात्ति जतिसुकै मोटो भएपनि अमरावतीको कल्प वृक्षको छहारीमा बस्ने सात सुडे ऐरावत होइन । पित्तल जतिसुकै पहेलो भए पनि नम्बरी सुन बन्न सक्दैन । जतिसुकै अग्लो सिमलको रूखमा फुलेको सिमलको रूख सुगन्धित हुँदैन । सानो भए पनि चमेली फूल सुगन्धित हुन्छ । पारीजातको फूल मगमग बास्ना चल्छ काडामा फुलेको भए पनि गुलाफको फूलले सवैको मन पगाल्छ । अतः घमण्ड गर्नु नै समाजमा घातक बन्नु हो ।

अस्तु अस्तु अस्तु

Acc: 25230/25255